# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क ३२ पूर्णाङ्क ४५८ | २०८२ फागुन ४ गते सोमबार | Monday 16 Feb; 2026 | पृष्ठ ८ | मूल्य रू. १० |-


## The Revolutionary Communist Party Nepal issued a press release On the Occasion of the 31st People's War Day.

The Revolutionary Communist Party Nepal issued a press release On the Occasion of the 31st People's War Day. On this occassion the party is celebrating People's War Day by offering its heartfelt tributes to all the immortal martyrs who sacrificed their lives in the course of the Nepalese revolution, expresses heartfelt respect for the disappeared, wounded, and disabled fighters and commemorates the unparalleled sacrifice and valour shown by the people of Nepal.

The party in his press release extended its cordial greetings and Red Salute to the families of the martyrs and disappeared comrades, entire party members, supporters and well-wishers, the respected masses of the people, fraternal parties, and the international working class.

# देशैभर निर्वाचन बहिस्कार आन्दोलनसँगै ३१ औं जनयुद्ध दिवस भव्य रूपमा सम्पन्न




काठमाडौं। निर्वाचन बहिस्कार आन्दोलनमा रहेको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले देशैभर जनयुद्ध दिवस भव्य रूपमा मनाएको छ। केन्द्रीय समितिको आयोजनामा काठमाडौंको इच्छुक प्रतिस्ठानको सभाहलमा ३१ औं जनयुद्ध दिवस भव्य रूपमा सम्पन्न गरियो। जनयुद्ध दिवसलाई सम्बोधन गर्दै पार्टीका महासचिव सीपी गजुरेल गौरवले साम्राज्यवादी हस्तक्षेपका विरुद्ध लड्न जनयुद्ध अपरिहार्य हुने बताउनु भयो।

नेपालमा लामो समयदेखि विस्तारवादी र साम्राज्यवादी हस्तक्षेप हुँदै आएको चर्चा गर्दै उहाँले भारतीय विस्तारवादले अप्रत्यक्ष रूपले नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्ने गरेको भए पनि अमेरिकी साम्राज्यवादले विश्वभरि नै प्रत्यक्ष रूपले हस्तक्षेप गर्ने गरेको बताउनु भयो। उहाँले हालै भेनेजुएला, इरान लगायतका स्वतन्त्र र सार्वभौम मुलुकमाथि अमेरिकाले गरेको हमलाको चर्चा गर्दै नेपालको स्वाधीनतामाथि पनि अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादबाट हस्तक्षेपको खतरा दिनदिनै बढ्दै गएको दावी गर्नुभयो। उहाँले शक्तिशाली दुश्मनका विरुद्ध लड्न श्रमजीवी सर्वहारा जनतासँग मालेमावाद र जनयुद्ध बाहेक अर्को हतियार नभएको स्पष्ट पार्नुभयो। उहाँले जनयुद्धले मात्रै साम्राज्यवादलाई पराजित गर्न सक्ने ल्याकत राख्ने बताउनु भयो। जनयुद्धकै कारण जापनीज साम्राज्यवादलाई पराजित गर्न चीनमा माओ सफल भएको स्पष्ट पार्नुभयो।

नेपालमा १० वर्षसम्म सञ्चालित जनयुद्धको महत्व राष्ट्रिय रूपमा मात्र नभएर विश्व कम्युनिस्ट आन्दोलनमा पनि रहेको चर्चा गर्दै उहाँले प्रचण्ड र बाबुरामले गरेको गद्दारी र दिएको धोकाका कारण जनयुद्ध विसर्जन हुन पुगेको भन्दै अहिले नयाँ रूपमा जनयुद्ध जारी रहेको पनि दावी गर्नुभयो।

उहाँले भन्नुभयो, "सामरिक कार्यदिशाका लागि जनयुद्धको वैश्विक महत्व छ। जनयुद्धको छोटो अवधिमा सात डिभिजनसम्मको सेनाको निर्माण, ८० प्रतिशत भूभागमा समानन्तर जनसत्ता सञ्चालन, आधारइलाको विकास, जनकम्युन लगायतका उपलब्धिहरूको संस्थागत विकास गर्ने गरी वार्ता गर्नुपर्नेमा प्रचण्ड बाबुराम आफै जनयुद्धका ती महान उपलब्धि ध्वस्त पार्नेतिर लागे। त्यसैका विरुद्ध हामीले विद्रोह गर्‍यौं। टुट, फुट, विभाजनका विभिन्न श्रृङ्खला हुँदै पुनः क्रान्तिकारी कम्युनिस्टहरूबिच एकताको प्रक्रियाबाट अगाडि बढिरहेका छौं। र, जनयुद्धका सकार र नकार पक्षबाट शिक्षा लिँदै नयाँ ढंगले जनयुद्ध जारी राखेका छौं।"

माओले भनेझै विचार र राजनीतिक लाइन सही वा गलत हुनुले सबै कुराको निर्धारण गर्ने कुरा नेपालमा सञ्चालित जनयुद्धले राम्रोसँग चरितार्थ गरेको बताउनु हुँदै भन्नुभयो, "जनयुद्ध सुरु गर्दा पार्टी पनि सानै थियो। दुईवटा थोत्रा भरुवा बन्दुक मात्रै थिए। त्यही हतियारको बलमा जनयुद्ध सुरु गरिएको हो। कतिपयले भारतले हतियार र तालिम दिएर नेपालमा जनयुद्ध गरेको भनेर दुष्प्रचार पनि गर्ने गरेका छन्। त्यो सरासर झुठ हो। वास्तवमा जनयुद्ध नेपाली जनताले न्याय, मुक्ति र समानताका लागि गरेको जनयुद्ध हो। जनयुद्धले छोटै समयमा राष्ट्रिय अन्तराष्ट्रिय चर्चा र बाँकी ७ पेजमा

### अखिल नेपाल आदिवासी जनजाति महासंघको राष्ट्रिय भेलाले पारित गरेका ११ बुँदे समसामयिक प्रस्तावहरु



बुटवल। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल निकट अखिल नेपाल आदिवासी जनजाति महासंघको राष्ट्रिय भेलाले ११ बुँदे समसामयिक प्रस्तावहरू पारित गरेको छ। पारित प्रस्तावहरूमा अमेरिकी साम्राज्यवादको कब्जामा रहेका भेनेजुएलाका राष्ट्रपति मदुरो दम्पत्तिको रिहाइदेखि भारतसँग गरिएका सन् पचासका सन्धि लगायत सममान सन्धि सम्झौताहरू खारेजीसम्म रहेका छन्।

***यस्ता छन् ११ बुँदे समसामियक प्रस्तावहरू***

१. अमेरिकी साम्राज्यवादद्वारा विश्वकै सबैभन्दा ठुलो पेट्रोलियम पदार्थको भण्डार भएको एक स्वतन्त्र तथा सार्वभौम राष्ट्र भेनेजुलामाथि आक्रमण गरी त्यहाँका राष्ट्रपति मदुरो र उनकी श्रीमतीलाई अपहरण गरेर लागू पदार्थ र हतियारको तस्करीकोमिथ्याआरोपमान्युयोर्कमा लगेर मुद्दा चलाइएको छ। हाम्रो महासंघ यसको बाँकी ७ पेजमा

# आदिवासी जनजाति महासंघले फागुन २१ को चुनाव बहिस्कार गरी स्वाधीन संयुक्त सरकार निर्माणका लागि संघर्ष गर्ने





काठमाडौं। अखिल नेपाल आदिवासी जनजाति महासंघको माघ २५ र २६ मा रूपन्देही जिल्लाको बुटवल नगरमा भव्यतापूर्वक सम्पन्न भएको राष्ट्रिय भेलाले फागुन २१ को चुनाव बहिस्कार गरी स्वाधीन संयुक्त सरकार निर्माणका लागि संघर्ष गर्ने लगायतका महत्वपूर्ण निर्णय गरेको छ। भेलाले पारित गरेका महत्वपूर्ण निर्णयहरूको सार्वजनिक जानकारीको लागि संयोजक पवनमान श्रेष्ठले माघ २७ मा जारी गरेको प्रेस वक्तव्यमा उल्लेख गरिएको छ।

वक्तव्यमा भनिएको छ, 'राष्ट्रिय परिस्थितिमा दलाल तथा नोकरशाही पूँजीवाद र सामन्तवादसँग नेपाली जनताको अन्तरविरोध आन्तरिक रूपमा प्रधान अन्तरविरोध रहेको। देश मुलतः नवऔपनिवेशिक अवस्थामा रहेको। साम्राज्यवादी कठपुतली सरकारद्वारा आयोजित फागुण २१ गतेको चुनाव बहिष्कार गरी स्वाधीन संयुक्त सरकार निर्माणका लागि संघर्ष गर्ने।"

पाँच बुँदे वक्तव्यमा भनिएको छ, "१. "विदेशी कठपुतली सरकारको विकल्पमा स्वाधीन संयुक्त सरकार निर्माण गर्न संघर्ष गरौं ! आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृति र पहिचानसहित संघीयताको लागि संघर्ष गरौं !! अखिल नेपाल आदिवासी जनजाति महासंघको राष्ट्रिय भेला भव्य रूपमा सफल पारौं !!!" शीर्षकको मूल नारासहितको राष्ट्रिय भेलाको उद्घाटन प्रमुख अतिथी आदिवासी जनजाति नेता तथा क्रान्तिकारी कम्युनिस्ट पार्टीका स्थायी समिति सदस्य बाँकी ७ पेजमा

## रास्वपा उम्मेदवार बिक्रम खनाललाई निर्वाचन बहिष्कारको पर्चा !

नवलपरासी। निबर्तमान नेपाली काँग्रेसका नेता तथा हालका रास्वपा उम्मेदवार बिक्रम खनाललाई 'साम्राज्यवादद्वारा प्रायोजित संसदीय निर्वाचनबाट देशको रास्ट्रिय स्वाधीनता रक्षा हुदैन' निर्वाचनको सशक्त बहिष्कार नै आजको अपरिहार्य आवश्यकता हो' भन्ने अपिल सहित बहिष्कारको पर्चा दिइएको छ। आइतबार नवलपरासीको बर्दघाट -४ शान्तिनगर चोकमा मत माग्न हिडेको खनालको टोली र निर्वाचन बहिष्कार पक्षधर सङ्ग जम्का भेट भएको थियो।



क्राकपा नेपालका बैकल्पिक केन्द्रीय सदस्य एवं नवलपरासी जिल्ला सेक्रेटरी तथा चार पार्टी सम्मीलित संयुक्त संघर्ष समिति जिल्ला संयोजक रवि पाण्डेयको अगुवाईमा क्रान्तिकारी युवा संघ नेपालका केन्द्रीय सदस्य राजेन्द्र न्यौपानेलगायतका नेता कार्यकर्ताले मत माग्दै हिडेका खनाललाई बहिष्कारको अपिल थमाएका हुन। "तपाईं काङ्ग्रेसमा लामो समय काम गर्नु भो त्यहाँ अन्याय भयो होला भन्ने ब्यक्तिगत रूपमा सहानुभूति राख्न सकिन्छ तर संसदीय निर्वाचन अहिलेको बिकल्प होइन सशक्त बहिष्कार नै गर्नु आजको अपरिहार्यता हो" युवा नेता पाण्डेयको भनाइ उदृत गर्दै न्यौपानेले भने" साम्राज्यवादद्वारा प्रायोजित निर्वाचनको सशक्त बहिष्कार नै परिस्थितिको सही बिकल्प हो"। बाँकी ७ पेजमा

## चुनावको मुखमा किन आए अमेरिकाको इन्डो–प्यासिफिक कमाण्डका कमाण्डर ?



काठमाडौं। परराष्ट्र मन्त्रालय र नेपाली सेनाको हेडक्वार्टर स्रोतका अनुसार हिजो (फरबरी १२)मा नेपाल आइपुगेका अमेरिकाको इन्डो प्यासिफिक कमाण्डका कमाण्डर एडमिरल शमूयल पापारोले परराष्ट्रमन्त्री बालानन्द शर्मा र नेपाली सेनाका प्रमुख अशोकराज सिंग्देलसँग बाँकी ४ पेजमा

## महान् जनयुद्धको सम्झनामा

"हामी विस्मयबोधक स्वरमा भन्दछौं : क्रान्तिको मृत्यु भएको छ ! - क्रान्ति जिन्दावाद !"- कार्ल मार्क्स, 'फ्रान्समा वर्ग संघर्ष' जनवरीदेखि नोभेम्वर १ सम्म, प्रगति प्रकाशन मास्कोद्वारा १९७८ मा प्रकाशित मार्क्स एंगेल्स, संकलित रचनाहरूको अंग्रेजी संस्करण, ग्रन्थ १०, पृ. ७०।

कम्युनिस्ट घोषणापत्रको प्रकाशन भएको केही दिनपछि १८४८ मा शुरु भएको फ्रान्सेली वर्गसंघर्षलाई सफल बनाउन मार्क्स र एङ्गेल्स दुवैले भव्य मेहनत गर्नुभएको थियो। तर त्यो १८५० मा असफल भयो। मार्क्सले फ्रान्समा वर्गसंघर्ष लेखेर त्यस ऐतिहासिक परिघटनाको विश्लेषण गर्दै माथि उदृत संश्लेषण गर्नुभयो। यसले मलाई १० बर्षीय महान जनयुद्धको स्मरण गराएको छ। मलाई पनि भन्न मन लागेको छ : जनयुद्धको हत्या गरिएको छ !- जनयुद्ध जिन्दावाद !

मैले यतिबेला वि.सं. २०४५ देखि २०५२ सम्म जनयुद्ध तयारीका दिनहरू सम्झिरहेको छु। माओवाद र माओविचारधारा, जनयुद्ध र सशस्त्र जनविद्रोह, गाउँबाट शुरु गर्ने कि शहरबाट, पार्टी भूमिगत राख्ने वा खुला इत्यादि। विचारधारात्मक क्षेत्रका बहसहरूले हामी आवेग र गाम्भिर्यता, सीघ्र विजय र दीर्घ विजय, क्रान्तिकारी परिस्थिति तयार भएको छ या भएको छैन जस्ता उथलपुथलबाट गुज्रिरहेका थियौं। वि.सं. २०४५/४६ को जनाआन्दोलन र "वाम", काङ्र राजाबीचको सम्झौताले क्रान्तिकारी कम्युनिस्टहरूमाझ एकताको लागि वातावरण तयार पारिदियो। २०४७ मा प्रचण्ड नेतृत्वको नेकपा (मशाल), निर्मल लामा नेतृत्वको नेकपा (चौम) रूपलाल विश्वकर्मा नेतृत्वको सर्वहारावादी श्रमीक संगठन, मोहनविक्रम नेतृत्वको नेकपा(मसाल)बाट विद्रोह गरी बनेको हरिबोल नेतृत्वको विद्रोही मसाल र स्थानीय स्तरमा रामनारायण विडारी नेतृत्वको नेकपा (जनमुखी)बीच एकता बाँकी ४ पेजमा



● हेमन्तप्रकाश ओली ●

## सम्पादकीय

# चीन र कम्युनिस्टका विरूद्ध नेपालीभूमिमा अमेरिकी डिजाइन

अहिले प्रत्यक्ष परोक्ष रूपमा नेपालमा अमेरिकाले नेपालका कम्युनिस्ट र नेपालको छिमेकी राष्ट्र चीनका विरुद्ध भयानक षड्यन्त्र र खतरनाका डिजाइन गरिरहेको छ। नेपाललाई संयुक्त राज्य अमेरिकाको इन्डो-प्यासिफिक सैन्य रणनीतिको साझेदार राष्ट्रको रूपमा एसपीपी सम्झौतामा आबद्ध गराउन अमेरिकाले पटक पटक दबाब दिइरहेको छ। र, पछिल्लो पटक (फरबरी १२-१४)को इन्डो प्यासिफिक कमाण्डका कमाण्डर एड्मिरल सामुयल पापारोको भ्रमणलाई यसै रूपमा हेरिएको छ। त्यसमाथि पनि चुनावी परिणाम आफ्ना समर्थक राजनीतिक पार्टी र व्यक्तिहरूको पक्षमा पार्न उनले चुनावको मुखमा भ्रमण गरेको स्रोतको दावी छ। उनी सैन्य चार्टर विमानबाट ३२ सदस्यीय उच्चस्तरीय भ्रमण टोलीको नेतृत्व गर्दै आएका थिए। संयुक्त राज्य अमेरिकाको संयुक्त राज्य अमेरिकाको इन्डो-प्यासिफिक कमाण्डका कमाण्डर एड्मिरल सामुयल पापारो २७ औं इन्डो-प्यासिफिक कमाण्डर हुन्। उनी सन् २०२४ मे देखि इन्डो-प्यासिफिकको जिम्मेवारीमा छन्। चार-तारे एड्मिरल पापारो अमेरिकी नौसेनाका अनुभवी नेभल एभिएटर हुन्। उनले इन्डो-प्यासिफिक–अमेरिकाको सबैभन्दा ठूलो र रणनीतिक रूपमा संवेदनशील सैन्य क्षेत्र–भरिका अमेरिकी सैन्य अपरेसनको समन्वय र निर्देशन गर्छन्। यसअघि पनि २०२२ र २०२४ मा पनि इन्डो प्यासिफिक कमाण्डका कमाण्डरले भ्रमण गरेका थिए।

कमाण्डर एडमिरल शमूयल पापारोले परराष्ट्रमन्त्री बालानन्द शर्मा र नेपाली सेनाका प्रमुख अशोकराज सिग्देलसँग भेटघाट गरे। र, अन्य को कोसँग भेट गरे भन्ने विषयलाई गोप्य राखिएको छ। जेनजी विद्रोहपछि नेपाल शक्तिराष्ट्रहरूको भूराजनीतिक स्वार्थको भूमरीमा जाकिन पुगेको छ। नेपालमा एमसीसी पास भएपछि अमेरिकाले नेपालमा वैधानिक रूपमा आफ्नै कमाण्डबाट चल्ने संरचना खडा गरिसकेको छ र सोही संरचना अनुसारको राजनीतिक एजेन्सी नेपालमा निर्माण गर्न खोजिरहेको छ। ट्रान्समिसन लाइन बनाएर दक्षिण एशियामा विद्युत व्यापार गर्ने कम्पनी खडा गर्न सफल भएको अमेरिकाले नेपालमा त्यसको सुरक्षार्थ भन्दै वैधानिक रूपमा एसपीपी सम्झौता गराएर नेपालमा आफ्नो सेना ल्याउन गरिरहेको प्रयास कसैबाट लुकेको छैन। अमेरिकाले नेपालका दुवै छिमेकीलाई नेपालको भूमिमा बलियो उपस्थिति जनाएर उनीहरूको प्रभाव नियन्त्रण गर्न खोजिरहेको छ। त्यतिमात्र होइन आफ्नो साम्राज्यवादी अभिष्ट पूरा गर्न नेपालको भूमि, यहाँको प्राकृतिक तथा मानवीय सम्पदामाथि नियन्त्रण कायम गर्ने पनि रणनीति अख्तियार गरेको छ।

अमेरिकी सेनाको मुख्य चासो भनेको एसपीपी सम्झौतालाई राजनीतिक तथा कानूनी रूपले वैधानिकता दिने हो। अमेरिकाले नेपाललाई एसपीपीको 'डोरम्यान्ट रिलेसनसिप'को अवस्थामा राखेको छ। अब बन्ने नयाँ सरकारबाट औपचारिक रूपमा इन्डोप्यासिफिक सैन्य रणनीतिक अन्तर्गतको साझेदार राष्ट्र बनाउन उसले प्रयास गरिरहेको छ। हालसम्म अमेरिकाले एसपीपी कार्यक्रम अन्तर्गत नै नेपाली सेनालाई पाँचवटा स्काई ट्रक दिएको छ र बर्षमा फरक फरक नामका तीन-चारवटासम्म संयुक्त तालिमहरू सञ्चालन गर्दै आएको छ।

अमेरिकाको दक्षिण एसियाली मामिलाका लागि सहायक विदेशमन्त्रीको रूपमा मनोनित गरिएका कपुरले हालै नेपालको बारेमा सार्वजनिक अभिव्यक्ति दिएका छन् र स्पष्ट रूपमा भनेका छन्- दक्षिण एसियामा कुनै पनि एकल शक्तिको प्रभुत्व रोक्नु अमेरिकी मुख्य उद्देश्य हो।

कपुरको यो भनाइबाट पनि स्पष्ट हुन्छ कि आगामी दिनमा चीनविरोधी दलाई लामाका अनुयायीहरूको गतिविधिलाई अझ बढवा दिने देखिएको छ। निर्वाचन परिणाम आफ्नो पक्षमा नआए देशैभर भोलेन्टियर फोर्समार्फत् आन्दोलन गर्ने धम्की हामी नेपालका संयोजक सुदन गुरुङले दिँदै आएका छन्। चुनावलाई नै प्रभावित तुल्याउने गरी नेपालस्थित अमेरिकी दूताबासले पनि यही बेला 'कन्टेन्ट क्रियटर मेला-२०२६' भनेर देशैभर अभियान सञ्चालन गरेको छ। यो अभियान समापन भए लगत्तै अमेरिकी दूतावास नेपालले औपचारिक रूपमा फ्रिडम २५० अभियान सुरु गरेको छ। अहिले अमेरिकाले पब्लिक डिप्लोमेसीसँग जोडिएका सम्पूर्ण गतिविधिलाई सक्रिय तुल्याएको छ। निर्वाचनको सुपरीवेक्षणका लागि पनि दुईवटा अमेरिकी संस्थाहरू (कार्टर सेन्टर र आइआरआई)ले काम गरिरहेका छन्। अर्कोतिर अमेरिका निकट विभिन्न आइएनजिओमा काम गर्नेहरूले (विभिन्न मानवअधिकारवादी संस्थाहरू, विशेषगरी तिब्बतीयन शरणार्थीहरूको पक्षमा काम गर्ने संस्थाहरूले) निर्वाचन सर्वेक्षणमा निम्ति सक्रियता देखाइरहेका छन्। आइटी क्षेत्रमा काम गर्नेहरूले पनि मतदाताहरूलाई प्रभावित तुल्याउन अनेक रणनीतिहरू अख्तियार गरिरहेको स्रोतको दावी छ। यी साम्राज्यवादी षड्यन्त्रका विरुद्ध सच्चा देशभक्त, कम्युनिस्ट क्रान्तिकारी शक्तिहरू एकताबद्ध भएर अगाडि बढ्न जरुरी छ। र, नेपालको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षाका निम्ति साम्राज्यवादी हस्तक्षेपको सशक्त प्रतिरोधका साथ अगाडि बढ्न जरुरी छ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्नै र पढ्ने गरौं।

www.moolbato.com


# आगामी निर्वाचनका सन्दर्भमा उठेका अनेक प्रश्नहरु



● डा. केशव देवकोटा ●

**आगामी फागुन २१ मा निर्वाचन भएपनि त्यसले देशको शासन ब्यवस्थामा कुनै तात्विक परिवर्तन ल्याउन सक्ने देखिएको छैन । त्यसैगरी आगामी निर्वाचनको वैधानिकता र प्रक्रियासम्बन्धी प्रश्न गंभिररूपमा उठेको छ । मतदाता नामावलीको शुद्धता, मतदान केन्द्रको व्यवस्थापन, मतगणनाको पारदर्शिता, मतपत्रको सुरक्षा लगायतका धेरै प्रश्नहरू उठेका छन् । त्यसैगरी उम्मेदवारहरूको योग्यता र नागरिकतालगायतका विवादहरू पनि रहेका छन् । निर्वाचनमा कतिपय उम्मेदवारको नागरिकता, अयोग्यता वा पदका लागि आवश्यक कानूनी मापदण्ड पूरानगरेको भन्ने विषय पनि उठेको छ । यतो अवस्थामा आगामी फागुन २१ पछि निर्वाचन सम्बन्धी मुद्दाहरू अदालतसम्म पुग्ने अवस्था रहेको छ ।**

नेपालमा आगामी फागुन २१ गते हुने भनिएको निर्वाचनको मिति जति नजिकिँदै जाँदो छ, त्यति नै सो निर्वाचनको बिषयलाई लिएर अनेक प्रश्नहरू उठेका छन्। तर त्यसको चित्तबुझ्दो जवाफ र समाधान दिने कुनै पनि पक्ष देखिएको छैन। धेरैमा निर्धारित मिति मै निर्वाचन हुन्छ र ? भन्ने आशंका अझै कायम रहेको देखिएको छ। यसअघि नै बिभिन्न चरणमा निर्वाचन गराउने प्रशंग समेत उठेका थिए भने हालसम्म पनि कतिपय पार्टी र शक्तिले निर्वाचनको मिति सार्नुपर्छ भन्ने आवाज उठाएको देखिएको छ। गत भदौ २३ र २४ मा भएको बिध्वंशपछि संसदको बर्षे अधिवेशन जारी रहेकै अवस्थामा संसद बाहिरबाट प्रधानमन्त्रि नियुक्तगरी त्यसरी नियुक्त अनिर्वाचित प्रधानमन्त्रिको एकल सिफारिसमा निर्वाचित भनिएको संसद बिघटन गरेर नयाँ निर्वाचनको घोषणा गरिएका कारणले पनि यो निर्वाचनको औचित्य र आवश्यकताका बारेमा प्रश्नहरू उठेका हुन्। त्यसमा पनि ०७२ को संविधानले ब्यवस्था गरेको सर्बोच्च अदालतका पूर्ब प्रधान न्यायाधिशलाई मानव अधिकार आयोग बाहेक अन्यत्र कुनैपनि पदमा नियुक्तगर्नु नहुने प्रावधान र संसदले बैकल्पिक सरकार गठनगर्न सक्ने अवस्था रहेसम्म संसद बिघटनगरी नयाँ निर्वाचन घोषणा गर्न/गराउन नपाइने सर्बोच्च अदालतकै ०७८ को फैसला बिरुद्ध गत भदौ २७ को घोषणा भएकाले त्यसबारे पनि गंभिर प्रश्नहरू उठिरहेका छन्। त्यसैगरी गत भदौ २७ गते संसद बिघटन गर्नेगरी भएको राष्ट्रपतिको घोषणा बिरुद्ध सर्बोच्च अदालतका १७ वटा भन्दा बढी रिट परेको करिव पाँच महिना भएको छ। कुनै पनि निर्णयका बारेमा कानूनी र संवैधानिक गंभिर प्रश्न उठेपछि त्यसको निरूपण नगरी अगाडि बढ्नु नहुनेमा त्यसप्रति पनि बेवास्ता गरिएको छ। जसले अदालतको गरिमासमेत कमजोर बनाउने काम गरेको छ। गत भदौ २३ र २४ मा भएकोजस्तै बिध्वंश करिव चारर्ष अघि श्रीलंका र डेडबर्ष अघि बंगलादेशमा घटेको थियो। ति मुलुकमा हाल निर्वाचन भएर संसद र सरकार बने पनि खासै तात्विक अन्तर देखिएको छैन। श्रीलंकामा ०७९ सालमा उच्च कर, मुद्रास्फीति र सरकारी दमनको विरोधमा सयौं मानिसहरू कोलोम्बोमा विरोध प्रदर्शनमा उत्रिएका थिए। विपक्षी राजनीतिक दलहरू, ट्रेड यूनियन र नागरिक समाज समूहले आयोजना गरेको भनिएको सरकार विरोधी र्‍याली राष्ट्रपतिको आवास र मन्त्रालयमा पुगेको थियो। उक्त विद्रोहका कारण श्रीलंकाका तत्कालीन राष्ट्रपति गोटाबाया राजपाक्ष र प्रधानमन्त्री रणिल विक्रमासिंघे आफ्नो निवासै छोडेर भाग्नुपरेको थियो।

राष्ट्रपति र प्रधानमन्त्री भवन जनताले पूर्णरूपमा कब्जा गरेका थिए। जहाँ लुटपाटहरू पनि भए। कलह बढ्दै जाँदा उनीहरू देशै छाडेर भाग्नुपर्ने अवस्था सिर्जना भएको थियो। पछि निर्वाचन भएर नयाँ संसद र सरकार गठन भए पनि नीतिगतरूपमा कुनै परिवर्तन हुनसकेको छैन। त्यसैगरी करिव डेडबर्ष अघि बंगलादेशमा श्रीलंकाको घटना दोहोरिएको थियो। त्यहाँ पनि राष्ट्रपति र प्रधानमन्त्रिको निवास तथा कार्यालय कब्जा गरेर उनीहरूलाई भाग्न बाध्य पारिएको थियो। त्यहाँ सरकारी कारवाहीमा १४०० जना मारिएका थिए। धेरैजसोको मृत्यु सरकारी सुरक्षा कारवाहीमै भएको थियो। आन्दोलन बढ्दैजाँदा तत्कालीन प्रधानमन्त्रि शेख हसिनाले देश छोडेर भारतमा शरण लिनुपरेको थियो। गत साता बिहीबार बंगलादेशमा भएको निर्वाचनको अधिकांश परिणाम बाहिर आएको छ। बिएनपी नेतृत्वको गठबन्धनले २१२ सिट जितेको छभने जमात नेतृत्वको गठबन्धनले ७७ सिटमा विजय हाशिल गरेको छ। अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिनाको पार्टीमाथि प्रतिबन्ध लगाइए पनि उहाँका समर्थकहरूलेसमेत उल्लेख्यरूपमा स्वतन्त्र उम्मेदवारी दिएर बिजय हाँशिल गरेका छन्। त्यहाँ पनि कुनै तात्विक राजनीतिक परिवर्तन हुने कुनै संभावना देखिएको छैन। नेपालमा गत भदौ २३ र २४ गते मुख्यत तत्कालीन सरकारद्वारा रोकलगाइएका सामाजिक सञ्जालको पुनः सञ्चालन र भ्रष्टाचारी माथि कारवाहीगर्न छानविन आयोग गठन हुनुपर्ने माग अगाडि सारेर देशभर बिध्वंश मच्चाइएको थियो। त्यतिबेला सामाजिक सञ्जाल खुल्ला गरिएपनि यतिबेला फेरी सरकारी सेन्सरमा परेका छन्भने भ्रष्टाचारको छानविनगर्न हालसम्म कुनै आयोग बन्न सकेको छैन। बरु त्यतिबेला ध्वंश गरिएका सरकारी तथा निजी संरचना निर्माणका नाममा भ्रष्टाचार बढेर गएको देखिएको छ। कसैको शक्ति प्रदर्शन र केवल सरकार परिवर्तनका लागि गरिएको सो बिध्वशले नेपाल र नेपालीलाई थप पछाडि धकेल्ने बाहेक अरु केही पनि भैरहेको छैन।

आगामी फागुन २१ मा निर्वाचन भएपनि त्यसले देशको शासन ब्यवस्थामा कुनै तात्विक परिवर्तन ल्याउन सक्ने देखिएको छैन। त्यसैगरी आगामी निर्वाचनको वैधानिकता र प्रक्रियासम्बन्धी प्रश्न गंभिररूपमा उठेको छ। मतदाता नामावलीको शुद्धता, मतदान केन्द्रको व्यवस्थापन, मतगणनाको पारदर्शिता, मतपत्रको सुरक्षा लगायतका धेरै प्रश्नहरू उठेका छन्। त्यसैगरी उम्मेदवारहरूको योग्यता र नागरिकतालगायतका विवादहरू पनि रहेका छन्। निर्वाचनमा कतिपय उम्मेदवारको नागरिकता, अयोग्यता वा पदका लागि आवश्यक कानूनी मापदण्ड पूरानगरेको भन्ने विषय पनि उठेको छ। यतो अवस्थामा आगामी फागुन २१ पछि निर्वाचन सम्बन्धी मुद्धाहरू अदालतसम्म पुग्ने अवस्था रहेको छ। आगामी निर्वाचनमा सहभागी हुने तयारीमा रहेका नेपाली कांग्रेस, एमाले, नेपाली कम्युनिष्ट पार्टी, रास्वपा र राप्रपा लगायतले सरकार र निर्वाचन आयोगले निर्धारण गरेका चुनावी आचारसंहिता उल्लंघन गरेका, मतदातालाई अनुचित प्रभाव पार्ने प्रयास गरेका र राज्य संयन्त्रको दुरूपयोग भएका अनेक विषय आरोप-प्रत्यारोप बढ्दै गएको देखिएको छ। सामाजिक सञ्जालमार्फत एक अर्काबीचको दुष्प्रचार बढ्दो छ। चुनावी खर्चको सीमा नाघेका आरोपहरू पनि बाहिर आउन थालेका छन्। जसका लागि निर्वाचन आयोगले चेतावनी दिने वा स्पष्टीकरण माग्ने कार्य जारी छ। कतिपय सहकारी ठगी र भ्रष्टाचारमा मुद्धा खेपिरहेकाहरूले पनि उम्मेदवारी दाखिला गरेर चुनावी प्रचार थालेका छन्। कतिपयले आफूलाई भाबि प्रधानमन्त्रिको घोषणा गरेर मतदातालाई अनुचित प्रभाव पार्ने प्रयास गरेको देखिएको छ। निर्वाचन हुनु अगाबै आफूलाई भाबि प्रधानमन्त्रि घोषणागर्नेहरूमाथि निर्वाचनको आचार संहिता उल्लंघन गरेकोमा कारवाही हुनुपर्नेमा उल्टै बर्तमान सरकारले उनीहरूका लागि बिशेष थप सुरक्षा ब्यवस्था गरेको देखिएको छ। निर्वाचनको परिणामपछि सरकार गठनमा असरपर्ने भएकाले गठबन्धन परिवर्तन, समर्थन फिर्ता, उम्मेदवार भैसकेकाहरूलाई निष्काशनगर्ने वा नयाँ समीकरण बनाउने लगायतका कामहरू पनि भैरहेका छन्।

जसलेगर्दा आगामी निर्वाचन प्रभावित हुने देखिएको छ। त्यसैगरी मतदाताका बिभिन्न असन्तुष्टि र सहभागिता/असहभागिताका कुराहरू पनि रहेका छन्। कतिपयले आफूलाई आफैले वैकल्पिक राजनीतिक शक्ति भएको प्रचार गरेर आगामी निर्वाचनलाई प्रभावित पार्ने प्रयास पनि गरिरहेका छन्। खासमा ०७२ को संविधान र त्यसअनुसार नेपालमा लागू गराइएको राजनीतिक ब्यवस्थाका कारण यहाँको राष्ट्रिय राजनीतिमा बिभिन्न प्रश्नहरू उठेका हुन्। जसको समाधान आजको प्रमुख आवश्यकता हो। तर त्यसको समाधान गर्ने/गराउने नभएर बिभिन्न आबरणमा ढाकछोप गरेर बिकृत राजनीतिक ब्यवस्थालाई जतिसक्दो लामो समयसम्म जोगाउने/लम्ब्याउने प्रयास भैरहेको छ। त्यसैका लागि ०८४ मा हुनुपर्ने निर्वाचनलाई ०८२ मा गराउन लागिएको होभन्ने कुरा बिभिन्न घटनाक्रमहरूले स्पष्ट गरेका छन्। खासमा ०७९ मंसिर चारको निर्वाचनमा कुनैपनि दलले स्पष्ट बहुमत ल्याउन नसकेदेखि नै बिद्यमान राजनीतिक ब्यवस्था असफल भएको देखिएको थियो। तर त्यसलाई ढाकछोपगर्नका लागि त्यतिबेला नै उल्टो बाटोबाट सरकार गठन गरिएको थियो।

संसदको तेश्रो पार्टीका नेताको नेतृत्वमा साना पार्टीजति सरकारमा र ठूला भनिएका पार्टीजति प्रतिपक्षमा पुगनेगरी सरकार गठन गरिएपछि निर्वाचनमार्फत जनताले दिएको जनादेशको ठाडो उल्लंघन हुनपुगेको थियो। अब आगामी फागुन २१ मा निर्वाचन भए पनि ०७२ को संविधानमा गरिएको मिश्रित निर्वाचन पद्धति र संसदवादी दलहरूका ब्यवहारले गर्दा कुनैपनि दलले स्पष्ट बहुमत ल्याउन नसक्ने देखिएको छ। श्रीलंका र बंगलादेशको निर्वाचनलाई हेर्दा गत भदौ २३ र २४ मा बिध्वंश मच्चाउनेहरूलाई मतदाताले अस्वीकारगर्ने प्रबल संभावना रहेको छ। यस्तो अवस्थामा राजनीतिक समस्या झन चर्केर जाने स्पष्ट संकेतहरू देखिएका छन्। स्वदेशी राजनीतिक ब्यवस्था र आतमनिर्भर आर्थिक ब्यवस्थाका लागि नयाँ कदम आजको प्रमुख आवश्यकता भएको छ। सम्पूर्ण देशभक्त र जनपक्षीय शक्तिहरूले यसतर्फ ध्यान दिनु पर्ने अवस्था छ।

## अखिल (क्रान्तिकारी)को ऐतिहासिक एकताको राष्ट्रिय सम्मेलन भब्य रुपमा सम्पन्न



काठमाडौं। अखिल (क्रान्तिकारी)को ऐतिहासिक एकताको राष्ट्रिय सम्मेलन काठमान्डौमा भब्य रूपमा सम्पन्न भएको छ। सम्मेलनले अखिल (क्रान्तिकारी)को अध्यक्षमा महेश श्रेष्ठ र महासचिवमा नवीन खड्कालाई निर्वाचित गरेको छ।

६५ सदस्यीय केन्द्रीय समितिमा अध्यक्ष महेश श्रेष्ठ , उपाध्यक्ष नेत्र शाही, महासचिव नवीन खड्का , सचीवहरू दिनेश जोसि, नर ब कुमाल , प्रतिभा पौडेल , प्रवेश रुम्बा,इश्वर सिंह साउद , नवराज बिक, संग्राम भिउ थापा र कोषाध्यक्ष लक्ष्मण बिक लगायत हुनुहुनछ। नव निर्वाचत केन्द्रीय समितिको सम्पुर्ण टिमलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना !!

## जनयुद्ध दिवसको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम




नवलपरासी। क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल नवलपरासीले ३१ औं जनयुद्ध दिवसको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम बर्दघाट-४ दिब्यनगरमा सम्पन्न गरेको छ। कार्यक्रममा पार्टीका बैकल्पिक केन्द्रीय सदस्य तथा जिल्ला सेक्रेटरी रवि पाण्डेय, क्रान्तिकारी संयुक्त मोर्चा नेपालका जिल्ला संयोजक चुडामणी भण्डारीले शुभकामना मन्तब्य राख्दै साम्राज्यवादद्वारा प्रायोजित निर्वाचनलाई सशक्त रूपमा बहिष्कार गरेर मात्र जनयुद्ध प्रति न्याय हुने चर्चा गरे। कार्यक्रमको संचालन पार्टीका जिल्ला कार्यालय सदस्य गणेश बहादुर ढकालले गरेका थिए।

# धर्मबारे मार्क्सवादी दृष्टिकोण



● हुकुमबहादुर सिंह ●

*भूमिका*

आधुनिक युगलाई छाडेर पहिलेका तमाम युगहरूमा धर्म सबै ज्ञान-विज्ञानको स्रोत र नियन्ता मानिथ्यो । मानव-समाज भिन्न-भिन्न अवस्थाबाट पार भएर साधारणबाट जटिल, स्थूलबाट सूक्ष्म हुँदै गएजस्तै धर्म पनि देश कालअनुसार विभिन्न अवस्थाहरूबाट पार हुँदै साधारणबाट जटिल र स्थूलबाट सूक्ष्म हुँदै गयो । वर्तमान आधुनिक प्रगतिबाट धेरै टाढा रहेका आदिम जातिहरूको अध्ययन गरेर अधिकांश नृतत्वशास्त्रीहरूले अनुमान लगाएका छन् कि प्रारम्भिक अवस्थामा धर्म जादूको(कम्परेटिभ रिलिजन, ६२) रूपमा रहेको हुनुपर्छ । अन्धकार युगको रूपमा प्रसिद्ध मध्य युगमा यो सबभन्दा स्पष्ट, मुखर र प्रभावशाली रह्यो ।

विश्व र मानव जातिका समस्या र प्रश्नहरूको धर्मले (इसूज इन रिलिजन, ९६) विशेष प्रकारले समाधान प्रस्तुत गर्दछ । हुन त धर्महरू पनि अनेक छन्, तिनीहरूको विश्वास र कर्मकाण्ड पनि फरकफरक लाग्दछन् तर सबै धर्ममा प्रचलित विश्वास र मान्यताहरूमा केही न केही सामान्य तत्व (ग्लिम्पसेज अफ वर्ल्ड रिलिजन्स, १६) निहित छन् । यो त सामान्यरूपमा देखिने कुरा भयो । तिनीहरूले इन्द्रिय र बुद्धिबाट अलग्ग रहेको सत्ताको ज्ञान उपलब्ध गराउने दाबा गर्दछन् । प्रत्येक धर्मले तर्कको ठाउँमा विश्वासमा जोड दिन्छ । आरम्भिक बौद्ध धर्मलाई छाडेर प्रायः सबै धर्मले यस्तै सचेतन सत्तालाई जगत र जीवनको मूल स्रोत मान्दछन्, जुन परम शुभ, दिव्य र सार्वभौम छ । यो जगतबाट टाढा कुनै सुन्दर, आनन्दमय स्थान छ भन्ने धारणा सबै धर्ममा पाइन्छ । धर्मलाई आनन्द, श्रेष्ठता र मुक्तिको साधन पनि मानिएको छ ।

धर्म यसै संसारको मानव समाजमा देखिँदै आएको छ, तर धर्मका आँखाबाट हेर्दा यो संसार र मानव समाज निम्नकोटिका देखिन्छन् । त्यसले मानवलाई परगामी सत्ता र जगत्सित परिचित गराउँछ, त्यसको सम्पर्कमा ल्याउँछ तथा जगतमा खास ढफ्को समाज व्यवस्थामा हुर्किएर तिनीहरूलाई बलियो पनि बनाउँछ । यहुदी र सिन्तोजस्ता धर्महरू पनि छन् । जुन कुनै न कुनै राष्ट्रको (दि ग्रेट रिलिजन्स अफ दि मोडर्न वर्ल्ड, २२४,१४१) निजी र विशिष्ट अभिव्यक्तिका अतिरिक्त अरू केही लाग्दैनन् । सामन्ती व्यवस्थालाई धर्मले पूरापूर संरक्षण गरेको हो । यद्यपि त्यसका विरुद्ध सङ्घर्षको भावनात्मक अभिव्यक्ति पनि सर्वप्रथम धर्मका रूपमा नै भएको थियो ।

धर्मका आधारमा जाति र राष्ट्र सङ्गठित (साउथ एसियन पोलिटिक्स एन्ड रिलिजन, ४६) भएका छन् । कुनै धर्म राष्ट्रको सीमाभन्दा बाहिर पनि छन् । यिनबाट प्रेरित भएर मान्छेले आत्मत्याग पनि गरेका छन् र युद्ध पनि गरेका छन् । इतिहास साक्षी छ, ठूला-ठूला चिन्तक र विचारकहरूले आफ्नो समयमा प्रचलित धर्म र व्यवस्थाका विरुद्ध क्रान्तिकारी आन्दोलन चलाएका थिए । तिनीहरूले नयाँ धर्म र व्यवस्थाको स्थापनाको निम्ति नयाँ प्रेरणा पनि दिएका थिए । धर्मको नाममा जनविद्रोहलाई पनि सजिलै गरी दमन गरिएको थियो । सुकरातलाई प्रतिष्ठापित देवताहरूको विरोध गरेको आरोपमा विष पिलाइएको थियो र इसाई धर्मका जन्मदाता 'क्राइष्ट' लाई सुलीमा झुन्ड्याइएको थियो ।

फेरि पनि सबै धर्मले एक स्वरमा मान्छेलाई उसको साधारण र सङ्कटग्रस्त स्थितिबाट माथि उठाउने दाबा गर्दछन् । धर्मले भन्छ, मान्छेले आफूलाई कर्मकाण्ड र विश्वासप्रति पूर्णरूपमा समर्पण (महाभारत द्वि.सं.३४४, सर्वधर्मान् परित्यज्य मामेक' शरण ब्रज, अहं त्वां सर्वपापेभ्यो, मोक्षयिष्यामि मा शुच ः।) गरिदिनुपर्छ । जसलाई विशिष्ट धर्मको भिन्न मान्यता प्राप्त छ । त्यसका अतिरिक्त मान्छेको मुक्तिको कुनै बाटो छैन, धर्मका आदेशहरूले उसलाई अत्यधिक प्रभावित गर्दै आएका छन् । समाजमा धार्मिक संस्थाहरू सबभन्दा बढी आदर र श्रद्धाका विषय बनेका छन् । मान्छेलाई साँच्ची नै सङ्कटापन्न पतित अवस्थाबाट माथि उठ्ने उपाय भनेको धर्ममा नै देखिन्थ्यो ।

वृक्ष, पशु, पर्वत र मनुष्य तथा व्यक्तित्वरहित शक्ति-धर्मद्वारा प्रस्तुत पारगामी सत्ताले यी अनेक रूपहरू (दि ग्रेट रिलिजन्स अफ दि मोडर्न वर्ल्ड, १४९) ग्रहण गरेका छन् । कुनै समयमा त्यो सत्ता समग्र जगत्को प्रक्रियामा निहित सञ्चालक शक्तिको काम गर्दछ, कहिले संसारको बाहिरबाट त्यसको नियमनमात्र गर्दछ । कतै मनुष्य मौलिक अपराधबाट ग्रस्त मानिन्छ, धर्मोपदेशक ईश्वरका वाणीको धर्तीमा प्रचार गर्नका लागि आउँछन्, कतै मनुष्यमा दिव्यता स्वभावतः विद्यमान मानिन्छ ।

व्यक्ति प्राकृतिक सङ्कट र सामाजिक अन्तरविरोधहरूद्वारा घेरिएको छ । त्यो निरन्तर पतन र पीडाको स्थितिमा रहन्छ । यसको कारण के हो ? बुद्ध भन्छन्, दुःख र पतनको मूलमा अविद्या (बुद्धिज्म ः दि मार्क्सिस्ट एप्रोच, ३१) र तृष्णाले काम गर्दछ । पश्चिमा धर्महरूका मतमा दुरात्मा (शैतान) ले आदमलाई ईश्वरीय नियमहरूको उल्लङ्घन गर्न प्रेरित गरेको थियो, उसले शैतानको वशमा परेर यस्तो खराब काम गऱ्यो, जसले गर्दा सबै स्वर्गबाट तल खसे । त्यहाँदेखि समस्त मानव जाति पतनको '(कम्परेटिभ रिलिजन, २२०) खाडलमा भास्सिइरहेको छ ।

मानव अस्तित्वको क्रिया-प्रतिक्रियाको प्राथमिक परिणाम र व्यवहार संवेगहरूमा हुन्छ । त्यसपछि मात्र विचारको जन्म हुन्छ । तिनीहरूको कार्य, अस्तित्व र त्यसका परिस्थितिहरूका नियमलाई बुझेर सफल व्यवहारलाई निर्देशित गर्नु हो । अस्तित्वका समस्याहरू एवम् प्रश्नहरूको भावना अनि विश्वासद्वारा हल गर्ने कारण धर्म संवेगात्मक उद्वेलनमा सफल हुन्छ ।

समाजवादी समाजमा धर्म अल्पसङ्ख्यक वृद्धवृद्धाहरूको आस्थाको विषयमात्रै बनेको हुन्छ । तर, यसभन्दा पहिलेका सबै समाजमा यो कुनै न कुनै रूपमा मान्य थियो । यसले मानवीय गुणहरू जस्तै भ्रातृत्व, करुणा, दया, प्रेम आदिको प्रचार गर्दछ साथै व्यवस्थित भएपछि माथिल्लो वर्गको मिर्थन गर्न थाल्दछ । यी अन्तरविरोधी कुराहरूमा प्राचीन कालदेखि अनेक विचारकहरूले आफ्नो तरिकाले प्रहार गरेका छन् । संसारबाट विरुक्त भएपछि भौतिक देहबाट मुक्ति पाउने धारणा यो संसारमा भ्रातृत्व र प्रेम विस्तार गर्ने धारणासँग स्पष्टतः मेल खाँदैन । त्यसैगरी ईश्वरको दृष्टिमा सबैको समानताको धारणा तथा जाति, राष्ट्र र वर्गका दायराहरूलाई स्वीकृति दिने धारणामा स्पष्ट विरोध छ । बुद्धले वैदिक कर्मकाण्डहरूमा निहित हिंसाको जबर्जस्त विरोध गरेका थिए । उनीभन्दा पहिले 'चार्वाक' (चार्वाक दर्शन- अग्निहोत्र, त्रयीतन्त्र भस्मपुण्ड्रकम् प्रज्ञा पौरुषम् निःस्वानानाम् जीवो जल्पति जीविकाः ।) ले कर्मकाण्डहरूको खुलेर खिल्ली उडाएका थिए र भौतिकवादी विचारधाराको प्रचार गरेका थिए । एकजना ग्रीक दार्शनिकका मतमा देवी-देवता मनुष्यकै प्रक्षेपित प्रतीक हुन् ।

यसरी धार्मिक मान्यताहरू र कर्मकाण्डहरूप्रति स्वीकृति र निषेधका दृष्टिकोण सधैँ रहेका छन् । पहिले निषेधहरूमा स्वीकृति हावी रह्यो । युरोपमा पुनःजागरणकाल (धर्मः कार्लमार्क्स और फेडरिक एँगेल्स, १२७) यसबारेमा सर्वाधिक निर्णायक मानिन्छ । त्यो समय त्यहाँ प्रचलित क्याथोलिक चर्चा कट्टर सामन्ती व्यवस्थाको अफ् बनिसकेको थियो । सामन्ती व्यवस्थाका साथै क्याथोलिक चर्चलाई पनि विभिन्न कोणबाट चुनौतीको सामना गर्नुपर्ने परिस्थितिको सुरुआत भएको थियो । नयाँ वैज्ञानिक आविष्कारहरूले धर्मका प्रचलित मान्यताहरूमा गम्भीर प्रहार गरेका थिए । धर्ममाथिको प्रहारले ती सामाजिक शक्तिहरूलाई प्रोत्साहित गऱ्यो, जो सामन्तवादको गर्भमा उत्पन्न भइरहेका थिए । धर्म र तत्कालीन व्यवस्थाका बीच एउटा यस्तो हिंसक तालमेल थियो कि नयाँ विचारको प्रचार गर्ने वैज्ञानिकहरू, दार्शनिकहरूलाई भयानक दमन र उत्पीडनको सामना गर्नुपऱ्यो ।

य स ै ब ी च म ा देकार्त (१५९६-१६५०), हब्स (१५८८-१६७९), रुसो (१७१२-१७७८) जस्ता प्रख्यात दार्शनिकहरू र समाजशास्त्रीहरूका विचारधारहरू प्रकाशमा आए । यी दार्शनिकहरू र समाजशास्त्रीले विश्व र मानव समाजका समस्याहरूलाई हल गर्नुमा मुख्यतः बुद्धि तथा अनुभवको प्रयोग गर्न थाल्दछन् । यिनीहरूले परम्परादेखि चल्दै आएको धार्मिक रुढीहरूमा जबर्जस्त हमला गरे अनि चिन्तनका नयाँ आयाम विकसित गरे । रुसोले स्पष्ट रूपबाट समाजको विकासको भौतिक-सामाजिक स्थितिका सम्बन्धमा व्याख्या गरे । देकार्तले (ए हिस्ट्री अफ फिलोसोफी (मोडर्न फिलोसोफी) ६७,४८,४९) चेतना र पदार्थका बीच सम्बन्धको मौलिक दार्शनिक प्रश्नलाई नयाँ ढफ्ले उठाए र विश्वमा यान्त्रिकता देखे । हब्सले अनुभवको प्रमाणिकतामा बल दिए तथा धर्मको स्रोतमा भय र जिज्ञासा पाए ।

उद्योगहरूको विकास र वैज्ञानिक अनुसन्धानहरूको प्रक्रिया तीव्रगतिले जारी रह्यो । पन्ध्रौँ/सोह्रौँ शताब्दीमा कोपर्निकस (समकालीन धर्म दर्शन, २८) १४३२-१५४३ ले विश्वको केन्द्र पृथ्वी नभएर सूर्य हो भन्ने कुरा प्रमाणित गरे । त्यसपछि ग्यालिलियो (१५६४-१६४२) ले सूर्यले पृथ्वीको परिक्रमा नगरेर पृथ्वीले सूर्यको परिक्रमा गर्ने कुरा प्रमाणित गरे । क्याथोलिक चर्चका मान्यतामा यो भीषण प्रहार थियो । परम्परागत इसाई मान्यताअनुसार पृथ्वी चेप्टो छ र यो नै ब्रह्माण्डको केन्द्र हो भन्ने थियो । सूर्य र अन्य ग्रहहरूले पृथ्वीको परिक्रमा गर्दछन् । पृथ्वीको केन्द्र मान्छे हो जसलाई ईश्वरले सृष्टि गरेका हुन् । धार्मिक मान्यताको यो लामो कडी विज्ञानको आघातले टुट्न थाल्यो । रोमन चर्चका अधिकारीहरूले वैज्ञानिक ज्ञानको गतिलाई रोक्नका लागि दमन-चक्र चलाए ।

रोमन क्याथोलिक चर्चलाई वैज्ञानिक क्षेत्रबाट मात्र चुनौतीको सामना गर्नुपरेको थिएन त्यसका अतिरिक्त लुथर, काल्विन आदिका नेतृत्वमा 'प्रोटेस्टेन्ट' नामबाट नयाँ धार्मिक आन्दोलन पनि सुरु भयो । फ्रान्स, जर्मनी, बेलायतजस्ता देशहरूमा नयाँ शक्तिहरूको भावना लिएर यो आन्दोलनले रोमन चर्चका विरुद्ध विद्रोहको झन्डा बुलन्द गऱ्यो । लुथरले पोपको धर्मादेशलाई च्यातिदिए, चर्चलाई ईश्वरको लौकिक प्रतिनिधि मान्नबाट अस्वीकार गरे एवम् चर्चलाई माध्यम नबनाएर व्यक्ति र ईश्वरको सम्पर्कको धारणा अपनाए ।



एकाधिपत्यवादी सामन्तवादलाई तोड्नमा व्यक्तिगत स्वतन्त्रताको नाराले जादूको काम गरिरहेको थियो । 'प्रोटेस्टेन्ट' धर्मले पनि यो नारालाई पूरा जोडका साथ प्रस्तुत गऱ्यो । त्यसपछि पुँजीवादको उत्साहजनक विकासले फ्रान्सेली क्रान्तिमा धर्मलाई नितान्त किनारा लगाएरमात्र समानता र बन्धुत्वलाई मानवीय स्वभावको रूपमा प्रस्तुत गऱ्यो । यो क्रान्तिले आधारभूत किसिमबाटै पुराना मान्यता र रुढीहरूलाई उखेलेर फाल्यो र नयाँ प्रतिमानहरूको स्थापनाको मार्ग प्रशस्त गऱ्यो ।

यता विज्ञान र भूगोलका अनुसन्धानहरूले (ए हिस्ट्री अफ फिलोसोफी (एम.पी.) ५) प्रकृति र मान्छेका बारेमा नयाँ-नयाँ रहस्यहरूको उद्घाटन जारी राखे । सत्रौँ शताब्दीमा न्यूटन (समकालिन धर्म दर्शन,३०) १६४२-१७२७ ले सबै भौतिक घटनाहरू गुरुत्वाकर्षण नियमबाट सञ्चालित हुन्छन् भन्ने कुरा देखाए । प्रकृतिमा स्वयं अनिवार्य नियमहरू निहित छन् । न्यूटनको मान्यताअनुसार बीचबीचमा ईश्वरले नक्षत्रहरू फुटेर झर्ने जस्ता घटनाहरूलाई रोक्नका लागि हस्तक्षेप गर्दछ ।

फेरि खगोल शास्त्री लाप्लास (त्यही, ३०) (१७४९-१८२७) ले यस्तो धारणालाई भ्रामक सावित गर्दै भने, 'नक्षत्रहरू पथभ्रष्ट हुने कुरा निराधार हो । ' प्राकृतिक नियमअनुसार नै ग्रहहरूको मार्ग निर्धारित हुन्छ, तिनै नियमहरूका आधारमा नै सबै कुरा ठीक पनि गरिन्छ । यस व्यवस्थामा ईश्वरको कुनै अस्तित्व छैन । सम्राट नेपोलियनले (१८०८-१८७३) आश्चर्य मान्दै लाप्लास (१७४९-१८२७) सँग सोधेका थिए, 'ईश्वर नभइकन यो व्यवस्थाको व्याख्या कसरी गर्न सकियो ?' उनले सजिलै उत्तर दिए, "महोदय, त्यो परिकल्पनाको आवश्यकता नै परेन ।" उनले सिद्ध गरेर देखाए - विश्वको प्रक्रिया यान्त्रिक छ, त्यसलाई सञ्चालन गर्नका लागि कुनै चेतन बुघि अर्थात् ईश्वरको कल्पना गर्नु आवश्यक छ ।

दर्शनको क्षेत्रमा भाववादी विचारधारामा भौतिकवादी विचारधारा हावी हुँदै गइरहेको थियो । विज्ञानका नयाँ अनुसन्धान र प्रयोगहरूले यो विचारधारालाई बलियो बनाए । फ्रान्स र बेलायतका अधिकांश क्रान्तिकारी विचारकहरू भौतिकवादी थिए । धर्मका सम्बन्धमा नयाँ परिप्रेक्ष्यमा विचार भइरहेको थियो । यी विचारकहरूले त्यसलाई मानव जातिको देन माने तर तिनीहरूले भौतिक परिस्थितिहरूको विश्लेषण गर्न सकेनन् । जसमा धर्मको उदय अनिवार्य थियो ।

यो धर्मसङ्कटको अवस्थामा धर्म र विज्ञानको क्षेत्र अलग्ग अलग्ग (त्यही, २९) हो भन्न थालियो । जहाँ विज्ञान समाप्त हुन्छ, त्यहाँ धर्मको सुरुआत हुन्छ । केही वैज्ञानिकहरूले पनि धर्मको पक्षपोषण गरे, यद्यपि तिनीहरूको खोज धार्मिक मान्यताका विपरीत थियो । भाववादी विचारधारले नयाँ अन्दाजका साथ धर्मराएको आस्था र विश्वासलाई पुनः उठाउन थाल्यो । कान्ट (ए हिस्ट्री अफ फिलोसोफी (एम.पी.) २३२) जसले आफै वैज्ञानिक चिन्तनलाई विकसित गरे, पछि तिनै अज्ञेयवादतिर झुके । यसले धर्मको महत्वलाई जोगाइ राख्न सहयोग गऱ्यो । हेगेलले (ए हिस्ट्री अफ फिलोसोफी (एम.पी.) ३०५) सार्वभौम चिन्तनको उदाहरण प्रस्तुत गरे र भाव (क्षमभब) लाई जगत्को मूलविन्दु माने । उनले जगत्को द्वन्द्वात्मक विकासको धारणा प्रस्तुत गरे । यो धारणा विज्ञानको विकासवादी धारणासँग मेल खान्थ्यो । विकासवाद आधुनिक युगको लाक्षणिक धारण बनिसकेको थियो । तर परम भाव या परम विचार वैज्ञानिक धारणाको स्पष्ट रूपमा विरुद्ध थियो । स्पिनोजाको चिन्तन जगत (ए हिस्ट्री अफ फिलोसोफी (एम.पी.) ३०५) कुनै कर्ता ईश्वरसित सर्वथा अलग्ग थियो तर तिनको झुकाव पनि भाववादमा थियो । बेलायतमा भौतिकवादी विचारधाराको चुनौतीलाई पादरी 'वर्कले' ले (मैटेरियलिज्म एन्ड इम्पिरियो क्रिटिसिज्म, १५,१६) स्वीकार गरे । उनी भौतिकवादलाई उखेलेर फाल्नका लागि कम्मर कसेर लागे । उनका अनुसार धर्मको रक्षाका लागि भौतिकवादलाई वैचारिक धरातलबाटै नष्ट गर्नु आवश्यक थियो ।

यिनै सामाजिक विकासका साथै चिन्तनका विकासको यस्तै उथलपुथलकारी अवस्थामा कार्लमार्क्स (मार्क्स एँगेल्स मार्क्सिज्म, १८, १९) १८१८-१८८३ ले जन्म लिए । औद्योगिक संस्थाहरूमा सफ्ठित मजदुर वर्गले सामाजिक परिवर्तनमा भाग लिइरहेका थिए । सामन्तवादका विरुद्ध पुँजीवादको क्रान्तिकारी लडाइँका बीचबाट यो नयाँ आन्दोलनकारी वर्गको लडाइँ सुरु भइरहेको थियो । मार्क्स आफूलाई यसै लडाइँको उपज र प्रवक्ता मान्दथे ।

प्रसियाको ट्रिएर नगरमा मार्क्सको जन्म ५ मई, १८१८ मा भएको थियो । उनका पिता वकिल थिए । पहिले उनी यहूदी थिए, पछि प्रोटेस्टेन्ट धर्म अपीकार गरेका थिए । ट्रिएरको जिम्नाजियमबाट स्नातक उत्तीर्ण भएपछि मार्क्सले क्रमशः वोन र बर्लिन विश्वविद्यालयमा अध्ययन गरे । कानुनका विद्यार्थी भएर पनि उनको दर्शन र इतिहासमा गहिरो रुचि थियो । १८४१ मा एपिक्युरसमा आफ्नो शोध प्रबन्धका (धर्मःमार्क्स एँगेल्स, १३) साथै उनले महाविद्यालयको अध्ययन पूरा गरे । मार्क्स त्यतिबेला आफूलाई एउटा हेगेलवादी भाववादी मान्दथे ।

बर्लिनमा ब्रुनो बोबर (१८०९-१८८२) आदि वामपन्थी हेगेलवादी विचारकहरूसँग उनको सम्बन्ध रह्यो । यी वामपन्थी हेगेलवादी हेगेलका दर्शनबाट नास्तिक र क्रान्तिकारी निष्कर्ष निकाल्दथे ।

मार्क्स पहिले शिक्षक बन्न चाहन्थे । सरकारका प्रतिगामी नीतिहरूका कारण फायरवाखलाई (१८०४-१८७२) अध्यापक पदबाट हटाइयो, ब्रुनो बोबेरलाई भाषण गर्न रोक लगाइयो र मार्क्सलाई शैक्षणिक जीवन छोड्न बाध्य पारियो । त्यसै समयमा फायरवादको 'इसाई धर्मको सार' ले (धर्मःमार्क्स एँगेल्स, २९९, ३००) धर्मशास्त्रको आलोचनाद्वारा दर्शनमा प्रभावाशाली भूमिका निर्वाह गर्न सुरु गरेको थियो । पछि उनको पुस्तक -भविष्यको दर्शनको सिद्धान्त' ले एँगेल्सका शब्दमा 'मुक्तिदायी' प्रभाव पाऱ्यो र मार्क्स-एँगेल्सका साथै धेरै युवकहरू फायरवाखका शिष्य भए ।

१८४२ मा कोलोनबाट प्रकाशित 'राइनिसे जाइटुङ' (मार्क्स, एँगेल्स मार्कसिज्म १९, २०) का उनी प्रधानसम्पादक भए । सरकारले त्यस पत्रिकालाई बन्द गर्ने प्रयत्न गऱ्यो । फलस्वरूप मार्क्सले सम्पादक पदबाट राजीनामा दिनुपऱ्यो ।

१८४३ मा मार्क्सले जेनीसित (१८१४-१८८१) विवाह गरे । जेनी एउटा सम्पन्न घरकी छोरी थिइन् । पछि पेरिसबाट पत्रिका निकाल्नका लागि मार्क्सले जर्मनी छोडिदिए तर त्यो पत्रिका चलने । त्यसमा उनले हरेक वस्तुको निर्मम आलोचना गरे, खास गरेर शास्त्रहरूको र जनता तथा सर्वहारालाई सम्बोधित गरेका थिए ।

१८४४ मा मार्क्स र एँगेल्सको भेट भयो । दुवै क्रान्तिकारी मित्रहरूले आजीवन विचार र क्रान्तिकारी सङ्घर्षमा साथ नछोड्ने वाचा गरे । मार्क्सलाई पेरिसबाट निष्काशित गरियो । कम्युनिस्ट लिग (१८४७) को निर्देशनमा उनीहरूले 'कम्युनिस्ट पार्टीको घोषणापत्र' (१८४८) लेखे । निकै स्पष्टताका साथ मार्क्सको नयाँ विश्व दृष्टि यस पुस्तकमा अभिव्यक्त भएको छ ।

फेब्रुअरी १८४८ को क्रान्तिको समयमा उनलाई बेल्जियमबाट बाहिर निकालियो । त्यहाँबाट पेरिस हुँदै कोलोन, जर्मनीमा प्रवेश गरे । फेरि 'न्यु राइनिशे जाइटुङ' को सम्पादन कार्य सुरु गरे । जर्मनीमा क्रान्ति पराजित भइसकेको थियो । प्रतिक्रान्तिवादी सरकारले मार्क्समाथि मुद्दा चलायो, फेरि निर्वासित गऱ्यो । पेरिस पुगेपछि एउटा प्रदर्शनमा भाग लिएका कारण उनलाई पुनः निर्वासित गरियो । लण्डन गएर मार्क्स स्थायीरूपले बस्न थाले । कठिन गरिबी अवस्थासित (मार्क्स, एँगेल्स मार्कसिज्म, २०) सङ्घर्ष गर्दै उनले 'पुँजी' नामक विशाल ग्रन्थको रचना गरे । 'फान्समा गृहयुद्ध' गोथा कार्यक्रमको आलोचना' लुइबोनापार्टको अठारौँ ब्रुमेयर' दर्शनको दरिद्रता' आदि मार्क्सका अन्य प्रसिद्ध रचनाहरू हुन् । १४ मार्च १८८३ मा उनको मृत्यु भयो । यद्यपि मार्क्सका सहयोगी एवम् अनन्य मित्र एँगेल्सले 'मार्क्सवाद मूलतः मार्क्सकै देन हो' भनेको भए तापनि उनको सहयोग नभएको भए मार्क्सवाद अधुरो हुने थियो । एँगेल्सले 'ड्युहरिङ मत खण्डन' (१८८४) 'प्रकृतिमा द्वन्द्व', 'व्यक्तिगत सम्पत्ति, परिवार र राज्यको उत्पत्ति', समाजवाद-काल्पनिक र वैज्ञानिक' आदि ग्रन्थहरूद्वारा मार्क्सको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादलाई विशदीकरण गरे । मार्क्सले सामान्य खाका बनाएर छोडेका विषयवस्तुहरूलाई एँगेल्सले वैज्ञानिकको गहिरो दृष्टिले हेरेर दुनियाँका अगाडि राखे । मार्क्सको समयमा र त्यसपछि पनि मार्क्सवादको विरोधी व्याख्या हुन थालेको थियो । तिनीहरूको खण्डन गर्ने र नयाँ परिस्थितिहरूमा आफ्नो सिद्धान्तको स्पष्टीकरण गर्नमा एँगेल्स अन्त्यसम्म लागिरहे ।

'रोबर्ट (दो अननोन् कार्लमार्क्स, रोबर्ट पाइने निबन्धका शीर्षक - १. 'जोनका अनुसार, आधार र सार, निरूपाधिक आवश्यकता र परिणामहरूका आधारमा वर्णित, क्राइस्ट तथा धर्मनिष्ठको एकताका बारेमा । २. के आगस्टका राज्यलाई रोमन साम्राज्यका सर्वाधिक सुखमय युगहरूमा वस्तुतः लिन सकिन्छ । ३. 'पेसा रोज्ने सम्बन्धमा युवकको विचार ।') पाइनेले 'अज्ञात मार्क्स' नामक ग्रन्थमा लेखेका छन् । ट्रिएर जिम्नाजियममा भेटिएका मार्क्सका तीन निबन्धअनुसार मार्क्स किशोरावस्थासम्म आफ्नो परिवारको धार्मिक परम्पराबाट पुरै प्रभावित थिए । त्यस अवस्थामा माता-पिताबाट प्राप्त क्रिश्चियन धर्ममा उनले दृढ विश्वास गरेका थिए । समाज र इतिहासका बारेमा उनको रुचि भने त्यसै समयबाट अंकुरित हुन थालेको थियो ।

# प्रगतिशील कानुन व्यवसायी संगठनको एकता भेला सम्पन्न

# २५ सदस्सीय केन्द्रीय समिति चयन

काठमाडौँ । प्रगतिशील कानुन व्यवसायी संगठनको राष्ट्रिय एकता भेला शनिवार ललितपुरको कुपण्डोलमा सम्पन्न भएको छ। मोहन बैद्य 'किरण' नेतृत्वको नेकपा क्रान्तिकारी माओवादी र धर्मेन्द्र वास्तोला 'कन्चन'नेतृत्वको नेकपा (बहुमत) बीच भएको पार्टी एकतापछि ति पार्टी आबद्ध दुई कानुन व्यवसायी संगठनबीचको एकता भेला शनिबार सम्पन्न भएको हो ।

एकता भेलाबाट अधिबक्ता देब कुमार मोक्तान संयोजक, अधिबक्ताद्वय दिवश निरौला र फडिन्द्र कार्की सह-संयोजक रहने गरी २५ सदस्सीय केन्द्रीय कार्य समिति चयन गरिएको छ। संगठनका सह-संयोजक दिवश निरौलाले संचालन गरेको भेलाको अध्यक्षता संगठनका संयोजक देब कुमार मोक्तानले गरेका थिए भने सहसंयोजक फडिन्द्र कार्कीले स्वागत मन्तव्य राखेका थिए ।

भेलाका प्रमुख अतिथी सिपी गजुरेल र बिशेष अतिथी धर्मेन्द्र वास्तोलाले पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गरेका थिए। भेलामा पार्टी केन्द्रीय कार्यालय सदस्य दिनेश शर्मा, कृष्ण धमला,



सचिवालय सदस्य देवकला अधिकारीले भेला सफलताको शुभकामना मन्तव्य राखेका थिए ।

यस्तै भेलामा संगठनका संयोजक अधिवक्ता देब कुमार मोक्तानले प्रतिवेदन प्रस्तुत गरेका थिए भने सह-संयोजक अधिवक्ता दिवश निरौलाले संगठनको अन्तरिम विधान प्रस्तुत गरेका थिए। यस्तै भेलाले १३ बुँदे समसामयिक प्रस्ताव समेत पारित गरेको छ।

समसामयिक प्रस्तावमा झुट्टा मुद्दामा फसाईएका राजबन्दीहरूलाई तत्काल रिहाई गरिनुपर्ने, हालसालै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाली भुभाग गुन्जी क्षेत्रमा भ्रमण गरेकोप्रति नेपाल सरकारको तर्फबाट आधिकारिक बिरोध गरिनुपर्ने, अमेरिकासंगको राष्ट्रघाती एमसीसी सम्झौता खारेज गरिनुपर्ने माग गरिएको छ। त्यस्तै कालोबजारी महँगी नियन्त्रण गरिनुपर्ने, प्यालेस्टाइनहरूमाथिको इजरायली दमन बन्द गरि बिजुली, पानी, इन्धनलगायतका अत्यावश्यक बस्तुमाथिको प्रतिबन्ध तुरुन्त खारेज गरि अन्तराष्ट्रिय मानविय कानुनहरूको पालना गर्दै मानव अधिकारको संरक्षण गर्नुपर्ने, साथै १० जना नेपालीहरू मारिएकोमा हमासको बिरोध गर्दै परिवारलाई उचित क्षतिपूर्तिको व्यवस्था र बेपत्ता नागरिकको खोजविन गर्न माग गरिएको छ।

त्यस्तै भारतसँको १९५० लगायतका असमान सन्धीहरूको खारेज, गोरखा भर्ति सम्बन्धमा सर्बोच्च अदालतले गरेको फैसला तुरुन्त कार्वानियन, जनताका न्यूनतम मानव अधिकारको ग्यारेन्टी, हालसम्म कायम रहेको विभेदपूर्ण कानुनहरूको खारेज, जनतालाई छिटो छरितो र सर्वसुलभ न्यायको ग्यारेन्टी गरिनुपर्ने माग राखिएको छ।

यस्तै राष्ट्रको प्राकृतिक स्रोत साधनसँग सम्बन्धित असमान र राष्ट्रघाती सन्धी सम्झौताहरूको खारेज, जनतासँग छलफल नगरी कुनै पनि बिधेयकहरू संसदबाट पारित नगर्न माग गर्दै बित्तिय शोषण मिटरब्याज ठगीको नियन्त्रण गर्नुपर्ने माग समेत गरिएको छ।

## महान्...

भएर नेकपा(एकता केन्द्र)बनेको पनि अहिले जस्तै लाग्छ। २०४८ सालको संसदीय चुनाव उपयोग गरी देशव्यापी पार्टी निर्माण र मार्क्सवादको तेस्रो चरणमा विकास भएको माओवादलाई स्थापित गरेको कुरा पनि राम्रोसँग सम्झन्छु। यो चुनावपछि भएको एकता राष्ट्रिय महाधिवेशन १५ दिनको विचारधारात्मक लडाईबाट सम्पन्न भएको थियो। यसले नयाँ जनवादी क्रान्तिको राजनीतिक कार्यदिशा, दीर्घकालिन जनयुद्धको सामरिक कार्यदिशा, स्थानीय जनसत्ता कब्जा गर्ने कार्यनीति र यो सबैको पथप्रदर्शन गर्नेमार्क्सवाद-लेनिनवाद-माओवादको विचारधारात्मक कार्यदिशा पारित गऱ्यो। राष्ट्रिय एकता महाधिवेशन पछिको तेस्रो केसको बैठकले 'ग्रामीण वर्गसंघर्षको योजना' तय गऱ्यो। अब हामी जनयुद्धको तयारीतिर लाग्न थाल्यौँ। पुनः यो कार्यदिशाप्रति असहमति राख्दै निर्मल लामा अलगिनुभयो। प्रचण्ड र किरणको नेतृत्वमा राष्ट्रिय सम्मेलन भयो र त्यसले पार्टीको नाम नेकपा (माओवादी) राख्यो ।

विस २०५२ साल माघ २९ गते राती हामी आ-आफ्नो जिम्माको टोली लिएर मुख्यतः देशका चार स्थानको निसाना बिन्दु नजिकको बासेस्थान (सेल्टर)मा पुगिसकेको थियौ। तत्कालीन नेकपा (माओवादी)को वर्ग विश्लेषण अनुसार पहिलो दुश्मन सामन्तवाद, दोस्रो दुश्मन नोकरशाही पूँजीवाद र तेस्रो दुश्मन दलाल पूँजीवाद थिए। सामन्तवादको पहिलो निशाना काभ्रेमा दौलतबहादुर दोङ र जाजरकोटमा दिपबहादुर सिंह, नोकरशाहीतन्त्रको पहिलो निशानामा सिन्धुलीको सिन्धुलीगढी, रोल्पाको होलेरी र रुकुमको राडी प्रहरी चौकीहरू तथा दलाल पूँजीवादको पहिलो निशानामा थिए काठमाडौँको पेप्सीकोला, गोरखाको च्याङलीस्थित साना किसान बैंक। सिन्धुलीगढी प्रहरी चौकी आक्रमणका कमिश्नर हरिबोल गजुरेल र कमाण्डर शहीद शेरमान कुँवर 'विशाल' हुनुहुन्थ्यो, रोल्पाको होलेरीका कमिश्नर कृष्णबहादुर महरा र कमाण्डर नन्दकिशोर पुन (पासाङ) हुनुहुन्थ्यो भने राडी प्रहरी चौकी आक्रमणको कमिश्नर म थिए र कमाण्डर गणेशमान पुन 'रश्मि' हुनुहुन्थ्यो। काभ्रेमा दौलतबहादुर दोङको घरमाथि आक्रमण यानप्रसाद गौतमको नेतृत्वमा, काठमाडौँ पेप्सीकोलामाथिको आक्रमण दिनेश शर्माको नेतृत्वमा र गोर्खा च्याङ्ली साना किसान बैंकमाथिको आक्रमण हितराज पाण्डेको नेतृत्वमा भएका थिए। यी सबै निशानाहरूमाथि फागुन १ गते राती आक्रमण गर्ने नेकपा (माओवादी) सदरमुकामको केन्द्रीय योजना थियो ।

हाम्रो टोलीको जिम्मा परेको रुकुमको राडि प्रहरी चौकी अगाडि आफ्नो कमाण्डका सबै दस्ताहरू आ-आफ्नो स्थानमा पुगिसकेपछि "अप्रेशन कमान"- ठीक एक बजे कमाण्डर गणेशमान पुनले कासन दिनुभयो। 'एट्र्याकिङ डिट्र्याचमेन्ट' को कमाण्ड गरेका शहिद विजय घलेले बन्चरो प्रहार गरेर प्रहरी चौकीको ढोका फुटाउनुभयो। त्यो दस्ता भित्र पस्यो र प्रहरीहरूलाई चूपचाप जस्तो अवस्थामा छौ त्यस्तै अवस्थामा रहन आदेश गऱ्यो। यज्ञश्वर शर्माको 'डिफेन्स डिट्र्याचमेन्ट' अग्रदस्तालाई मदत गर्न साथमै पुग्यो। 'रिजर्व डिट्र्याचमेन्ट' भने चौकी घेरा हालेर बाह्य कुनै दुश्मन शक्ति थपिन सक्ने कुरामा सतर्क भएर बस्यो। आक्रमणमा कुनै घाइते भएको खण्डमा उपचार गर्नको लागि कृष्ण रेग्मीको नेतृत्वमा 'मेडिकल डिट्र्याचमेन्ट' खटेको थियो। सबै डिट्र्याजमेन्ट मिलाएर ३९ जनाको प्लाटुनमा दुई महिला लडाकुहरू नारायणी शर्मा र लालकुमारी रोका हुनुहुन्थ्यो। प्रहरी हवल्दार र जवानहरूलाई 'आजदेखि जनयुद्ध शुरु भयो, हामी प्रहरी जवानहरूका विरुद्ध लडेका होइनौं, यो देशकै राजतन्त्रात्मक संसदीय राज्य व्यवस्थाका विरुद्ध लडदैछौं' भनी प्रशिक्षण दिएर पूर्ण विजयका साथ हाम्रो टोली निर्धारित स्थानतिर फर्क्यो। त्यो रात निर्धारित कार्वाहीहरू सबै सफल भए। तर रोल्पाको होलेरीमा भने प्रहरी चौकी कब्जा हुन सकेन। तर देशभरीको माहौलले त्यहाँ के भयो भन्ने कुरा ढाकियो ।

फागुन ६ गतेसम्म देउवा सरकार अन्यौलको कुहिरोमा डुब्यो। यद्यपि १ गतेदेखि ६ गतेसम्म लाखौं-लाख पर्चा, पोष्टर, भित्तेलेखन तथा जनकार्वाहीहरू भइसकेका थिए। आधिकारिक रूपले फागुन ६ गते विहान संयुक्त मोर्चाको तर्फबाट बाबुराम भटराईले र साँझ पार्टीको तर्फबाट प्रचण्डले वक्तव्य दिएपछि नेकपा(माओवादी)ले जनयुद्ध अघि बढायो भन्ने कुरा थाहा भयो। त्यसपछि सरकारका गृहमन्त्रीले दुई महिनाभित्र यसलाई खरानी पार्ने धम्की दिए। फागुन १४ गते स्कूले विद्यार्थी दिलबहादुर रम्तेललाई गोली ठोकेर मारियो र जाजरकोटमा दुई जना कमरेडहरू मानबहादुर ओली र मानबहादुर रावलको हत्या भयो। १५ गते रुकुमको मेलगैरीमा ६ जना खत्रीबन्धुहरूको हत्या भएपछि त्यसको जवाफमा जनयुद्ध देशब्यापी दन्कदै गयो। पार्टी र जनताबीचको सम्बन्ध हार्दिक र न्यानो बन्दै गयो। स्थानीय जनसत्ता बन्ने प्रक्रिया शुरु भयो ।

एकजना सामन्त, एउटा ग्रामीण चौकी र दलाल पूँजीपतिको संस्थामाथि हानेर प्रारम्भ भएको जनयुद्ध जिल्ला सदरमुकाम र सैनिक व्यारेक ध्वस्त पार्ने शक्तिमा पुग्यो। जिल्ला जनसरकारहरू घोषणा हुन थाले। वाईसियलबाट शुरु भएको जनमुक्ति सेना लडाकु दल, सेक्सन (पत्ती), प्लाटून (सेनामुख), कम्पनी (गुल्म), ब्रिगेड (वाहिनी) हुँदै डिभिजन (पृताना) सम्म विकास भयो ।

'सर्वोच्च कमान्डर' को एउटै वक्तव्यले देश ठप्प हुन्थ्यो। राज्यको सर्वोच्च अदालतले मिलाउन नसकेका जनताका मुद्दाहरू जिल्लाको जनअदालतले मिलाउथ्यो। एउटा क्रान्तिकारी नेपाल कम्युनिस्ट पार्टी(माओवादी), एउटा क्रान्तिकारी जनमुक्ति सेना नेपाल र एउटा क्रान्तिकारी संयुक्त मोर्चाका रूपमा बाबुराम भट्टराईको नेतृत्वमा संयुक्त जनपरिषद नेपाल जस्ता तीन जादुमय हतियार जनसमुदायको मनमस्तिष्कमा स्थापित थिए। संसारका मजदूर तथा उत्पीडित जनताहरूले अन्तर्राष्ट्रिय गीत गाइरहेका थिए- 'उठ जाग ए भोका नाङ्गा उठ संसारका दुखी...यो अन्तिम युद्ध हो, आ-आफनो ठाउमा डटौं... कुनै बिहान नष्ट हुनेछन र उज्यालो रहिरहने छ'। चौथो अन्तर्राष्ट्रियको भ्रूण 'क्रान्तिकारी कम्युनिस्ट आन्दोलनमा आबद्ध तथा संसारका मजदुर तथा उत्पीडित जनताले नेपालमा जनयुद्धको विकासलाई हेरेर भनिरहेका थिए- 'हिमालयतिर हेर, एउटा सुन्दर संसार जन्मदैछ।'

विस २०६० जेठ ८-१२ सम्म रोल्पा जिल्ला अन्तर्गत दुम्लामा बसेको पोलिटव्युरो बैठकमा 'एक्काईसौँ शताब्दीमा जनवादको विकास' शिर्षकको प्रस्ताव पेश गरियो। त्यही प्रस्तावमा विरोधी पार्टीहरूसँग "प्रतिशप्रर्धा' गरेर मात्र कम्युनिस्ट पार्टीले आफूलाई अब्बल सावित गर्नुपर्दछ भनी मदन भण्डारीको जनताको बहुदलीय जनवादतिर पार्टी कार्यदिशा झुकाईयो। यो बैठकमा क.किरण र गौरव पनि उपस्थित हुनुहुन्थ्यो। उहाँहरूले त यसलाई प्रस्ताव त हो, छलफल गर्दै जाउला भन्ने ठान्नुभयो। उहाँहरू केही समयपछि भारतीय कारागारमा थुनिनुभयो। यहाँ वि.सं. २०६२ को असोजतिर चुनवाङ बैठक भयो। त्यहाँ लोकतान्त्रिक गणतन्त्रको कार्यनीति ल्याईयो। यसलाई हामीले जनगणतन्त्रतिर लैजानेछौं तर संसदीय पार्टीहरूले संसदीय व्यवस्थातिरै तान्नेछन् भनियो। पछि गएर प्रचण्ड र बाबुराम आफैले यसलाई संसदीय व्यवस्थातिरै तानेको कुरा भनिरहनु पर्दैन ।

आखिर २०६३ श्रावण १ र २ गते कास्कीको सिक्लेशमा केन्द्रीय प्रशिक्षण भएको थियो। प्रशिक्षण हलमा जनमुक्ति सेनाको टुकडीले प्रचण्ड लगायतका नेताहरूलाई सलामी चढायो। भोलिपल्ट श्रावण २ गते ३ बजे कृष्ण सिटौला र शेखर कोइरालासहितको हेलिकप्टर त्यहाँ पुग्यो। प्रचण्ड र बाबुराम सिधै प्रधानमन्त्री निवास बालुवाटार पुगे। हामी हेरेको हेऱ्यै भयौं। क्रान्तिकारी नेताहरू हुन्, जे गर्लान, क्रान्ति पूरा गर्नेतिर सोचेका होलान भन्दाभन्दै शान्तिसम्झौता पछिका घटनाक्रमले उनीहरूलाई नवसंशोधनवादी सावित गऱ्यो। विस २०६९ सालमा किरणजीको नेतृत्वमा नवसंशोधनवादबाट विद्रोह भएपछि आज छरिएर रहेका हामी क्रान्तिकारी कम्युनिस्टहरू क्रान्तिकारी कम्युनिस्ट पार्टीमा एकताबद्ध भएका छौँ ।

क्रान्तिकारी कम्युनिस्टहरूको यो एकता भएपछि एकता-संघर्ष-रूपान्तरणको प्रक्रियामा आफूलाई राखेर अघि वढिरहेका छौँ। आज हामीले मालेमावादको विचारधारात्मक कार्यदिशा तय गरेका छौँ। अहिलेसम्म यो भन्दा श्रेष्ठ र वैज्ञानिक विचारधारात्मक कार्यदिशा अर्को आविस्कार भएको छैन। विज्ञानको विकास हुने भएकोले यसको विकास हुनुपर्दछ भन्ने कुरामा हाम्रो दुई मत छैन। अर्धसामन्ती तथा अर्धऔपनिवेशिक अवशेषसहितको नवऔपनिवेशिक अर्थसामाजिक अवस्थामा रहेको नेपालमा दलाल तथा नोकरशाही पूँजीवादी राज्यव्यवस्था र नेपाली उत्पीडित जनतावीचको प्रधान अन्तरविरोध रहेको छ। यो अन्तरविरोधको हल गर्न दलाल पूँजी कब्जा गरी राष्ट्रिय पूँजीको विकास गर्नुपर्दछ। राष्ट्रिय पूँजीको विकास गर्ने भनेको नयाँ जनवादी क्रान्तिको खुडकिलो पार गर्ने वित्तिकै हामी वैज्ञानिक समाजवादको आधारभूत कार्यक्रममा प्रवेश गर्नुपर्दछ। यो हाम्रो राजनीतिक कार्यदिशा हो। यो क्रान्ति सम्पन्न गर्न जनसंघर्ष, सशस्त्र संघर्ष र सशस्त्र जनविद्रोहको प्रक्रियाबाट अघि वढ्नुपर्दछ। यो हाम्रो क्रान्तिको सामरिक कार्यदिशा हो। आज देशमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको कठपुतली सरकार बनेको छ। अमेरिकाले आफ्नो चीनमाथि हमला गर्ने र नेपालका प्राकृतिक साधन श्रोत दोहन गर्ने योजना एमसिसि तथा एसपीपी लागू गर्न यसप्रकारको सरकार बनाएको छ। देश पराधीन भएको छ। यसको विकल्प स्वाधिन संयुक्त सरकार हो। स्वाधीन संयुक्त सरकारको निर्माण गर्ने प्रक्रिया भनेको मुलुकमा रहेका देशभक्त क्रान्तिकारी जनवादी र वामपंथी पार्टी, समूह र व्यक्तित्वहरूको सर्वपक्षीय सम्मेलन, त्यो सर्वपक्षीय सम्मेलनबाट संयुक्त मोर्चाको निर्माण र संघर्षको घोषणा, संघर्षकै बीचबाट स्वाधीन संयुक्त सरकार गठन र अन्ततः नयाँ संविधान निर्माण हो। हाम्रो समग्र कार्यदिशा कार्यान्वयनमा हामी अघि बढिरहेका छौँ ।

यसबेला पुन जनयुद्धको स्मरण गर्दछु। म स्वयं तत्कालिन जनमुक्ति सेना नेपालको राजनीतिक कमिश्नर थिए। कैलालीको खिमडिमा कमाण्डर दशीराम चौधरीलाई गोली लाग्यो, स्पाइनल कर्डमा गोली लागिसकेपछि त्यो घाउको पीडा पचाउदै उहाँले भन्नुभएको थियो- 'कमरेड सुदर्शन, म त मर्दैछु तर क्रान्ति नमरोस्, क्रान्ति विजय नभएसम्म जारी राख्नुहोला।' आज हामी दशीराम चौधरीहरूलाई विर्सन सक्दैनौ। मेरै नेतृत्वमा भएको कैलालीको लम्की प्रहरी चौकी आक्रमणमा शहादत प्राप्त गर्ने शहीदहरूको 'क्रान्ति जिन्दावाद' को आवाज मेरो मस्तिष्कमा घन्किरहेको छ। यस्तै रोल्पाको गाममा पासाङको रिट्रिट हुने आदेशको वास्ता नगरी हाइपोष्टमा विस्फोट भइ अमेरिकी प्रविधिबाट बनेको किल्लाबन्दी तोडेर आफु सहिद भएर मोर्चालाई विजय बनाउने कमरेडहरूलाई हामी कसरी विर्सन सक्छौँ र ? म नै कमिस्नर रहेको पहिलो रुकुम खारा कार्वाहीमा दर्जनौ वीर-विराङ्गनाहरू मेरै काखमा पानी पानी भन्दै शहादत प्राप्त गरेको र त्यही शिलशिलामा छोरी सुर्वणा लगायतलाई ब्यारेकमा लिएर गोली ठोकेको कहाँ विर्सन सकिन्छ र ? कालीकोट पिलीको व्यारेकमाथि भएको सफल कार्वाहीका क्रममा क.लोकेश लगायतका योद्धाहरू हेलीकप्टरबाट हानिएको एट्टी वनको गोलाबाट छिया-छिया भएको शरिर कसरी विर्सन सकिन्छ र ? २०६२ सालको मंसीर १४ गते सँगै उभिएका पाँचौ डिभिजन कमाण्डर क. किमबहादुर थापा सुनिललाई सल्यानको मनिमारेमा दुश्मनले हेलिकप्टरमा राखिएको एचएमजीबाट कन्चटमा गोली हानी ठहरै पारेको प्रत्यक्ष दृश्य यी आँखाबाट कसरी मेटिन्छ र ? रामवृक्ष यादव, सुरेश वाग्ले, शेरमान कुवँर, मोहनचन्द्र अधिकारी लगायत करीब दश हजार शहीदहरू अमर रहनेछन्। ३१ औं जनयुद्ध दिवसका अवसरमा शोषित-उत्पीडित जनसमुदायलाई हार्दिक शुभकामना !

कार्ल मार्क्सले पेरिस कम्युनको असफलतापछि फ्रान्समा गृहयुद्ध लेख्दा संश्लेषण गर्नुभएको थियो : "मजदुरहरूको पेरिस आफ्नो कम्युनसहित नयाँ समाजको गौरवशाली अग्रदूतका रूपमा सदासर्वदा सम्मानित हुनेछ। यसका शहीदहरू मजदुरवर्गको महान् हृदयमा अमर रहनेछन्। यसका संहारकहरूलाई इतिहासले पहिले नै अपमानको खम्बामा किला ठोकेर टंगाएको छ जसबाट उनीहरूका पादरीहरूको सम्पूर्ण प्रार्थनाले समेत उनीहरूको उद्धार गर्न सक्ने छैन"– फ्रान्समा गृहयुद्ध : १८७१ को मध्य अप्रिलदेखि मे अन्त्यसम्म लेखिएको, प्रगति प्रकाशन मास्कोद्धारा १९८६ मा प्रकाशित मा.ए.संकलित रचनाहरूको अंग्रेजी संस्करण, ग्रन्थ २२, पृ.३५५ ।

## चुनावको...

भेटघाट गरेका छन्। र, द्विपक्षीय हित र सम्बन्धका विषयमा कुरा गरेका छन्। परराष्ट्रमन्त्रीसँगको भेटलाई ट्वीटरमार्फत् सार्वजनिक गरेपनि उनले गरेका अन्य भेटघाटलाई भने सार्वजनिक गरिएको छैन। जानकारी लिन खोज्दा पनि भेटघाट र भएका कुराकानीका प्राप्त हुन सकेनन् ।

जेनजी विद्रोहपछि नेपाल शक्तिराष्ट्रहरूको भूराजनीतिक स्वार्थको अखडामा परिणत हुन पुगेको छ। नेपालमा एमसीसी पास भएपछि अमेरिकाले नेपालमा वैधानिक रूपमा आफ्नै कमाण्डबाट चल्ने संरचना खडा गरिसकेको छ र सोही संरचना अनुसारको राजनीतिक एजेन्सी नेपालमा निर्माण गर्न खोजिरहेको छ। ट्रान्समिसन लाइन बनाएर विद्युत व्यापार गर्ने कम्पनी खडा गर्न सफल भएको अमेरिकाले नेपालमा त्यसको सुरक्षार्थ भन्दै वैधानिक रूपमा एसपीपी सम्झौता गराएर नेपालमा आफ्नो सेना ल्याउन गरिरहेको प्रयास कसैबाट लुकेको छैन। अमेरिकाले नेपालका दुवै छिमेकीलाई नेपालको भूमिमा बलियो उपस्थिति जनाएर उनीहरूको प्रभाव नियन्त्रण गर्न खोजिरहेको छ। त्यतिमात्र होइन आफ्नो साम्राज्यवादी अभिष्ट पूरा गर्न नेपालको भूमि, यहाँको प्राकृतिक तथा मानवीय सम्पदामाथि नियन्त्रण कायम गर्ने पनि रणनीति बनाएको देखिन्छ ।

सुरक्षा विज्ञ तथा भूराजनीतिक क्षेत्रका विज्ञहरूले जेनजी विद्रोहपछि सेनाको कमाण्डमा हुन लागेको निर्वाचन र त्यसको सम्भावित परिणाम, त्यसपछि नेपाली सेनासँगको सहकार्य लगायतका विषयमा बुझ्न आएको दावी गरे। अमेरिकी सेनाको मुख्य चासो भनेको एसपीपी सम्झौतालाई राजनीतिक तथा कानूनी रूपले वैधानिकता दिने हो। अमेरिकाले नेपाललाई एसपीपीको 'डोरम्यान्ट रिलेसनसिप'को अवस्थामा राखेको छ। अब बन्ने नयाँ सरकारबाट औपचारिक रूपमा इन्डोप्यासिफिक सैन्य रणनीतिक अन्तर्गतको साझेदार राष्ट्र बनाउन उसले प्रयास गरिरहेको छ। हालसम्म अमेरिकाले एसपीपी कार्यक्रम अन्तर्गत नै नेपाली सेनालाई पाँचवटा स्काई ट्रक दिएको छ र बर्षमा फरक फरक नामका तीन-चारवटासम्म संयुक्त तालिमहरू सञ्चालन गर्दै आएको छ ।

यसैबिच, गत वर्ष फेब्रुअरीमा अमेरिकी राष्ट्रपति ट्रम्पले डोनाल्ड लुको स्थानमा दक्षिण एसियाली सुरक्षाका विज्ञ कपुरलाई दक्षिण एसियाली मामिलाका लागि सहायक विदेशमन्त्रीको रूपमा मनोनित गरेका थिए। उनले गत बुधबार वाशिंगटनमा दक्षिण र मध्य एसिया सम्बन्धी हाउस विदेश मामिला उपसमितिमा नेपाल र बंगलादेशबारे अमेरिकी धारणा प्रस्तुत गरेका थिए। कपुरले दक्षिण एसियामा कुनै पनि एकल शक्तिको प्रभुत्व रोक्नु अमेरिकी मुख्य उद्देश्य भएको बताएका थिए ।

'दक्षिण एसियामा प्रभुत्व जमाउने शत्रुतापूर्ण शक्तिले विश्व अर्थतन्त्रमा जबरजस्ती लाभ उठाउन सक्छ, अमेरिकाले यो हुनबाट रोक्नु पर्छ र यस क्षेत्रलाई स्वतन्त्र र खुला राख्नु पर्छ।' उनको भनाइलाई उद्धृत गर्दै केही मिडियाहरूले लेखेका छन् ।

वाशिंगटनले नेपालको राजनीतिक पुनर्स्थापनालाई घरेलु लोकतान्त्रिक विकासको रूपमा मात्र नभई दक्षिण एसियालाई आकार दिने ठूलो रणनीतिक प्रतिस्पर्धाको भागको रूपमा पनि हेर्छ भनेका छन् ।

कपुरले यस क्षेत्रमा प्रमुख अमेरिकी प्राथमिकताहरूमा दक्षिण एसियाली राष्ट्रहरूसँग व्यापार सम्बन्ध विस्तार गर्नुका साथै रक्षा सहयोग र लक्षित लगानी बढाउनु समावेश रहेको बताएका छन्। अमेरिकासँगको रक्षा सहयोगले उनीहरूलाई अतिक्रमणकारी शक्तिहरूबाट आफ्नो सीमा र जलमार्गहरू जोगाउन मद्दत गर्दछ। र सावधानीपूर्वक लक्षित लगानीले यी राज्यहरूलाई बन्दरगाह, दूरसञ्चार नेटवर्क र ऊर्जा पोर्टल जस्ता महत्वपूर्ण पूर्वाधारहरूको लागि उच्च-गुणस्तरको, पारदर्शी, गैर-जबरजस्ती समर्थन प्रदान गर्न सक्छ, जसले गर्दा उनीहरूलाई ऋण-पासो कूटनीतिको खतराबाट बच्न मद्दत गर्दछ।' उनले चीनको भूमिकालाई दक्षिण एशियामा नै नियन्त्रण गर्ने खुल्लमखुला बताएको समाचारहरूमा उल्लेख छ ।

अमेरिकी किनारबाट टाढा भए पनि, स्वतन्त्र र खुला हिन्द महासागर कायम राख्नु वाशिंगटनको राष्ट्रिय र आर्थिक सुरक्षाको लागि प्राथमिकता हो, उनले भनेका छन्, 'हिन्द महासागर पृथ्वीको सबैभन्दा व्यस्त समुद्री कोरिडोरहरू मध्ये एक हो, जसले विश्वव्यापी वाणिज्य र ऊर्जाको जीवनरक्त बोक्छ, जसमा विश्वव्यापी समुद्री तेल व्यापारको ८० प्रतिशत भन्दा बढी समावेश छ।'

कपुरका यी अभिव्यक्तिबाट पनि स्पष्ट हुन्छ कि अमेरिकाले नेपालमा एमसीसी संरचना खडा गरेसँगै सोही अनुसार राजनीतिक एजेन्सीको विकास गर्न खोजेको प्रष्ट देखिन्छ। जेनजी परिघटना त्यसको अभिव्यक्ति हो। आगामी दिनमा चीनविरोधी दलाई लामाका अनुयायीहरूको गतिविधिलाई अझ बढवा दिने देखिएको छ। निर्वाचन परिणाम आफ्नो पक्षमा नआए देशैभर भोलेन्टियर फोर्समार्फत् आन्दोलन गर्ने धम्की हामी नेपालका संयोजक सुदन गुरुङले दिँदै आएका छन्। चुनावलाई नै प्रभावित तुल्याउने गरी नेपालस्थित अमेरिकी दूताबासले पनि यही बेला 'कन्टेन्ट क्रियटर मेला-२०२६' भनेर देशैभर अभियान सञ्चालन गरेको छ। यो अभियान समापन भए लगत्तै अमेरिकी दूतावास नेपालले औपचारिक रूपमा फ्रिडम २५० अभियान सुरु गरेको छ। जसले अमेरिकी स्वतन्त्रताको २५० वर्षको उत्सव तथा स्वतन्त्रता, नवप्रवर्तन र सिर्जनशीलताका दीर्घकालीन सिद्धान्तहरूको सम्मानलाई संकेत गर्दछ भनिएको छ। यो अभियान एकवर्षसम्म सञ्चालन हुने दूताबासको फेसबूकमा उल्लेख गरिएको छ ।

अहिले अमेरिकाले पब्लिक डिप्लोमेसीसँग जोडिएका सम्पूर्ण गतिविधिलाई सक्रिय तुल्याएको छ। निर्वाचनको सुपरीवेक्षणका लागि पनि दुईवटा अमेरिकी संस्थाहरू (कार्टर सेन्टर र आइआरआई)ले काम गरिरहेका छन्। अर्कोतिर अमेरिका निकट विभिन्न आइएनजिओमा काम गर्नेहरूले(विभिन्नमानवअधिकारवादी संस्थाहरू, विशेषगरी तिब्बतीयन शरणार्थीहरूको पक्षमा काम गर्ने संस्थाहरूले) निर्वाचन सर्वेक्षणमा निम्ति सक्रियता देखाइरहेका छन्। आइटी क्षेत्रमा काम गर्नेहरूले पनि मतदाताहरूलाई प्रभावित तुल्याउन अनेक रणनीतिहरू अख्तियार गरिरहेको स्रोतको भनाइ छ ।

यी घटनाक्रम र तथ्यहरूले प्रष्ट पारेको छ कि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले भनेजस्तै फागुन २१ को निर्वाचन प्रयोजित निर्वाचन हो, साम्रज्यवादी अभिष्ट पूरा गर्नका निम्ति इन्डो पश्चिमा डिजाइनमा यो चुनाव सम्पन्न गर्न खोजिदैछ र मूलतः यो निर्वाचन नेपाली सेनाले गराउँदैछ। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पूर्व महासचिव मोहन वैद्य किरणले मूलबाटो डटकमले लिएको अन्तर्वार्तामा जेनजी परिघटनामा नेपाली सेनाको भूमिकामाथि गम्भीर प्रश्न खडा गर्दै भन्नुभएको थियो, "सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवन जलिरहँदा नेपाली सेना किन तमासे बन्यो ? नेपाली सेनालाई कसले चलायो ? नेपाली सेनाको पछि को छ ? नेपाली जनतामा निहित सार्वभौमसत्ता सेनाको हातमा पुग्यो।" अमेरिकी सैन्य कमाण्डरको भ्रमण, भारतले निर्वाचनका लागि भनेर नेपाली सेना र निर्वाचन आयोगलाई दिएको पाँचसय बढी सवारी साधन लगायतका गतिविधिलाई मोहन वैद्यका यिनै प्रश्नहरूसँग जोडेर विश्लेषण गर्नु सही हुन्छ ।

# वर्गीय दृष्टिकोणमा स्पष्ट भएर वर्गसंघर्षका माध्यमबाट मात्र वर्गीय मुक्ति सम्भव छ

## अशोक लम्साल, सचिव, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल ११ नं. व्यूरो

**१) असोकजी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको ११ नं. क्षेत्रीय व्यूरोको सचिव हुनुहुन्छ । यहाँको पार्टीले आगामी २०८२ फागुन २१ गते को निर्वाचन बहिष्कार गर्ने निर्णय गरेको छ, ११ नं. व्यूरोमा निर्वाचन बहिष्कार सम्बन्धी के कति कार्यक्रमहरू सम्पन्न भए ?**

हाम्रो पार्टीले २०८२ फागुन २१ मा सम्पन्न गर्न खोजिएको कथित संसदीय निर्वाचन सशक्त बहिष्कार गर्ने निर्णय गरेको खुलासा भैसकेको छ । सो को कार्यक्रम आइसकेपछि व्यूरोस्तरमा र्‍याली र बहिष्कार सभा, अनि बृहद अन्तर्क्रिया कार्यक्रम सम्पन्न भैसकेका छन् । त्यसैगरी व्यूरो अन्तर्गतका जिल्ला संयुक्त संघर्ष समिति गठन र बीच बीचमा सो समितिका बैठक बसेर योजना निर्माण गरी मसाल जुलुश पर्चा वितरण, कोणसभाहरू, जनता, कार्यकर्तासँग भेटघाट ,छलफल र छिटफुट रूपमा भित्तेलेखनका काम भैरहेका छन् ।

**२) निर्वाचन बहिष्कार सम्बन्धी ११ नं. क्षेत्रीय व्यूरोको आगामी कार्यक्रमहरू के छन् ?**

हाम्रो ११ नं. व्यूरोमा निर्वाचन बहिष्कार सम्बन्धी आगामी कार्यक्रमहरू बहिष्कार सभा अलि व्यापकतामा कोणसभा, पर्चा वितरण, जनता कार्यकर्तासँग भेटघाट, छलफल, अन्तर्क्रिया, भित्तेलेखन लगायतका कार्यक्रम रहेका छन् ।

**३) कतिपयले निर्वाचन बहिष्कार गर्नुभन्दा उपयोग गरेर विदेशी साम्राज्यवादका एजेण्टहरूका विरुद्ध संघर्ष उपयुक्त हुन्थ्यो भनेर सल्लाह दिएको सुनिन्छ । यससन्दर्भमा तपाईको प्रतिक्रिया के छ ?**

आसन्न संसदीय निर्वाचन विदेशी साम्राज्यवाजदी तथा विस्तारवादी शक्तिले संसदीय राजनीतिक पार्टीका पुराना र नयाँ दलालहरूलाई सत्तासीन गराएर मुख्यतः अमेरिकी साम्राज्यवादले नेपाललाई आफ्नो क्रिडास्थल बनाउने प्रपञ्च नै हो यो संसदीय निर्वाचन । यो आफैमा पुष्टि भै पनि सकेको छ । क्रान्तिकारीहरूले यसप्रकारका निर्वाचन उपयोग वा बहिष्कार गर्नु कार्यनीतिक प्रश्न हो । क्रान्तिकारीहरूले अपनाउने कार्यनीतिले रणनीतिको सेवा गर्नु पर्दछ । अहिलेको निर्वाचन साम्राज्यवाद तथा विस्तारवादका दलालहरूले अर्थात् यो कठपुतली सरकारले गराउँदै छ । यो आफैमा वैधानिक सरकार होइन । अर्कोतर्फ राष्ट्रको वर्तमान अवस्था वस्तुस्थिति पनि उपयुक्त छैन, यो निर्वाचन उपयोग गरेर यो प्रतिक्रियावादी सत्तामा गएर संसदवाद कै सेवा पुग्छ । राष्ट्रिय स्वाधिनता तथा जनतन्त्र तथा जनजीविकाको सुनिश्चितताका निम्ति सिन्को पनि भाँच्न सकिन्न, पाइन्न, दिँदैनन् । त्यसकारण यो संसदीय निर्वाचन सशक्त बहिष्कार नै गर्नुपर्दछ ।

**४) राष्ट्रिय स्वाधीन सरकारको नारा यहाँको पार्टीले अघि सारेको छ , त्यसप्रकारको सरकारले राष्ट्रिय स्वाधिनता र जनताको जनतन्त्र र जनजविकाको समस्या समाधान गर्छ नै भन्ने आधार के हो ?**

-हाम्रो पार्टीले राष्ट्रिय स्वाधिनता तथा जनतन्त्र-जनजीविकाको नारा दिँदै आएको छ । यो संसदीय व्यवस्थाबाट सम्भव छैन । त्यसकारण, राष्ट्रिय पुँजीपतिवर्ग, स्वाभिमानी नेपाली, प्रगतिशील, वामपन्थी अर्थात् राष्ट्रिय स्वाधिनताका पक्षधरहरू सम्मिलित अन्तरिम स्वाधीन राष्ट्रिय संयुक्त सरकार गठन गरी राष्ट्रिय स्वाधिनताको रक्षा र अधिकार सम्पन्न नेपाली नागरिक कायम गर्ने अन्तरिम जनसंविधान निर्माण गरेर शुद्ध किसिमको पुँजीवादी जनवादी सरकार स्थापना गर्ने दिशामा अगाडि बढ्नुपर्दछ ।

**५) साम्राज्यवादी तथा विस्तारवादीहरूले आफ्ना पुराना दलालहरूलाई परिवर्तन गरेर नयाँ दलालहरूलाई नेपालमा स्थापित गर्न खोजका छन् भनेर तपाईहरूले बोलेको सुनिन्छ किन त्यसो भन्नु भएको हो ?**

-साम्राज्यवाद तथा विस्तारवादका पुरानो दलालहरू, जसले सत्ताको आडमा जनतामाथ थिचोमिचो र राष्ट्रिय स्वाधिनता, सार्वभौमिकता माथि आँच पुऱ्याउँदै आएर आम रूपमा बदनाम भैसकेका छन् । भ्रष्टाचारमा लिप्त भएर झनै नांगिइसकेका छन् । त्यसकारण साम्राज्यवादले यति धेरै ननांगिइसकेका नयाँ दलालहरूलाई स्थापित गर्ने सत्तासीन गराउने योजनाका साथ जेनजी आन्दोलन, नयाँ कठपुतली सरकारको गठन र मध्यावधि जस्तै २०८२ फागुन २१ गतेको संसदीय निर्वाचनसम्म आइपुगेका छन् । यो सबै बदनाम पुराना दलाललाई मिल्काएर नयाँ दलाललाई सत्तासिन गराएर आफ्नो स्वार्थसिद्ध गर्न यो सब गरिरहेका छन् साम्राज्यवादीहरूले । त्यसैले हामी यो भन्दैछौं ।

**६) साम्राज्यवादीहरूले जेनजी विद्रोह गराए भन्नुभयो त्यो विद्रोहको आधार सत्तासीन पार्टीहरू जस्तै कांग्रेस, एमाले, माके लगायतको राष्ट्रघात कुशासन, भ्रष्टाचार नै मुख्य जिम्मेवार छ भन्ने आम जनताको बुझाई छ नि ?**

जेनजी विद्रोह भन्दा पनि साम्राज्यवादका पुराना दलालहरू कुशासनका कारण जनतामा बदनाम भैसकेकोले नयाँ दलाल स्थापित गर्नका लागि जेनजीको नाममा साम्राज्यवादले घटाएको घटना हो । त्यो योजना ध्वंश गर्ने नियतिका साथ बनाइएको थियो । त्यो जेनजीले घटाएको घटनामा अज्ञानताबस केही युवाहरू सुशासनको निम्तिको संघर्ष भन्ने भ्रमले हाम फाले ज्यान गुमाए साम्राज्यवादीको फरक उद्देश्य र योजनामा त्यो विध्वंशकारी परिघटना भयो विना उपलब्धी ठूलो धनजनको क्षति मात्र भएन राष्ट्रिय सम्पदा नै खरानी बनाइयो । यो संसदीय राज्य व्यवस्था, यसका हिमायती संसदीय राजनीतिक पार्टीका राष्ट्र र जनविरोधी क्रियाकलाप पनि यो जेनजी आन्दोलन हुनु एउटा कारण त हो फेरि ।

**७ ) आफूलाई क्रान्तिकारी बताउने पार्टीहरूले नयाँ पुस्ताको भावनालाई बुझ्न नसकेको, उनीहरूलाई आफ्नो सिद्धान्त प्रति आकर्षित गर्न नसकेको, बदलिएको परिस्थिति अनुसार नीति कार्यक्रम तय गर्न नसकेको जस्ता गुनासा वा आरोप तपाईहरू माथि पनि त छ नि ?**

यो मुलुकमा मालेमावादी मार्गनिर्देशक सिद्धान्तमा आधारित, आमूल परिवर्तनको पक्षमा सही क्रान्तिकारी विचार सिद्धान्तको रक्षा र विकासको निम्ति दृढ संकल्पित राजनीतिक पार्टी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल नै हो । यो पार्टीले भ्रमवस विभिन्न पार्टी र पार्टीमा अल्मलिएर रहेका क्रान्तिकारी शक्तिहरूलाई एकीकरण ध्रुवीकरणको प्रक्रियाबाट एकताबद्ध बनाउँदै आएको छ । यो पार्टी जनताका जल्दाबल्दा समस्या र राष्ट्रिय स्वाधीनताका मुद्दा उठाउँदै विभिन्न संघर्षमा जुटिरहेकै छ । तर कुरा के छ भने नेपालको मात्र कुरा होइन विश्वस्तरमै क्रान्तिकारी घेराबन्दीमा छन् । भए गरेका कामले प्रचार पाइरहेका छैनन् । त्यो हुनु गर्नुका धेरै कारणहरू छन् । तर पनि हामी अलि व्यापकतामा जनता कार्यकर्ता माझ पुगेर पार्टीका विचार योजना पुऱ्याउन नसकेको कुरा हामीले स्वीकार्नै पर्छ । अर्कोतिर राष्ट्र र जनताको बारेमा चिन्ता गर्ने सचेत युवापंक्ति, सबै खाले क्षमता प्रतिभा विदेश पलायन भैरहेको स्थिति पनि जिम्मेवार छ । बदलिएको परिस्थिति अनुसार पार्टीले नीति, कार्यक्रम तर्जुमा गर्न नसकेको भन्ने होइन । कार्यान्वयनमा केही समस्या त छन् ।

**८) अब फरक प्रशंगमा कुरा गरौं , तपाई तनहुँमा जन्मिएको व्यक्ति, कसरी कम्युनिस्ट आन्दोलनप्रति आकर्षित र आबद्ध हुनुभयो ?**

म जन्मिएको त स्याङ्जा जिल्लामा हो । २०३२ सालमा त्यो भूगोल तनहुँ जिल्लामा गाभियो । मेरो पुर्खा नै वैष्णव धर्मावलम्वी, पण्डित खलक, सम्पन्न परिवार नै भन्नुपर्छ, मलाई पण्डित बनाउन ९ वर्ष कै उमेरमा भारतको मथुरा वृन्दावन पठाइयो ।

त्यहाँका मठमन्दिर र सडकका पेटीमा फ्याँकिएका, कसैले दया गरेर केही दिएर मागेर एकमुठी सास धानेका हजारौं मानिस कथा व्यथाले मलाई पिरल्यो । मानव मानव बीच यत्रो विभेद किन ? यो प्रश्नले मलाई धेरै सोच्न बाध्य बनायो । अध्ययन गर्दै, झनै गहिरिँदै जाँदा म एकाएक मार्क्सवादी चिन्तन र वामपन्थी प्रगतिशील विचारमा आकर्षित भएँ । भारतमा नेपाली छात्र संगठन थियो । म संगठित भए प्रगतिशील विद्यार्थीको भूमिकामा रहेर काम गरे । यो २०२० सालको कुरा हो, स्कूल जीवनकालमा विद्यालयको स्ववियु, काठमाडौंमा गण्डकी विद्यार्थी परिषद्, स्याङ्जाली विद्यार्थी परिषद समेत संगठित भएर काम गर्दै आएर एसएलसी पछि शिक्षक भैसकेपछि २०२९ सालमा पार्टी सदस्यता प्राप्त गरी नेकपा मार्क्सवादी (क. पुष्पलाल समूह) मा संगठित भएर अहिले आजका मितिसम्म निरन्तर पार्टी काममै खटिरहेको डटिरहेको छु ।

**९) सिन्धुलीमा कृषि विकास बैंकको जागिरे जीवनलाई छाडेर के कति कारणले पार्टी राजनीतिमा लाग्नुभयो ?**

-जागिरको कुरा गर्दा म २०२८-०३० प्रा.वि. अस्थायी शिक्षक, २०३०-०३ शक्तिमावि स्थायी शिक्षक, २०३२-०३४ कृषि विकास बैंकको सहकारी व्यवस्थापक (का.स.), २०३४-२०३६ कृषि विकास बैंकको लेखापाल, बीचबीचमा प्रशाखा प्रबन्धक, २०३६-०३९ कर्मचारी संचय कोषको असिस्टेन्ट खरिदार का.मु हेड असिस्टेन्ट (ना.सु), २०३९-२०४१ निमावि शिक्षक, २०४१-०५ र माध्यमिक विद्यालय शिक्षक बीचबीचमा छिटफुट माविको प्रधानाध्यापक, यी सबै जागिर नेपाली क्रान्ति, कम्युनिस्ट आन्दोलनमा सक्रिय भूमिका निर्वाह गर्दै आएकाले हात धुनु परेको थियो । सिन्धुलीको प्रशंग आयो, म कार्यरत कृषि विकास बैंकको कार्यालय काभ्रे र सिन्धुली जिल्लाको सिमानामा थियो, त्यो कार्यालयले काभ्रे र सिन्धुली दुवै जिल्लाका केही भूगोल हेर्थ्यो । त्यतिबेला मेरो संगत वामपन्थी प्रगतिशीलहरू संगै हुन्थ्यो । म नेकपा (मार्क्सवादीको पार्टी इलाका सदस्य थिएँ । क. असारे काकासँग भेट भयो र राजनीतिक छलफलको क्रममा नेपाली कम्युनिस्ट आन्दोलनबारे धेरै स्पष्ट भएर नेकपा मार्क्सवादीबाट नेकपा (चौथो) महाधिवेशनमा प्रवेश लगत्तै आफ्नो गृहजिल्ला तनहुँ आएर धेरै मार्क्सवादी कमरेडहरूलाई चौथो महाधिवेशन मै संगठित गरेर संगठन विस्तारमा लागि परेको थिएँ ।

**१०) तनहुँ छाडेर तपाईको परिवार नवलपुर आउनुको पनि त कथा होला नि ?**

म तनहुँबाट नवलपुर आउनु पर्नाका कारणहरू धेरै छन् । मेरो तनहुँ छाड्ने कतै बसाई सर्ने सोंच होइन । २०५३ वैशाख १९ गते विहान ४.०० बजे प्रहरी इन्सपेक्टरको नेतृत्वमा मेरो घर घेरा हालेर बुढी आमालाई हप्कीदप्की, भाइबुहारीलाई अपशब्दले गाली गलोज भाईका नाबालक छोरालाई फकाई फुलाई “ठूलो बुबा कहाँ छन् कता सुत्छन् ? सोधपुछ र मेरी श्रीमतीलाई मरणासन्न हुने गरी लछारपछार कुटपिट गरेर ढोकाहरू फोड्ने, आँटीमा धान कोशका भकारी खोलेर सबै मुछिदिने र थुप्रै किताबहरू मेरा नोट बोरामा पोको पारेर लैजाने काम गरे । मेरो फुपुको छोरा भानिज भाई कृषि विकास बैंकको अधिकृत हुनुहुन्थ्यो । नवलपुरको कावासोती सुकुम्बासी वस्तीमा १ विगाह जमिन लिएर बस्नु भएको थियो । त्यो खबरले विक्षिप्त भएर भेट्न बोलाउन तनहुँ किइँमा मेरो घरमा जानुभएछ । मेरो श्रीमतिले “अहिले बाँचियो, यहाँ मलाई मार्छन्, तपाईको दाई कता हो कता ? तपाई गएको ठाउँमा मलाई पनि लिएर हिंड्नु” भनेपछि भानिज भाई बासुदेव तिमिल्सनाले संगै लिएर जानु भयो ।

यहाँको १ विगाह जमिन आधा आधा बाँडेर बस्ने निधो गरी चारजना नाबालक केटाकेटी बोकेर २०५३ वैशाखको अन्त अन्तातिर नबलपुर कावासोतीको सुकुम्बासी बस्तीमा बसोबास गर्न पुगे । त्यतिबेला नेकपा (माओवादी) पार्टीको स्याङ्जा जिल्ला सचिव थिए । अहिले जस्ता फोन थिएन । मैले धेर पछि थाहा पाएर रातविरातमा त्यो स्थानमा पुगेर बालबच्चासँग भेट गरेको हो ।

**११) २०६९ सालमा प्रचण्डले नेतृत्व गरेको पार्टीबाट विद्रोह गर्नु विप्लव, बादलहरूबाट बहिर्गमनका सन्दर्भलाई संक्षिप्तमा स्पष्ट गरिदिनुन ?**

महान जनयुद्ध नेपाली नयाँ जनवादी क्रान्ति हाँकिरहेको, वैकल्पिक जनसत्ता, जनमुक्ति सेना, आधार इलाका निर्माण, त्यहाँ सानातिना उद्योगको स्थापना,जनवादी शिक्षाका स्कूलहरू, जनकम्युन, जनसहकारी, न्यायलयहरू, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र बल साँगुरो घेराभित्र कैद भएर ठूला शहर, सदरमुकाममा केन्द्रित थियो, बाँकी ग्रामिण इलाका ८० प्रतिशत भूभाग माओवादीको कब्जामा आम रूपमा नेपाली जनताको साथ र समर्थन, स्थानीय सत्ता सर्लक्कै कब्जा गरेर केन्द्रीय सत्ता कब्जाको योजनामा अगाडि बढ्दै गर्दा पार्टीको मुख्य नेतृत्व पार्टी अध्यक्ष जनमुक्ति सेनाका सुप्रिम कमाण्डर प्रचण्डले उक्त सबै उपलब्धी समाप्त पारेर योजनाबद्ध ढंगले संसदवादमा हाम फालिसकेपछि क. किरणको नेतृत्वको टिमले सच्चाउनु सकिन्छ कि भनेर एउटै पार्टीमा विचार समूह बनाएर पार्टी गतिविधि विचारको मन्थन गऱ्यौं तर उहाँहरू प्रचण्डको समूह निक्लनै नसक्ने ससदीय आहालमा डुबुल्की मारिसकेपछि २०६९



असार २-४ सम्म राष्ट्रिय भेला गरी प्रचण्ड समूहसँग विद्रोह गरी ने.क.पा.- माओवादी पार्टी पुनर्गठन गरी संगठन निर्माण र संघर्षको सेटमा अगाडि बढेको हो । उहाँहरू आर्थिक केन्द्रित हुने भएर उहाँहरू क्यास माओवादी, हामी ड्यास माओवादी भएर स्थापित हुन पुगेका थियौं । त्यस बखत साँगठनिक आधार त बराबरी जस्तै हो, विचार सिद्धान्तमा हामी क. किरणको पार्टी धेरै उचाईमा थियौं । हामीले क्रान्तिकारी धारालाई मजबुत बनाउँदै लैजाँदा साम्राज्यवादी, विस्तारवादी, घरेलु प्रतिक्रियावादी र सबैखाले दक्षिणपन्थी अवसरवादीलाई ज्वरो आयो, टाउको दुख्यो र क्रान्तिकारी विचार, क्रान्तिकारी पार्टीलाई घेराबन्दी गर्ने कमजोर बनाउने नियतिका साथ कहिले नेत्रविक्रम चन्द कहिले राम ब. थापा, देव गुरुङहरूलाई हाम्रो पार्टीबाट बहिगर्मन गराउने क्रम चल्यो । तर हामी विचलित नभैकन ने.क.पा.(एकीकृत) परी थापा, रामसिं श्रीस, पछि आएर नेकपा (बहुमत), नेकपा (मशाल) सँग पार्टी एकता क्रान्तिकारी ध्रुवीकरण गर्दै अगाडि बढिरहेका छौं । पछिल्लो समयमा सोही नियतिका साथ धमेन्द्र बास्तोला अन्य केही व्यक्तिहरूलाई पनि हाम्रो पार्टीबाट अलग्याउने काम भैरहेको छ ।

**१२) तीनवटा पार्टीको एकीकरणबाट क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल गठन भएको छ, यसले विस्तारै आफ्नो गतिविधिहरू अगाडि बढाइरहेको देखिन्छ, तपाई एउटा पुरानो र पाको कम्युनिस्ट नेताको हैसियतले यो एकता रक्षा र विकास गर्दै नेपाली क्रान्तिकारी आन्दोलनलाई ध्रुवीकृत गरेर लैजान आगामी दिनमा के के गर्नुपर्छ ? भन्ने ठान्नुहुन्छ ?**

यो प्रशंगमाथि कैयौं सन्दर्भमा जोडिइसकेको पनि छ । फेरि पनि यस प्रसंगमा केन्द्रित हुनुपर्दा हामी तीनवटा अलि अगाडि बढेर एउटा पार्टीका रूपमा एकतावद्ध गरेर आएका छौं । यसबाट देशी विदेशी प्रतिक्रियावादीहरूलाई ठूलो चुनौती भएको छ । हामी थोरै कहाँ केमा अल्झिएका त छैनौं ? हाम्रो एकता प्रक्रियाका कैयौं सांगठनिक काम अझै बाँकी छन् र विचार, सिद्धान्त, नीति, योजनामा हामी एक ठाउँमा आइनै सक्यौं तर कही कतै अलि अलि भावनात्मक एकता भैसकेको छैन कि । पहिला त हामीले यो कार्यभार पूरा गर्नुपर्छ, छन् त प्रक्रियामै छौं । पूरा गर्छौं, गर्नुपर्छ । धेरै क्रान्तिकारी पंक्ति संशोधनवादी, दक्षिणपन्थी अवसरवादी, संसदवादी शक्तिले छरेको भ्रममा छन् । ती भ्रमित क्रान्तिकारी पंक्तिसँग हामीले पहुँच पुऱ्याएर संसदबाट आफैमा बदनाम, नांगिइसकेको त छ , अझ यो भ्रमलाई क्रान्तिकारी विचार सिद्धान्तबाट प्रशिक्षित गर्दै क्रान्तिकारी ध्रुवीकरणको प्रक्रियामा सशक्त ढंगले लाग्नु पर्दछ ।

विश्वस्तरमै मानव समाज एक अर्काका विरोधी दुई वर्गमा विभाजित छ, अर्थात् यो मानव समाज दुई वर्गमा विभाजित छ । राजनीतिक पार्टी वर्गको नेतृत्व प्रतिनिधित्व गर्ने संगठित शक्ति हो । सिंगो संसारमा वर्ग दुई वटा मात्र छन् । त्यसरी नै राजनीतिक पार्टी पनि दुई वटा हुन्छन् । एउटा गरिखाने आफ्नै पसिनामा बाँच्ने श्रमजीवीवर्ग र अर्को बसी खाने अर्काको पसिनामा बाँच्ने काम चोर वर्ग । यसरी हेर्दा सैद्धान्तिक तथा राजनीतिक हिसावले श्रमजीवी वर्गको एउटा पार्टी र श्रमचोर वर्गको अर्को पार्टी हुन्छ । साम्राज्यवादी, विस्तारवादी । देशी विदेशी प्रतिक्रियावादी दक्षिणपन्थी अवसरवादी संसदवादीहरूको एउटा पार्टी र आमूल परिवर्तनका पक्षधर क्रान्तिकारी विचार, सिद्धान्त अंगाल्ने अर्को पार्टी हुन्छ । नेपालमा सबै हिसावले संसदवादीहरूको एउटा र संसदवाद विरोधीहरूको एउटा पार्टी हुन्छ । हामी वर्गीय दृष्टिकोणमा स्पष्ट भएर वर्गसंघर्षका माध्यमबाट मात्र वर्गीय मुक्ति सम्भव छ । राष्ट्रिय स्वाधीनता तथा जनतन्त्र जनजीविकाको सुनिश्चितता वर्गीय मुक्ति आन्दोलनबाट मात्र सम्भव छ । हामीले यही वास्तविकता जनताको बीचमा लैजानु र जनतालाई सचेत प्रयत्नद्वारा क्रान्तिकारी धारामा समेट्दै जानुपर्छ । हाम्रो अर्थात् किसान, मजदुर, सुकुम्बासी सर्वहारावर्ग र राष्ट्रिय स्वाधीनताका पक्षपातीहरूको जीत सुनिश्चित छ ।

**१३) अन्तमा यस साप्ताहिक पत्रिकामार्फत् थप भन्न केही छ कि ?**

यस साप्ताहिक पत्रिकाबारे कुरा गर्नुपर्दा सबभन्दा पहिला त यो पत्रिकाका व्यवस्थापन र प्रकाशन टिमलाई हृदयदेखि नै हार्दिक धन्यवाद दिन चाहान्छु । जुन ढंगले यो पत्रिका ठूलो मेहनतका साथ निरन्तरता दिनु सफल हुनु भएको छ, क्रान्तिकारी विचार आम पाठकमा सम्प्रेषण गर्नु भएको छ यो ठूलो कुरा हो ।

म मेरो आदरणीय दाजु शक्ति लम्सालसँगसँगै स्कूल जीवनदेखि नै लामो समय पत्रकारिता क्षेत्रमा काम गरेको छु ।योजना साप्ताहिक, जनादेश साप्ताहिक, छानवीन साप्ताहिक, वर्गदृष्टि साप्ताहिक पत्रिका र कैयौं मासिक, अर्धवार्षिक, वार्षिक पत्रिका र बुलेटिन समेतमा कही न कहीं कुनै न कुनै भूमिकामा जोडिँदै आएको व्यक्ति हुँ म । त्यसैले पत्रिका चलाउन कति गाह्रो कुरा हो ? भन्ने कुरामा म अनभिज्ञ छैन । अहिले हाँक साप्ताहिकसँग पनि मलाई जोड्नु भएको छ, म धन्यवाद दिन चाहान्छु । यहाँहरूको टिमले गर्नुभएको मेहनत सह्रानीय छ । यो पत्रिकामा प्रकाशित लेख, रचना, समाचारले धेरै विषयमा पाठकहरूलाई सुसुचित गरेको र नेपाली नयाँ जनवादी क्रान्ति, कम्युनिस्ट आन्दोलनमा धेरै टेवा पुऱ्याईरहेको छ । अन्तमा अझ स्तरोन्नति सहित यो हाँक साप्ताहिक पत्रिका नेता, कार्यकर्ता, आम जनता, अन्तर्राष्ट्रिय स्तरमा समेत पुग्न पुऱ्याउन सफल हुनु हुनेछ, यही शुभकामना दिन चाहन्छु ।

*साभारः २०८२ फागुन ३ गते हाँक टुडे अनलाइनमा प्रकाशित यो अन्तरवार्ता निर्वाचन बहिष्कारका सन्दर्भ र अन्य विषयहरूमा समसामयिक लागेकोले व्यापक पाठकहरूबीच लैजाने उद्येश्यले यहाँ साभार गरिएको छ । - सम्पादक*

# महिला, पितृसत्ता र संस्कृति



● गौरी देवकोटा ●

*विषय परिचयः*

हामीले अपनाउँदै आएका संस्कृति, महिला र पितृसत्ता एक अर्कामा अन्तरसम्बन्धित विषयहरू हुन् । संस्कृतिसँग महिलाहरू प्रत्यक्ष जोडिएका हुन्छन् भने पितृसत्ताबाट महिला नै बढी पीडित भएको पाइन्छ । जीवन जिउने क्रममा अपनाइएका गतिविधिहरू संस्कार र संस्कृतिको रूपमा स्थापित हुँदै जान्छ । संस्कृति निर्माणमा परिवार, समाज, राज्य व्यवस्था र आर्थिक अवस्थाको भूमिका महत्त्वपूर्ण रहन्छ । हरेक जाति, क्षेत्र, वर्ग र समुदायमा आ-आफ्नै पहिचान, क्षमता र मान्यता अनुरूपको संस्कृति स्थापित भएको हुन्छ । एक जातिको संस्कृति अर्को जातिसँग नमिल्न सक्छ त्यस्तै गरेर फरक फरक भूगोलको संस्कृति पनि फरकफरक नै हुन्छ तर समग्रमा नेपालमा स्थापित संस्कृतिलाई पितृसत्तात्मक सोच र संरचनाले प्रभाव पारेको पाइन्छ । पितृसत्तात्मक सोच र व्यवहारबाट विशेषतः महिला नै पीडित हुने भएकाले यस अवधारणापत्रमा नेपाली महिला, पितृसत्ता र संस्कृतिको विषयमा केन्द्रित रहेर केही चर्चा गर्ने जमर्को गरिएको छ ।

*क) महिला*

जैविक रूपमा पुरुषको तुलनामा केही कमजोर तर मनोवैज्ञानिक रूपमा निकै कमजोर, असाहाय र निरीह जातिको रूपमा पहिचान पाएको वर्गमा नेपाली महिला पर्दछन् । जैविक रूपमा भन्नाले महिलाको शारिरीक विकास पुरुषको भन्दा भिन्न हुन्छ । गर्भधारण गर्ने जिम्मेदारी पनि प्रकृतिले महिलालाई नै सुम्पेको छ । यसर्थ परिवारमा महिला र पुरुषको भूमिका भिन्नाभिन्नै हुनु स्वभाविक नै हो तर यसैलाई आधार बनाएर महिलामाथि गरिने भेदभाव र हेलाँहोचो भने हामीभन्दा अघिल्लो पुस्तासम्म असैह्य नै थियो । महिलामाथि गरिने कहालीलाग्दा अत्याचार र अपराधहरूलाई वर्तमान कानुनले रोक्ने प्रयास गरे तापनि हाम्रा कतिपय संस्कृतिभित्र अदृष्य रूपमा घुसेर रहेका महिला विरोधी मान्यताहरूले अझै पनि डस्न छाडेका छैनन् । जुन कुरा महिलाहरूले पत्तै नपाई सहर्ष स्वीकार गरिररहेको पाइन्छ र महिलालाई कमजोर बनाउने तत्त्वलाई महिलाहरूले नै मल जल गर्ने र संरक्षण गर्ने मुख्य भूमिका पनि निभाइरहेका हुन्छन् । उदाहरणको रूपमा श्रीमानलाई परमेश्वर मान्ने, पुजा गर्ने, उनको नाममा तिर्थब्रत गर्ने, उनीविना आफ्नो अस्तित्व नै नरहने कुरालाई मान्यता दिने जस्ता सोचलाई लिन सकिन्छ । हाम्रो संस्कृतिले छोरीहरूले जन्मदेखि नै तिरस्कार खेप्नु पर्नुको कारण छोरालाई मात्र वंशको आधार बनाउने र पुरुषलाई पुज्ने परम्पराले नै हो । छोराछोरी बराबरी गर्ने संस्कृति भएको भए महिलामाथिको हिंसा पक्कै कम हुँदो हो । तर पुरुष हावी भएर बनाएका सामाजिक नियम र मान्यताहरूमा पुरुषले महिलालाई दासीको रूपमा रहनु पर्ने र आफू मालिक जस्तो हुने परम्परा बसाए । त्यसैलाई आजसम्म सकि नसकी घिसार्दै गर्दा कयौं महिलाहरूले अकालमा ज्यान गुमाए त्यसको लेखाजोखा इतिहासमा कहिँ कतै भेटिँदैन । महिलालाई पशु बराबर ठान्ने पितृसत्ताको रजगजमा महिला हिंसाको तथ्यांक भेट्ने कुरा पनि भएन । अझै पनि महिलाको जन्म र मृत्युको प्राधिकार पितृसत्ताले निर्धारण गरिरहेछ । छोरी भए गर्भमै तुहिनु पर्ने र वंश धान्ने छोरा भए जन्मन पाउने सामाजिक प्रावधान कायम नै छ ।

छोरा वा छोरी जन्मनका लागि गर्भाधारणको प्रक्रिया उही, जन्मको प्रक्रिया उही, बिबाहपछि बस्ने बास उहीँ, खाने गाँस उही, दुःख सुख उही तर श्रीमान् उच्च र श्रीमती तुच्छ हुनै सक्दैन तर हाम्रा संस्कृतिमा महिला र पुरुषमा उँच र नीचको विभेदपूर्ण सोच मुकुटमा हीरा जडे जस्तै जडिएको छ । छोरीहरू सांस्कारिक बनाउन पितृसत्तात्मक सोच जडेको त्यै मुकुट भिराएर "सहु सहु सहु तिमी सहनै नसके पनि" भन्दै हुर्काइन्छन् र सहँदा-सहँदै सिध्याइन्छन् ! सिध्दिने त सिद्धिए अब पनि त्यसरी नै हुर्काउने वा नहुर्काउने महिलाकै हातमा छ । सहँदा सहँदै सिद्दिने कि आत्मसम्मानकासाथ बाँच्ने त्यो पनि महिलाकै विवेकमा भर पर्छ । महिलाले कमजोर प्राणीको दोषबाट मुक्त हुने हो भने पितृसत्तात्मक सोच पहिल्याएर त्यसलाई त्याग्न अपरिहार्य छ ।

अलिक अगाडिसम्म महिलाहरूको आफ्नै आर्थिक आर्जन कम हुन्थ्यो । २४ घण्टामा १८ घण्टासम्म काममा जोतिने महिलाहरू पैसाको लागि श्रीमानको भर पर्नु पर्ने हुन्थ्यो यसैले पनि हेपिएका थिए तर अहिले आर्थिक रूपमा पनि आत्मनिर्भर बन्दै गएको अवस्था छ र आत्मनिर्णयको क्षमता पनि वृद्धि भएको अवस्था छ । राष्ट्रिय जनगणना २०७८ अनुसार महिला साक्षरता दर ६९.४ प्रतिशत । यो अवस्था भनेको राम्रो हो । यो शिक्षित पुस्ताले अन्धविश्वास र महिलामाथि हुने हरेक विभेदको खुलेर प्रतिवाद गर्ने आँट गरेमा आगामी दिनमा महिलाहरूले पनि साँच्चै समान अधिकार र सम्मानजनक जीवन बाँच्न पाउने कुरामा आशा गर्न सकिन्छ तर यो पुस्तामा पनि अधिक महिलाहरू देखासिकिमा हिँडिरहेको दृष्यले आशालाई धमिल्याउने खतरा पनि छ ।

*ख) पितृसत्ता*

घर, परिवार वा राज्य सञ्चालन प्रक्रियामा पुरुषको अधिपत्य भएको सत्ता पितृसत्ता हो । पितृसत्तामा पुरुष मान्य र महिला अमान्य हुन्छ । पुरुषलाई केन्द्रमा राखेर बनाइएका नीति नियम, रहनसहन, शिक्षा संस्कृति भएको समाज पितृसत्तात्मक समाज हो । जसको आर्थिक आधार पुरुषमा निहित हुन्छ । त्यहाँको धार्मिक, सांस्कृतिक र व्यवहारिक सबै क्रियाकलापमा पुरुष सर्वश्रेष्ठ भनेर बुझाइएको हुन्छ भने महिलालाई पुरुषको अधीनमा राखिनु पर्ने मान्यतालाई आत्मसात गरिएको हुन्छ । पुरुषविनाका महिला असहाय ठानिन्छ र हरेक ठाउँमा पुरुष नै प्राथमिकतामा राखिएको हुन्छ ।

नेपाली समाज पनि हालसम्म पितृसत्तात्मक जीवनशैलीलाई अङ्गिकार गरिरहेको समाज हो । अझै पनि वंशमा 'छोरा त चाहिन्छ' भनेर छोरालाई काख र छोरीलाई पाखा गरेको देखिरहेका छौँ। श्रीमानलाई सर्वस्व ठान्ने र आफूलाई निकम्मा मान्ने चेतना बोकेर हिँडिरहेका छौँ । यो नै पितृसत्तात्मक चेतना हो । यो चेतना पुरुषमा मात्र हैन महिला पनि हुन्छ र हरेक जाति, वर्ग र समुदायका महिला पुरुषमा हुन्छ । अझ यो चेतनाको संरक्षण महिलाबाट बढी भएको पाइन्छ । हालसालैको एउटा उदाहरण दिन्छु- काम विशेषले छिमेकी टोलमा पुगेको थिएँ । सामाजिक भवनमा चिनेजानेका दिदीबहिनीहरूको जमघट रहेछ । देखेर बोलाएकाले गएँ । टोल तथा मन्दिर सरसफाई लगायत कामका लागि रकम सङ्कलन गरिरहेका रहेछन् । स्वइच्छाले मैले पनि केही रकम दिएँ । (यो कुनै उल्लेख गर्नु पर्ने विषय होइन, पितृसत्तात्मक सोच व्यवहारमा कसरी प्रस्तुत भइरहेको हुन्छ भनेर व्यक्त गर्न खोजेको मात्र हो ।) त्यहाँ पैसा दिने सबै महिला थिए तर पुरुषको नाम लेखिएको रहेछ । थाहा नहुने पुरुषको नाम खोजी गरेरै लेखिएछ । जुन आवश्यक थिएन । जसले पैसा दिएको थियो उसैको नाम लेखेको भए कसैको श्रीमानले पनि किन तेरो नाम लेखिस् भन्न आउने थिएनन् तर त्यहाँ महिलामा भएको पितृसत्तात्मक सोचले काम गरेको थियो । मास्टरडिग्री पढेकी महिलाले नाम टिपिरहेकी थिइन् तर उनको प्राथमिकतामा पुरुष नै थियो । पढेलेखेका महिलाले त पुरुषलाई नै सर्वेसर्वा ठान्छ सानो सामाजिक काममा सहभागी भएकी महिलाको नाम स्वीकार्न सक्दैन र पुरुषकै नाम खोज्छ भने पुरुषको भरमा गुजारा गरिरहेकी अनपढ महिलाले के गर्न सक्लिन् ? यो गम्भीर विषय हो ।

हामीसँग हातखुट्टा छ, मन मस्तिष्क छ, आँखा कान मुख सबै छ तर आफ्नो विवेकले आफ्नो निम्ति चलाउन जान्दैनौ चाहदैनौँ भने हामी सपाङ्ग हौँ कि अपाङ्ग ? प्रश्न आफैलाई गर्नुपर्ने हुन्छ । हामी आफै अपाङ्गता चाहान्छौँ भने अधिकारको कुरा गर्नु पनि बेकार हो । मान्छेले आफू अनुकूलको वातावरण र बाटो आफै बनाउने हो । आफ्ना छोराछोरीलाई के सिकाउने कस्तो बनाउने आफैमा निर्भर हुन्छ । हामी पुरातन सोच बोकेर हिँडिरहेका छौँ , पितृसत्तात्मक सोचलाई मान्यता दिन्छौँ, अन्धविश्वस र विकृतिको पछि लाग्छौँ भने हाम्रा सन्तानले सिक्ने पनि त्यही नै हो । हामी घर मुली (पुरुष)ले गरेको निर्णयलाई ठिक भए पनि बेठिक भए पनि अन्तिम निर्णय हो भनेर मानिरहेछौँ । पुरुष भनेको पुज्ने जात हो भनेर बालबच्चालाई सिकाइरहेछौँ भने उनीहरूले पनि त्यसैलाई अनुशरण गर्नु अनौठो हुँदैन त्यसैले हामीले महिलाहरूको जीवनमा सुधार ल्याउने हो भने हामी आफै सुध्रिन आवश्यक छ । पितृसत्ताले दिएको लम्बेतान दुःखको अन्त्यका लागि प्रथमतः महिलाले नै पितृसत्तात्मक सोच त्याग्नु पर्ने हुन्छ ।

आफ्नो लागि परिवारको लागि समाजको लागि र राष्ट्रको लागि पनि काम लाग्ने किसिमले हामीसँग भएको विवेकको प्रयोग गर्नुपर्छ । क्षमताको प्रयोग गर्नुपर्छ र पुरुष समान सम्मानित जीवन बाँच्ने प्रयत्न गर्नु पर्छ । महिला पुरुष दुवैमा एकअर्काप्रति उदार भावना, घआदरणीय व्यवहार र सौम्य वातावरण सिर्जना गर्नुपर्छ अन्यथा कि महिला पीडित कि पुरुष पीडित हुनजान्छ । अहिलेको संविधानले महिलाका पक्षमा धेरै राम्रा नीति नियमहरू समेटेको छ तर हामीले पुरातन सोच र व्यवहारलाई अङ्गाली रह्यौं भने कानुनले मात्रै महिलालाई न्याय गर्न सक्दैन ।

*ग) संस्कृति*

मान्छेले मान्दै आएको भाषा, धर्म, कला, साहित्य, आचारविचार, रहनसहन आदि क्रियाकलाप नै संस्कृति हो । देश काल परिस्थिति अनुरूप लामो समयदेखि कुनै पनि जाति वा समुदायले जीवन यापनका क्रममा परम्परादेखि अपनाउँदै आएका र मान्यता पाएको गतिविधि त्यो जाति वा समुदायको संस्कृति भनेर चिनिन्छ । अध्यताहरूले कुनै पनि जाति, समुदाय वा क्षेत्रको राजनीतिक, सामाजिक, आर्थिक वा शैक्षिक अवस्था कुन कालखण्डमा कस्तो थियो भनेर अध्ययन गर्नु पर्दा त्यहाँको संस्कार संस्कृतिलाई आधार बनाएर अनुसन्धान गर्ने भएकाले मानव सभ्यतामा संस्कृति एक महत्त्वपूर्ण विषय हो । तर अहिले बसाइँसराइ, सञ्चार र यातायातका कारण पहिचानको संस्कृति हराउँदै गएको छ । यौटा जाति समुदाय वा क्षेत्रको संस्कृति अन्य जाति समुदाय वा क्षेत्रकाले पनि मनाउने भएकाले मिश्रित संस्कृतिको निर्माण हुँदै गएको छ । जस्तैः छट तराईवासीको संस्कृति भनेर चिनिन्थ्यो भने अहिले अन्य क्षेत्र र समुदायले पनि मनाउन थालेका छन् । त्यस्तै केक काट्ने, वेवी सावर गर्ने, हल्दी मेहन्दी, राखी बाँध्ने जस्ता विदेशी संस्कृति भित्रिन थालेका छन् । यसले अबका दिनमा संस्कृतिले पहिचानको आधार गुमाउँदै जाने सङ्केत गर्दछ । वर्तमानमा संस्कृति परम्परालाई निरन्तरता दिने भन्दा पनि मनोरञ्जनका लागि र देखासिकीमा जस्तोसुकै संस्कृति मान्न थालेको अवस्था छ । यसले झालेमाले र जोकर संस्कृति तर्फ समाज अघि बढिरहेको देखाउँछ । यो सांस्कृति होइन विसङ्गति हो । यो विसङ्गतिलाई नत्याग्ने हो भने आगामी पुस्ताले पुर्खाको संस्कृति पुस्तकमा मात्र फेला पार्ने छन् । त्यसो हुनु मानव इतिहासको निम्ति दुःखद् पक्ष हो ।

संस्कृतिमा असमानता हुन्छ विभेद हुन्छ कतिपय अमानवीय अत्याचार पनि हुन्छ । जस्तैः नरवली प्रथा, छुवाछुत प्रथा, सती प्रथा, दास प्रथा, बाल विवाह जस्ता गलत संस्कृतिहरू हाम्रो समाजबाट हटाएको धेरै भएको छैन । यस्ता कुप्रथाहरूलाई कानुनले नै निषेध गरिसकेको छ भने कतिपय संस्कृतिमा अझै पनि महिला विरोधि, निम्न जाति र समुदाय विरोधि मान्यताहरू बाँकी नै छन् । जसलाई परिमार्जन गर्दै उन्नत संस्कृति निर्माणमा जोड दिनु पर्ने आवश्यकता छ । तर अहिलेको पुस्ता देखासिकीको संस्कृतिमा रमाउन थालेकाले संस्कृतिप्रति विशेषतः आमाहरू सचेत हुन जरुरी देखिन्छ । आफ्ना बालबच्चालाई कस्तो संस्कार संस्कृति सिकाउने र कस्तो नागरिक बनाउने भन्ने विषय बाबु आमाको हातमा हुन्छ । समाज अनावश्यक भड्किलो र विसङ्गतिपूर्ण संस्कृति तर्फ उन्मुख हुनुमा महिलाहरूको कमीकमजोरी र अविवेकीपन पनि एक हो ।

पितृसत्ता महिलालाई घरभित्रै सजाएर आफ्नो चाकडीमा कजाउन चाहन्छ । व्यापारीहरू जसरी हुन्छ धेरै बिक्री गरेर धेरै कमाउन चाहन्छन् । पुरोहित वा गुरु महाराजहरू आफू सम्मानकासाथ जिउने सजिलो उपाय खोजिरहन्छन् । यी सबैको चाहाना अनुसार महिलाहरू चलिरहेको देखिन्छ । महिलाहरूलाई आ आफ्ना योजनामा यिनीहरूले सजिलै परिचालन गरिरहेका हुन्छन् । उदाहरणको लागि साउनमा हरियो चुरा मात्रै नेपालमा अरबौंको भित्रिन्छ । त्यै अनुरूपमा शृङ्गारका अन्य सामाग्री र लुगाफाटा भित्रिन्छ । यसले व्यापारी मालामाल, हप्तै पिच्छे महिलाले मन्दिरहरू भरिभराउ हुन्छ अनेक बाबा र गुरुहरू मालामाल र महिलालाई दासी मान्ने पुरुषहरू गदगद बनाएर महिलाहरूले गलत गरिरहेका छन् तर उनीहरू यो मान्न तयार छैनन् किन कि उनीहरूलाई त्यो नै सहि हो भन्ने मीठो भ्रममा विश्वस्त पारिएको छ । प्रथमतः महिलाहरू यो भ्रमबाट मुक्त हुन जरुरी छ र पुरुषले पनि पुजिने संस्कारप्रति गर्व गर्ने होइन नबुझेका श्रीमती छन् भने बुझाउनु पर्छ । म भगवान होइन मान्छे हुँ भनेर सहर्ष स्वीकार गर्नुपर्छ ।

मान्छेलाई गलत खानपान र गलत जीवनशैलीका कारण रोग लाग्छ । रोगको कारण, दुर्घटनाका कारण र बुढ्यौलीका कारण मान्छेको मृत्यु हुन्छ भन्ने सत्यलाई बुझ्न छाडेर पढेलेखेका शिक्षित महिलाहरू पनि श्रीमान निरोगी बनाउन, श्रीमानको आयु बढाउन या छोराको श्रीवृद्धिका लागि भन्दै जपतप पूजापाठ गरिरहेको हामी पाउँछौँ । त्यसो भए ती महिलाहरूको परिवारमा सङ्कट नै परेको छैन त ? प्रश्न उठ्नु स्वभाविक छ । मान्छेको जीवनमा घटना परिघटनाहरू आउछन् । जसलाई भाग्यसँग जोडेर हैन व्यक्तिको व्यवहार,आचरण र विज्ञानसँग जोडेर हेरियो भने महिलाले अभागी बन्नै पर्दैन वा भाग्य सुधार्न चार चौरास गर्नु नै पर्दैन । तर हाम्रो संस्कृतिले त्यसो भन्दैन यो कोणबाट सिकाउँदैन र त पुरुष पुज्य संस्कृतिलाई अङ्कमाल गरिरहेका छौँ ।

जीवनकालमा मात्र होइन मरेपछि पनि महिलामाथि विभेद गरेको छ हाम्रो पितृसत्तात्मक संस्कृतिले । जस्तैः सोह्र श्राद्धमा मृत पुरुषको मात्रै श्राद्ध गरिन्छ । मरेको पुरुषलाई खानु पर्दा महिलालाई पनि त खानु पर्ला ? यो विषयमा प्रश्नहरू धेरै उठ्न थालेपछि पण्डितहरूले आफ्नो काममा पनि वृद्धि हुने र जजमानको चित्त पनि बुझाउन सजिलो हुने ठानेर अहिले मृत महिलाको पनि श्राद्ध गरे हुन्छ भनेर गराउन थालेको पाइन्छ । आउँदा दिनमा महिला पुरुष दुबैको सोह्र श्राद्ध गर्ने संस्कृति बस्न सक्छ । आखिरी कसले बनाउने रहेछ त संस्कृति ? हामी आफैले रहेछ । यसैले हाम्रो पुस्ता भनेको शिक्षित पुस्ता हो । के सहि र के गलत छुट्याउन सक्ने पुस्ता हो । कागले कान लग्यो भनेर कानै नछामी कागको पछि दगुर्नु ठिक होइन । हामीले संस्कृति र विकृति छुट्याएर सहि संस्कृतिको संरक्षण र गलत संस्कृतिमा परिमार्जन गर्न आवश्यक छ र मनासिब पनि हुन्छ ।

*निष्कर्ष :*

पितृसत्ताले सत्ता, शक्ति र सम्पत्तिबाट महिलालाई वञ्चित गरेर निरीह बनायो । शिक्षाबाट टाढा राखेर अबुझ बनायो र संस्कार संस्कृति मार्फत पितृसत्तात्मक चेतना घुसाएर पुरुषकै हीतमा प्रयोग गर्यो । उनीहरूले जे जे भट्याए त्यही त्यही पत्यायौँ । खेतीपाती, बस्तुभाउ, बन जङ्गल, घर परिवार सबै धानेर पनि पुरुषको अगाडि निरीह बनिरह्यौँ । आफूमाथि जति नै लाठी मुङ्ग्री बजारे पनि उनैलाई देउता मानिरह्यौँ । यो नै महिला पीडित हुनुको मूल कारण बन्यो ।

समय बदलिएको छ । समय अनुसार चल्न सिकौँ ।व्यवस्था बदलिएको छ । दबिएर नबसौँ, बोल्न सिकौँ । महिलालाई पुज्ने श्रीमान् हैन बुझ्ने जीवनसाथी चाहिन्छ । धेरै कुरा बदलिसकेको छ, बदलिन बाँकी हामी छौँ । हाम्रो सोच छ । अन्धविश्वास र कुसंस्कार त्यागौँ । विकृतिमा नलागौँ । सकारात्मक सोचौँ । सन्तानलाई सत्कमार्गमा लगाऔँ, अभिभावकलाई आदर गरौँ । कसैको हानी नोक्सानी नगरौँ । खराब आचरणमा नलागौँ । मन यसै शान्त हुन्छ । शान्त मन जहिल्यै पवित्र हुन्छ । पवित्र मन र पवित्र तनलाई सुसंस्कृत सभ्य र प्रगतिशील समाज निर्माणमा लगाऔँ । साहास थपिनेछ । जीवन बद्लिनेछ र साथसाथै समाज पनि बद्लिनेछ ।

(यो अवधारणा पत्र दाहाल छोरी बुहारी चौतारीले २०८२/४/२९ मा गर्ने अन्तरक्रिया कार्यक्रममा प्रस्तुत गर्न लागि तयार गरिएको हो)

---

❑ यो साता कविता

## दुई कविता



❑ कमला नेपाली

### म श्रीमती

*म श्रीमती हुँ,*
*नामभन्दा पहिले*
*जिम्मेवारीले चिनिने ।*
*विवाहपछि*
*सम्मान एकैचोटि हराउँदैन,*
*बिस्तारै*
*बोलाइबाट झर्छ ।*
*पहिले मेरो कुरा सुन्नुहुन्थ्यो,*
*अहिले बीचमै काट्नुहुन्छ ।*
*पहिले आँखा पढ्नुहुन्थ्यो,*
*अहिले शब्द पनि भारी लाग्छन् ।*
*म धेरै माग्दिनँ,*
*न सुनको सपना,*
*न ठूलो दरबार–*
*मलाई त*
*दुई शब्द आदरका*
*र थोरै साथ चाहिन्छ ।*
*म चुप बस्छु भने*
*कमजोर होइन,*
*सम्बन्ध जोगाइरहेकी हुँ ।*
*तर सम्झनुहोस्,*
*माया मात्रले होइन,*
*सम्मानले घर टिक्छ ।*
*एकदिन*
*यदि मेरो मौन टुट्यो भने,*
*त्यो रोएको आवाज होइन,*
*आफ्नो मूल्य सम्झिएको*
*श्रीमतीको गर्जो हुनेछ ।*

### हाम्रो आवाज

*हामी श्रीमान् विदेश पठाउन चाहँदैनौँ,*
*हामी घरमै भविष्य चाहने महिला हौँ ।*
*काख रित्तो पारेर*
*देश धान्ने जिम्मा*
*हामीले लिएका होइनौँ ।*
*श्रीमान् परदेशमा छन्,*
*यहाँ घर, बच्चा र प्रतीक्षा*
*मेरो काँधमा छ ।*
*यो बलियोपन होइन,*
*यो बाध्यता हो ।*
*नेताले परिवर्तन भने,*
*तर हाम्रो जीवनमा*
*अझै बाटो कुराइ छ ।*
*भाषण धेरै सुनेँ,*
*काम अझै देखिनँ ।*
*हामीलाई दया चाहिँदैन,*
*हामीलाई*
*घरमै रोजगारी चाहिन्छ ।*
*टिकट होइन,*
*सम्मानित जीवन चाहिन्छ ।*
*यो मेरो मात्रै होइन,*
*हजारौँ महिलाको गर्जो हो–*
*देश बनाऊ,*
*हाम्रो घर नफुटाऊ ।*

---

## आमा



❑ बुद्धि गैरे

*हुन् धरती समान मनुमा वात्सल्य की सागर*
*हुर्कन्छन् बबुरा सबै जगतमा काखमा यिनैका भर*
*आमा साथ भए रुदैनन् शिशुले आधार यिन कै लिदै*
*दिन्छिन काख सुधा खुशी मन हुँदै पीडा भएमा कतै ।*

*आमाकै भरमा छ सृष्टि गतिमा दैवज्ञ नै ठान्दछु*
*मैनौं कोख दिने सहेर कसला देवी सरी मान्दछु*
*नानी बाबुहरु सुखी यदि भए आमा खुशी छन् सधैं*
*आफ्ना साख दुःखी भए यदि भने बस्छिन् दुख कुदैं*

*दिन्छिन् है जननी बुता दुख हुँदा कस्तै विपतमा अनि*
*शन्तान् ती बबुरा सधैं दुखदमा आमा पुकार्छन् पनि*
*आमा छन् घरमा अहो यदि भने हुन्छन् उजेला घर*
*आमा साथ भए कदापि जगतमा लाग्दैन केही डर ।*

*सानो बाल छँदा हसाइ खुसले आमा सधैं रम्दछिन्*
*हिंड्ने वाल हुँदा अहो रुचिलिदै ताते भनि हाँस्दछिन्*
*खाना खान सिकाउँदै जतनले को खाइ पो भन्दछिन्*
*आमा हुन पहिलो गुरु करूणले सन्सार हेराउँछिन्*

*माया मिल्छ सबै जगतका प्राणीहरुमा तर*
*आमाले जसरी पवित्र मनले कोही अरु दिन्छर?*
*भोको पेट रहेर क्वै दिनहरु पानी पिएकै भर*
*गर्छिन् कैयन काम हेर जननी सन्तानका खातिर ।*

*मिल्छन् साथ दिने तथा मन लिने बन्छन् दया सागर*
*निस्वार्थी जननी समान मनुमा मिल्दैन कोही तर।*
*आमा वृद्ध हुँदा अशक्त रहँदा सेवा गरौं धर्म हो*
*आमाको महिमा भुलेर कपटी बन्ने महा मुर्ख हो ।*

## सहिदका....

सम्पुर्ण पक्षलाई कुल्चेर हालसम्म जेनजी आन्दोलनको प्रतिवेदन नै सार्वजनिक गरिएन कुनै पनि दोषी अपराधी माथि कुनै प्रकारको कार्वाहीको उच्चारण सम्म गरिएन ।मात्र २०८४को नियमित हुने निर्वाचन लाइ २०८२मा सारेर राष्ट्को खरबौं ढुकुटी रित्ताउने कामलाई प्राथमिकतामा राखियो ।यसबाट देश जनता जेनजीका मर्म कुनै पूर्ण हुने देखिन्न ।नेपालमा दर्जनौ पटक चुनाव भए दर्जनौ पटक पार्टीका प्रतिबद्धता घोषणा पत्रमा सार्वजनिक भए । प्रतिबद्धताको मात्र विश्लेषण गर्ने हो भने देश आज सम्म कहाँ पुग्थ्यो ? के हुन्थ्यो ?नेपाली जनताको अवस्थामा कति परिवर्तन हुन्थ्यो ? त्यसकारण काम एकातिर प्रतिबद्धता अर्को तिर यसमै देश बर्बाद भयो । देश वृद्धाश्रम बन्यो ।युवा शक्ति पूर्ण रूपमा पलाएन भए । भ्रष्टाचार नभएको संघ सस्था नेता कार्यकर्ता कर्मचारी, ठेकदार न्यायालय कुनै खाली रहेन ।नेपालभरी करिब ३७ हजार भन्दा बढि अख्तियारमा मुद्धा फर्स्योट हुन सकेका छैनन् । अर्थतन्त्र रित्तियो । सहिदका सपना सपनामै हराए ।द`श बनाउने अठोटमा लागेका वीर योद्धाहरूको जीवन बर्बाद भयो । फेरि पनि प्रतिबद्धताहरू सार्वजनिक हुँदैछन् । तिनी सबै अरुको भन्दा मेरो माल सामान सस्तो राम्रो भर पर्दो वारेन्टी भएको भन्ने विज्ञापन जस्ता भ्रम जाल फिजाएर चुनाव जित्ने षडयन्त्र बाहेक अरु जनताले बुझियो भने देश अर्कै लाई सुम्पाउने वैधानिक लाइसेन्स दिनु बाहेक अरु केही हुने छैन ।

नेपालमा निर्वाचनको घोषणा प्रतिबद्धता आउँदैछन् । दलहरू मैदानमा छन् तर जनताको लर्को भारत र अन्य मुलुक तिर ओइँरिदै छन् । कतै कतै त गाउँ वस्ती पूर्ण रूपमा खाली छन्। स्वदेशमा बस्ने जनताका पीडा र विदेशमा तड्पिरहेका आम देश प्रेमी नेपाली जनताको मन मष्तिष्कमा र मन मुटुमा यस्तै यस्तै पीडादायी अल्मलिएका र घात प्रतिघातका दर्जनौं प्रश्नका चाङ छन् तर जवाफ छैनन् । कारण जवाफ दिने कसले ?दिने जमर्को गरिहाले पनि दिने के ?तराइ देखि हिमाल सम्मका पीडा भोगाइ आ आफना प्रकारका अवस्थामा छन् पीडित र पीडक पनि त्यसै अनुसारका छन् । हल गर्ने माध्यम नेपाली मुलमा जन्मेका राष्ट्र प्रति माया मोह भएका कुनै पनि राष्ट्र प्रेमी अविभावक अहिले सम्म भेटिएन । देश भित्रका दलाल नेपालमा जुन सुकै मोडेलका आन्दोलन संघर्षहरू भए पनि उनै विस्तारवाद र साम्राज्यवादका निकट नातेदार हितैषी बनेर विगतका बाचा बन्धन जनता सामु खाए गरेका प्रतिबद्धता कसम सबै लत्याइदिए पछि आम न्याय प्रेमी जनतासंग जसरी जुन माध्यमबाट भएपनि देश बचाउँने विकल्पको खोजी र लाम बद्ध हुनका लागि आह्वान गर्नु बाहेक अरु हुन सकेन ?

देशमा आमुल परिवर्तनका लागि पटक पटक गरिएका मेहनत सबै घातक धोकेवाजका सम्झौतामा विदेशी दलालका बन्द काला कोठीहरूमा जनताका रगत पसिनाका चुस्कि लगाउदै आखाँ तिरमिर बनाउदै मस्तानामा हुने गरे ती देशका र जनताका लागि थिएनन्। मात्र अवसरवादी धोकेवाज विचौलिया शंसोधनवादी लुटेरा मिलेरावादी भ्रष्टचारी रक्तपिपासु दलाल (राष्ट्रको अहित चाहने) हरू सँग र तिनीहरू पनि त्यही कम्पनीका बफादार भक्त पाउँमा लम्पसारवादी बाहेक अन्य हुन सकेनन् । आज छर्लङ्ग हुने गरी प्रमाणित भै सकेको छ । कसले के गरयो ?देशको अर्थतन्त्र डावाडोल हुनमा कारण के थिए ?जाली फटाहा चोर डाका देशका युवा युवती लाई बेच्ने मानव तस्करी गर्नमा कसको हात थियो ?भन्ने कुरा जेनजी आन्दोलनले आमका सामु छर्लङ्ग र स्पस्ट देखायो ।

अब जनताले आफनो घर दैलामा आउने यो समय बाहेक फेरि अर्को चुनाव पर्खनु पर्छ किनभने जित्ने शहरीया मोज मस्ति सुख सयल कमिसन मोटो रकम प्राप्त गर्ने विकल्पका वैधानिक अवैधानिक भ्रष्टचारको मार्फत फेरी आउने र गएको चुनावी खर्च उपर गर्ने देश विदेश सयर गर्ने आफना आफन्तको लागि जागिर व्यवस्थापन कुर्सीको दौड धुप सांसद किनबेच आफन्तलाई ठेक्का पटटाको सेटिगं गर्ने घर घडेरी छोरा छोरी नाति नातिना महगां कलेज विदेश स्वदेश विवाह अत्यधिक भड्किलो तरिकाले गराउनु पर्ने दर्जानौं काममा ब्यस्त हुन्छन ।मौकामा नगरे फेरि मौका आउला नआउला ?भन्ने अवसरवादी प्रकारको सोचमा ग्रस्त हुन्छन् । त्यसकारण चुनावमा मरिहत्य गरेर फूलमालाले सजाउदै खाइ नखाइ जनतालाई जति सक्यो अन्यौल भ्रम कसरी छर्ने भनेर मर्ने कार्यकर्ता समेतले दुःख सुख पोख्ने उनका कुरा सुन्न समेत फुर्सत हुदैन । अर्को तर्फ हार्नेले छुटटै योजना म किन हारे ?अरुले कसरी जिते गणित हिसाब गर्दा गर्दै कसै संग भेटघाट दुःख सुख गर्ने फुर्सत सम्म हुदैन बरु यिनीहरूले मलाइ हराए भनेर द्वैसका भावना पराजितका आरोपित पीडा मै दिन बिताउँछन् । तर्सथ नेता लाई जे भन्नु छ । यो भन्दा अन्य समयमा त्यति वैज्ञानिक नहुन सक्छ ?

हामीले गर्नु पर्ने प्रश्न १)सहिदका सपना कति पूरा भए ?कति बाँकी छन ?

२) कुनै पनि आन्दोलनको समयमा सहिद भएकाहरूको परिवार जनका समस्या अंग भंग घाइते बेपत्ता योद्धा उहाँहरूका सपना उहाँहरूका सन्तानको लागि के भयो ? आज सम्म के के गरियो ? अब के के गर्न बाँकी छन् ?अबका योजना के के छन्?

३) जेनजी विद्रोह हुनुको करण के थियो ?

४)२०८४को नियमित निवार्चन २०८२मा किन सार्नु परेको ?कारण के थियो ?

५)गत निर्वाचनमा गरिएका प्रतिबद्धता कति पुरा भए ?बाँकी छन भने किन ?पुरा हुन सकेनन् ?

६) यति व्याप्त भ्रष्टाचार किन भयो ?

७)जेनजी आन्दोलन पछि बनेको सरकार शुद्ध नागरिक कुनै दल पार्टीसँग सम्बन्ध नभएका भनियो अहिले सरकारमा गएका मन्त्री खै कहाँ छन् ?

८) जेनजीले उठाएको मुद्दा निर्वाचन थियो ?होइन भने उहाँ हरूका माग सम्बोधन भए ?भएनन् भने किन ?

९)जेनजी विद्रोहमा भए गरिएका क्षतिको छानविन आयोगले सबै छानविनको प्रतिवेदन सार्वजनिक गरयो र दोषीलाई कार्वाही भयो ?

१०)नेपालको शिक्षा स्वास्थ्य जनताका गाँस बाँस कपास सुकुम्बासी समस्या हल भए ?

११) एमसीसी सम्झौताले नेपाललाईकति फाइदा कति बेफाइदा छ ? एमसीसी लागू गर्नु पर्ने कारण के थियो ?

अहिले कतै कतै जनताले प्रश्न सोध्दा गुण्डाहरूले धम्काइ रहेका छन् । निर्वाचनकै समयमा धम्काउने दल पछि सत्तामा गए भने कस्तो शासन होला ?

लगायतका प्रश्न जनताले घर दैलोमा धनुष्टंकार ढोग गरेर नाता लगाउन आउने लाई गर्ने कि नगर्ने ?

अन्तमा फेरि पनि भूल भूलैया नपरौं देशको अवस्था नाजुक छ ।अब देश रहन्छ रहन्न भन्न सकिने अवस्थामा छ । देश गम्भीर मोडमा पुगेको छ । त्यसकारण राष्ट्रवादीहरू अति चनाखो हुनु पर्ने अत्यन्तै जरुरी छ । हामी सधै इमान्दारी देखाएर पुग्दैन । हामीले जिताएर पठाएका सँग इमान्दारीता खोइ ?त्यसैले फेरिपनि धोका भ्रम सहिदका सपना सधै अधुरा ,आन्दोलनमा अंगभंग बेपत्ता घाइतेहरू र उहाँहरूका सन्तानको सधै विजोग खाली प्रतिबद्धताको भूल भूलैयामा पर्नु भन्दा बहस गर्नु आवश्यक छ । विकल्पमा स्वाधिन संयुक्त सरकार बाहेक विकल्प छैन ।

## देशैभर...

समर्थन प्राप्त पायो । माओवादीहरूको अन्तर्राष्ट्रिय संगठन रिमले समर्थन गऱ्यो । उसले सगरमाथाको देश नेपालबाट क्रान्तिको झण्डा फहराइरहेको छ भनेर आफ्नो म्याग्जिनमा समाचार नै छाप्यो । छाटो समयमा नेपाली जनयुद्धले विश्वनै प्रभावित र चकित तुल्यायो । तर आफ्नो शक्ति र जनतामाथिको विश्वासलाई कम आँक्दै प्रचण्ड बाबुरामले सम्झौता गरेपछि जनयुद्धमाथि ठूलो धोका हुन पुग्यो । आज हामी जयुद्धबाट शिक्षा लिँदै फेरि जनयुद्धलाई नयाँ ढंगले अगाडि बढाउन खोजिरहेका छौं । प्रचण्डहरू भने रुकमतिर चुनाव जित्नलाई अनेक तमसा देखाइरहेका छन् ।"

चुनावबारे पार्टीको धारणा राख्दै उहाँले भन्नुभयो, "चुनावमा भाग लिन पनि सकिन्छ । तर अहिले विदेशीको नांगो हस्तक्षेप र उनीहरूद्वारा प्रयोजित चुनावमा भाग लिँदा साम्राज्यवादी हस्तक्षेपका विरुद्ध गर्नुपर्ने संघर्ष कमजोर हुने भएकोले हामीले यो निर्वाचन बहिस्कार गरेका हौं । जनयुद्ध भइरहेको बेलामा त बहिस्कार गर्दा पूरै बहिस्कार त हुँदैनथ्यो भने अहिले त स्थिति त्यस्तो होइन ।" उहाँले सुशिला कार्की सरकारले जनयुद्धका जीवित सहिदको रूपमा रहेका पार्टीका केस पूर्णबहादुर खड्कालाई पक्राउ गरेर फासिवादी चरित्र देखाएकोप्रति आक्रोश पोख्नुभयो । अहिले पार्टी शान्तिपूर्ण रूपमा निर्वाचन बहिस्कारको आन्दोलनमा रहेको भन्दै राज्यले गर्ने फासिवादी दमनको सामना गरेर अगाडि बढ्ने चेतावानी दिनुभयो । उहाँले पार्टीपंक्तिमा भन्नुभयो, "यो चुनाव भनेको क्षणिक वा तात्कालिक कुरा मात्रै हो, हामीले लामो तयारीका साथ अगाडि बढ्नु पर्दछ । सानोबाट ठूलो, थोरैबाट धेरै, कमजोरबाट शक्तिशाली हुने गरी आफ्ना योजना र कार्यक्रम बनाएर अगाडि बढ्नु नै सही माओवादी तरिका हो ।"

त्यसैगरी जनयुद्ध दिवस समारोहका अध्यक्ष तथा पार्टीका स्थायी समिति सदस्य रामसिंह श्रीसले जनयुद्धलाई स्मरण गर्नेहरूमा दुई धार रहेको भन्दै भन्नुभयो, "आज नेपालको इतिहासको अत्यन्तै महत्वपूर्ण दिन हो । जनयुद्धलाई स्मरण गर्ने दुईवटा धाराहरू छन् । एउटाले स्मरण गर्ने काम मात्रै गर्दछ भने अर्को धारा भनेको सबाट शिक्षा लिएर अर्को सशस्त्र क्रान्ति गर्ने धारा हो । हाम्रो धारा भनेको जनयुद्धबाट शिक्षा लिएर सशस्त्र क्रान्तिको दिशामा अगाडि बढ्ने, बढाउने धारा हो ।" उहाँले भन्नुभयो, "जनयुद्ध सफल भयो भन्ने हाम्रो निष्कर्ष होइन । जनयुलाई सम्झौतामा टुंग्याइयो । जनयुद्ध भिन्न रूपमा जारी छ । क्रान्ति पूरा भएको भएको छैन । जनयुद्ध जुन तरिकाले गरिएको थियौं, अहिले त्यही तरिकाले होइन, विकसित परिस्थितिमा आधारित भएर गर्ने कुरा हो । क्रान्तिका निम्ति सशस्त्र संघर्ष अपरिहार्य कुरा हो । तर संघर्षको रूप तत्कालिन परिस्थितिमा भर गर्दछ ।"

उहाँले भन्नुभयो, "आजको दिनमा क्रान्तिकारीहरूले गर्ने भनेको विगतबाट शिक्षा लिँदै सशस्त्र संघर्षप्रतिको प्रतिबद्धता हो । नेपालमा सर्वहारा किसान श्रमिक वर्गको राज्यसत्ता निर्माणका निम्ति श्रमिक जनतालाई उत्प्रेरित र उत्साहित बनाउने कुरा हो । यही प्रतिवद्धता म व्यक्त गर्दछु ।"

नयाँ जनवाद-वैज्ञानिक समाजवाद-जिन्दावाद !, साम्राज्यवादद्वारा प्रायोजित संसदीय निर्वाचन बहिस्कार गरौं, स्वाधीन संयुक्त सरकार गठन गरौं उल्लेखित व्यानरमा गरिएको जनयुद्ध समारोहको सञ्चालन पार्टीका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओलीले गर्नुभएको थियो भने कार्यक्रममा स्वागत मन्तव्य स्थायी समिति सदस्य सन्तबहादुर नेपालीले राख्नुभएको थियो । उहाँहरूले पनि जनयुद्धको महानता र जनयुद्धको क्रममा भएको अद्वितीय बलिदानको विशेष चर्चा गर्नुभएको थियो ।

बाँके बर्दियामा ३१ औं जनयुद्ध दिवस भव्य रूपमा सम्पन्न

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल बाँके बर्दियाको संयुक्त आयोजनामा ३१ औं महान जनयुद्ध दिबस समारोह बर्दियाको भोलागौडिमा भब्य रूपमा सम्पन्न भएको छ । केन्द्रीय सदस्य तथा बाँके जिल्ला सेक्रेटरी पिटीको अध्यक्षता सम्पन्न कार्यक्रमको संञ्चालन बर्दिया जिल्ला सेक्रेटरी बिनयले गर्नुभएको थियो भने स्वागत मन्तब्य जलनले राख्नु भएको थियो । उक्त कार्यक्रमको प्रमुख अतिथि ३ नं. ब्युरो ईन्चार्ज तथा केन्द्रीय पोलिट ब्युरो सदस्य शिखर हुनुहुन्थ्यो भने अतिथिहरूमा पार्टी केन्द्रीय सदस्य तथा बर्दिया जिल्ला ईन्चार्ज बिपिन, पार्टी केन्द्रीय सदस्य कुशल केन्द्रीय सल्लाहकार किरण क्रान्तिकारी दलित मुक्तिमोर्चा बाँकेका संयोजक शक्ति, मुस्लिम मोर्चा बर्दिया जिल्ला संयोजक नईम हासमी, क्रान्तिकारी महिला संगठन बर्दिया जिल्ला संयोजक छाँया रहनु भएको थियो । कार्यक्रमका प्रमुख अतिथि शिखरले शुभकामना मन्तब्य राख्ने क्रममा शहीदहरूको सपना पूरा गर्न र सर्बहारावर्गको पुर्ण मुक्तिको लागि अझै बलिदानको खाँचो परेको बताउनु भएको थियो । आगामी फागुन २१ गते हुने दलाल संसदीय निर्वाचन बहिस्कार गर्न सबैले जोड गर्नुपर्ने कुरा दर्साउनु भएको थियो । नेपाल कम्युनिस्ट पार्टीबाट पार्टी प्रवेश गर्नुभएका हरिराम थारु, राजु चौधरीलाई कार्यक्रमका प्रमुख अतिथिले अबिर लगाएर पार्टीमा स्वागत गर्नुभएको थियो ।

***बिराटनगरमा दीप प्रज्वलन***

३१ औं जनयुद्ध दिवसको अवसरमा विराटनगरको जनआन्दोलन चोकमा दीप प्रज्वलन कार्यक्रम सम्पन्न गरिएको छ ।

***पूर्णबहादुर खड्का सम्मानसँगै जनयुद्ध दिवस सम्पन्न***

३१ औं जनयुद्ध दिवसको उपलक्ष्यमा १० ब्यूरोले शुभकामना आदान प्रदान कार्यक्रमको सम्पन्न गरेको छ । सिन्धुलीमा आयोजित कार्यक्रमा चुनाव बहिष्कार अभियानका क्रममा गिरफ्तार भइ रिहा हुनु भएका क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य पुर्ण ब. खडकालाई सम्मान गरिएको थियो ।

***पोखरामा पनि ३१ जनयुद्ध दिवस भव्य रूपमा सम्पन्न***

३१औं जनयुद्ध दिवस पोखरामा भव्यताका साथ सम्पन्न भएको छ । कास्कीको पोखरा महानगरपालिका-१०, अमरसिंहचोकस्थित लालटिन कटेजमा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल जिल्ला कमिटी कास्कीको आयोजनामा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा पार्टीका कास्की जिल्ला सेक्रेटरी विक्रम थापाको अध्यक्षता रहेको थियो भने ७ नम्बर ब्युरो सेक्रेटरी नारायण अधिकारी प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो । त्यसैगरी केन्द्रीय सल्लाहकार रामजी थापा, ७ नम्बर ब्युरो संयोजक बमबहादुर छन्त्याल, केन्द्रीय सदस्य भीम श्रीस लगायत नेता तथा कार्यकर्ताहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि नारायण अधिकारीले आगामी फागुन २१ गते हुने निर्वाचनलाई सशक्त रूपमा बहिष्कार गर्ने चेतावनी दिनुभयो। देशमा अहिलेसम्म जनवादी राज्यसत्ता प्राप्त नभएको उल्लेख गर्दै उहाँले जनवादी राज्यसत्ता स्थापना नभएसम्म पार्टीको संघर्ष जारी रहने बताउनुभयो ।

उहाँले तत्कालीन जनयुद्धलाई न्यायपूर्ण क्रान्ति भएको दाबी गर्दै अब नयाँ जनवादी क्रान्ति मार्फत वैज्ञानिक समाजवादतर्फ देशलाई अघि बढाउने पार्टीको लक्ष्य रहेको स्पष्ट पार्नुभयो। विगतमा विभिन्न स्थानमा तत्कालीन शाही नेपाली सेनासँग भएका घटनाहरूको संक्षिप्त विवरण प्रस्तुत गर्दै महान शहीदहरूको स्मरण समेत गर्नुभयो ।

त्यसैगरी अन्य वक्ताहरूले जनयुद्ध दिवस मनाउने क्रममा जनयुद्धबाट प्राप्त उपलब्धिहरू संस्थागत भए/नभएको विषयमा समीक्षा आवश्यक रहेको धारणा राखे । केही वर्गले जनयुद्धको बाटो त्यागेको आरोप लगाउँदै आफ्नो पार्टीले जनताको मुक्तिका लागि पुनः नयाँ सिराबाट संघर्ष अघि बढाइरहेको दाबी गरे ।

वक्ताहरूले जनयुद्धको आधारमा गणतन्त्र स्थापना भए पनि जनताको पूर्ण मुक्ति हासिल हुन नसकेको, समाजमा दमन र उत्पीडन कायम रहेको उल्लेख गर्दै शहीदहरूको सपना पूरा गर्न अझै संघर्ष आवश्यक रहेको बताए ।

दाङमा पनि ३१ औ महान जनयुद्ध दिवसका अबसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न गरिएको छ । पार्टी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पोलिटी ब्युरो सदस्य तथा ४ न क्षेत्रीय ब्युरो इन्चार्ज/सेक्रेटरी समीरको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न गरिएको थियो ।

***चितवनको भरतपुरमा पनि जनयुद्ध दिवस भव्य रूपमा सम्पन्न***

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल, चितवन जिल्ला समितिको आयोजनामा ३१ औं जनयुद्ध दिवस भरतपुरमा एक कार्यक्रम गरेर मनाएको छ । पार्टीका राजनैतिक ब्युरोका सदस्य एवं ११ नम्बर ब्यूरो संयोजक अटल प्रमुख अतिथि रहनु भएको कार्यक्रममा राजनैतिक ब्यूरो सदस्य एवं क्रान्तिकारी महिला संगठनका अध्यक्ष अम्बिका मुडभरी, जनसांस्कृतिक महासंघका जिल्ला अध्यक्ष रविकिरण निर्जीव सहित पार्टीका सदस्य, समर्थक शुभचिन्तक जनता समेतको सहभागिता रहेको थियो ।

कार्यक्रममा रविकिरण निर्जीवले जनयुद्धका क्रममा जेल हिरासतको मोर्चाका अनुभव सुनाउनु भयो । अम्बिका मुडभरीले चितवनमा जनयुद्धका तुफानी दिनहरूको स्मरण, पटकपटकको जेल र हिरासतका अनुभव र देशैभरी खासगरी महिला, उत्पीडित समुदाय र क्षेत्रका जनतामा पैदा भएको जागरणको विषयमा आफ्नो धारणा राख्नु भयो ।

प्रमुख अतिथी अटलले जनयुद्धका आफ्ना स्मरण सहित वर्तमान राजनैतिक परिस्थितिका विषयमा आफ्नो धारणा समेत राख्नु भयो । आगामी फागुन २१ गते हुने भनिएको प्रतिनिधि सभा निर्वाचन बहिष्कारको कार्यनीति अप्नाउँदै आएको क्रान्तिकारी कम्युनिस्ट पार्टी सहित अन्य कतिपय राजनीतिक दलले आह्वान गरेको संघर्षका कार्यक्रम बारेपनी अटलले आफ्नो मन्तव्य व्यक्त गर्नु भयो । जिल्ला इन्चार्ज बिकासको अध्यक्षता एवं कुलप्रसाद रिजालको सञ्चालनमा भएको कार्यक्रममा रविकिरण निर्जीव र नारायण शर्मा बिपिनले कविता वाचन गर्नु भएको थियो ।

## अखिल...

घोर भत्सर्ना गर्दै राष्ट्रपति दम्पतिलाई ससम्मान अबिलम्ब रिहा गर्न जोडदार माग गर्दछ ।

२. मध्यपूर्वमा एकछत्र हैकम कायम गरी त्यहाँको पेट्रोलियम पदार्थ नियन्त्रणमा लिन इरानमा लोकतन्त्र बहाली गर्ने र आणविक हतियार बन्नबाट रोक्ने नाममा स्वाधीन देश इरानमाथि पुनः आक्रामण गर्न अमेरिकी साम्राज्यवाद मध्यपूर्वी देश तथा त्यसको वरिपरी रहेका सागरमा युद्धपोत लगायत आफ्नो फौजी शक्ति केन्द्रीत गरिएको छ । महासंघ यसको भत्सर्ना गर्दै ती फौजी शक्ति विना सर्त फिर्ता गर्न जोडदार माग गर्दछ ।

३. डेनमार्कको स्वायत्त प्रदेश ग्रीनल्याण्डमाथि अमेरिकी गिद्धेदृष्टिको घोर भत्सर्ना गर्दै ग्रीनल्याण्डको सार्वभौमिकता स्वीकार गर्न जोडदार माग गर्दछ ।

४. प्यालिस्टानी गाजापत्तीमा इजरायली विस्तारवादद्वारा निरन्तर रूपमा गरिँदै आएको नरसंहार तुरुन्त बन्द गरी प्यालिस्टिनी राज्यको सार्वभौमिकता स्वीकार्न हाम्रो महासंघ जोरदार माग गर्दछ ।

५. प्यालिस्टिनको पुर्ननिर्माणको नाममा अमेरिकी साम्राज्यवादद्वारा नवनिर्मित पीस प्याक, जसको उद्देश्य संयुक्त राष्ट्र संघलाई विस्थापित गरी विश्वमा आफ्नो एक्लो हैकम चलाउने उद्देश्य हो, यसलाई खारेज गर्न महासंघ जोडदार माग गर्दछ ।

६. नेपालको कठपुतली सरकारको निर्देशनमा महान्यायधिवक्ताको कार्यालयबाट सम्पति छानबीनको मुद्दा नचलाउने निर्णय तत्काल खारेज गर्न हाम्रो महासंघ जोडदार माग गर्दछ ।

७. चुनावमा भाग लिने वा बहिष्कार गर्ने कुरा पार्टी, व्यक्ति वा संस्थाको संविधान प्रदत्त मौलिक लोकतान्त्रिक अधिकार हो । तर यसको विपरित चुनाव बहिष्कार गर्न पर्चा बाड्नेहरूलाई गिरफ्तार गर्ने, मुद्दा हाल्ने, जेल वा हिरासतमा कैद गर्ने जस्ता कठपुतली सरकारको अत्यन्त निरंकुश कार्यको महासंघ घोर भत्सर्ना गर्दै चुनाव बहिष्कारको प्रचारका क्रममा गिरफ्तार गरिएका सबैलाई विना सर्त ससम्मान अविलम्ब रिहा गर्न जोरदार माग गर्दछ ।

८. चुनाव नजिकिँदै गएपछि पेट्रोलियम पदार्थको अभाव सिर्जना गर्ने, सबै खाद्य पदार्थको भाउ बढाई जनताको ढाड सेक्ने र काला बजारियाहरूलाई पोस्ने सरकारी नीतिको महासंघ घोर भत्सर्ना गर्दै पेट्रोलियम पदार्थ लगायत खाद्य सामाग्रीलाई सर्वसुलभ र भाउ तत्काल नियन्त्रण गर्न हाम्रो महासंघ जोडदार माग गर्दछ ।

९. मुकुम्लुङमा बनाउने भनिएको केवलकारको योजना तुरुन्त खारेज गरी मुकुम्लुङमा संघर्षरत जनताको माग तुरुन्त संबोधन गर्न महासंघ जोडदार माग गर्दछ ।

१०. सहकारी पिडित, लघुवित्त पिडितहरूलाई अविलम्ब न्याय दिलाई पिडकहरूलाई तुरुन्त कारवाही गर्न महासंघ जोडदार माग गर्दछ ।

११. सन् १९५० लगायत नेपाल भारत विचमा भएका सबै असमान सन्धी सम्झौताहरू खारेज गरी नेपाल भारत विचको खुला सिमाना तत्काल नियमन गर्न महासंघ जोडदार माग गर्दछ ।

## रास्वपा...

जम्काभेटको बेला उम्मेदवार खनालले "बहिष्कारबादी साथीहरू सङ्ग भेट गर्न पाउनु खुसीको कुरा" भन्ने प्रतिक्रिया दिए । तर आफु र रास्वपाको लागि बहिष्कार पक्षधर संग मत भने उनले मागेनन् । खनाल भर्खर काङ्ग्रेस परित्याग गरेर रास्वपाबाट टिकट लिएका नेता हुन् । उनलाई रास्वपाका सङ्गठनकर्ता जिल्लास्तरका नेता कार्यकर्ताले 'हाम्रो भाग खोस्न' अन्तिम आवरमा प्रबेश गरेको काङ्ग्रेस नेता भन्दै आलोचना गर्दै आएको चर्चा छ । उनले पार्टी छाडेपछि यसबेला नवलपरासीको क्षेत्र नम्बर १ मा काङ्ग्रेस परित्याग गर्नेहरूको लर्को नै लागेको छ ।

## आदिवासी...

क.सीताराम तामाङबाट मैनबत्ती बालेर गरियो र उहाँबाट आदिवासी जनजातिमाथिको उत्पीडन र मुक्तिका लागि सबै उत्पीडित आदिवासी जनजाति एक भएर संघर्ष गर्नु पर्ने कुरामा जोड दिदैं राष्ट्रिय भेला भव्यताका साथ सफल होस् भनी शुभकामनासहित उद्घाटन मन्तव्य दिइयो । त्यसै गरी विशेष अतिथीको स्थानबाट क्रान्तिकारी कम्युनिष्ट पार्टीका स्थायी समितिका सदस्य क. सन्त बहादुर नेपाली लगायत अन्य जनवर्गीय संगठनबाट उपस्थित अतिथी कमरेडहरूबाट पनि भेलाको सफलताको शुभकामना मन्तव्य दिइयो । भेलाको अध्यक्षता महासंघका अध्यक्ष क.पवन मान श्रेष्ठ र संचालन कोषाध्यक्ष क. भरत बुर्जा र स्वागत मन्तव्य सचिव क. शिव श्रेष्ठबाट गरियो ।

२. क कमल थारुको अध्यक्षतामा बनेको ५ जनाको अध्यक्ष मण्डलका सदस्यहरू क. सुरेश श्रेष्ठ, क. श्याम कुमाल, क. तेज कुमारी थापा र क. बाबुलाल लोप्चनद्वारा पालै पालो बन्द सेसन संचालन गर्ने काम भएको छ ।

३. राष्ट्रिय भेलाको बन्द सेसनमा उपस्थित जातीय मोर्चाहरूबाट ती जातिका समस्यालगायत संगठनात्मक रिपोर्ट राख्ने काम भयो ।

४. महासंघका अध्यक्षबाट बन्द सेसनमा प्रतिवेदन पेस गर्ने काम भयो । प्रतिवेदनमा १० वटा उपशीर्षक रहेको । प्रतिवेदनमाथि छलफल भई आएका सुझावलाई आवश्यकता अनुसार समेटिने गरी एक मतले पारित गरिएको छ ।

क. प्रतिवेदनको अन्तर्राष्ट्रिय उपशीर्षकमा विश्व बहुध्रुबीय रहेको, साम्राज्यवादी अन्तरविरोध विश्वयुद्ध हुने स्तरमा विकास नभई सकेको, साम्राज्यवाद तथा उत्पीडित राष्ट्रका जनता बीचको अन्तरविरोध नै प्रधान रहेको निष्कर्ष ।

ख. राष्ट्रिय परिस्थितिमा दलाल तथा नोकरशाही पूँजीवाद र सामन्तवादसँग नेपाली जनताको अन्तरविरोध आन्तरिक रूपमा प्रधान अन्तरविरोध रहेको । देश मुलतः नवऔपनिवेशिक अवस्थामा रहेको । साम्राज्यवादी कठपुतली सरकारद्वारा आयोजित फागुण २१ गतेको चुनाव बहिष्कार गरी स्वाधीन संयुक्त सरकार निर्माणका लागि संघर्ष गर्ने ।

ग. नेपालको जातीय स्थितिमा आदिवासी जनजातिमाथिको उत्पीडन र थिचोमिचोको प्रमुख कारण आन्तरिक रूपमा सामन्ती ब्रम्हाणवाद र बाह्य रूपमा साम्राज्यवाद रहेको । उत्पीडनबाट मुक्तिका लागि आत्मनिर्णयको अधिकारको सैद्धान्तिक स्वीकृतिसहित पहिचान र सामर्थ्यका आधारमा संघीयता, स्वायत्तता तथा स्वशासनसहित प्रदेश, क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रको निर्माण गर्न संघर्ष गर्ने । यस आधारमा ११ प्रदेशसहितको संघीय राज्य निर्माण गर्ने ।


घ. भेलामा ११ आदिवासी जनजाति सहभागी रहेको र आगामी दिनमा सुचिकृत ५९ आदिवासी जनजातिलाई संगठित गर्नँ पहल गरी मजबुट संगठन निर्माण र सशक्त संघर्षको उठानको उद्देश्यसहित एक वर्षमा महासंघको राष्ट्रिय सम्मेलन गर्ने गरी क.पवन मान श्रेष्ठको संयोजकत्वमा राष्ट्रिय सम्मेलन आयोजक समिति निर्माण गरिएको छ ।

ङ. भेलाद्वारा समसमायिक प्रस्तावहरू पास गरिएका छन् । जुन यसैसाथ संलग्न गरिएको छ ।

५. अन्तमा बन्द सत्र समापनपछि गगनभेदी नारासहित भेला भव्य रूपमा समापन भयो ।"

## आलोपालो

# सहिदका सपना निर्वाचनका प्रतिबद्धताले समेट्ला ?



● नारायण प्रसाद भण्डारी ●

**अहिले सम्पुर्ण पक्षलाई कुल्चेर हालसम्म जेनजी आन्दोलनको प्रतिवेदन नै सार्वजनिक गरिएन कुनै पनि दोषी अपराधी माथि कुनै प्रकारको कार्वाहीको उच्चारण सम्म गरिएन । मात्र २०८४को नियमित हुने निर्वाचन लाइ २०८२मा सारेर राष्ट्रको खरबौं ढुकुटी रित्ताउने कामलाई प्राथमिकतामा राखियो ।यसबाट देश जनता जेनजीका मर्म कुनै पूर्ण हुने देखिन्न ।नेपालमा दर्जनौ पटक चुनाव भए दर्जनौ पटक पार्टीका प्रतिबद्धता घोषणा पत्रमा सार्वजनिक भए ।**

नेपाली जनता र सहिदका सपना एउटै हुन । एउटै सपना बोकेर कसैको जीवन समाप्त भयो ।ती वीर योद्धाहरू सहिद बने ।कति बेपत्ता अगं भगं जीवन नै मर्नु न बाँच्नु भए । कसैका घर गृहस्थी सन्तान सबै तहस नहस भएर सडकमा कसैको सरणमा बाँच्न बाध्य भए ।यो सबै राज्य कै कारण यस्तो बन्यो ।ती जनता सहिद घाइते अपाङ्ग बेपत्ता सम्पूर्णको चाहना इच्छा लक्ष्य उदेश्य भनेको शान्ति सुव्यवस्था, स्वतन्त्रता, भ्रष्टाचार, रहित समाज विधिको शासन सुशासन शिक्षा स्वास्थ्य सबैको पहुचमा हुनु पर्ने एवं जनताको कानुन निमार्ण गरेर देशलाइ समृद्ध बनाउँने इच्छा आकाक्षा र सपना बोकेर टाउँकामा कफन बाधेर युद्ध मैदानमा जीवनको कुनै प्रवाह नमानी दर्जनौं पटक आन्दोलन जनआन्दोलन जनयुद्ध विद्रोह लगाएतका संघर्षमा लामबद्ध भए। जुन सुकै संघर्ष आन्दोलन मा जनताका छोरा छोरी नेपाल आमाका सन्तान हरूले ज्यान गुमाएका छन। त्यसरी जीवन आहुति गर्ने वीर योद्धाहरूलाई सहिद घोषणा गर्न समेत सत्ताका मालिकहरूलाइ फेरि अर्को दबाब दिनु पर्ने ।अझ कसै कसैले त जेनजी विद्रोहमा र जनयुद्धमा ज्यान गुमाउने महान सहिदको रगत लाइ महिलाको महिनावारी सँग तुलना गर्न सम्म पछि परेनन्। भने कल्पना गरौं अहिलेको निर्वाचनका प्रतिबद्धताले ती वीर योद्धा सहिद र आम नेपाली जनताका सपना पुरा होलान ?देश अहिले गन्जागोल भद्रगोल अर्कमण्यतामा फसेको छ ।यस्तो अवस्थामा हुने निर्वाचनले देश र जनताका सयस्या हल हुन सक्लान ?अहिले नेपाली जनता एवम् देशकै अवस्था कुन अवस्थामा छ ?संसदीय व्यवस्थाका ठेकदारहरूले सबै बिर्सिएर सहदको रगत एवम् वलिदानीको मुल्य मान्यता र सहिदका सपना बेवारिसे भए ।सहिद परिवार ,बेपत्ता परिवार, घाइते, अपांगहरूको अवस्था गुमनाम छन् । यी दलाल भ्रष्टाचारीको व्यभिचार ,लाचार ,बेइमानी, झुट, अवसरवाद, नातावाद, कृपावादको चरम वदमासीको कारण जेनजी आन्दोलन जन्म्यो । उनीहरूका माग देश र जनता एवम् सहिदका सपना सँग नै मिल्दा जुल्दा थिए ।अर्को महत्व पूर्ण पक्ष सामाजिक सन्जाल बन्द गरिनु हुदैन भन्ने लगाएत मागहरू चिन्ताका साथ उठाइएको आन्दोलन दलाल भ्रष्ट विचौलिया देशी शिदेशी अपराधी (र) साम्राज्यवादको षडयन्त्रमा संसारकै सुन्दर देश खरानी बनाइयो ।खरबौको क्षति भयो आन्दोलनमा एउटै समयमा एउटै कारणमा सहिद हुनेहरू माथि विभेदीकरण गरेर ठूलो अन्याय गरियो ।कसैलाईपेन्सन कसैलाई जीवनभरको पीडामा बाँच्न पर्ने गराइयो । अहिले

*बाँकी ७ पेजमा*


## निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं

- गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन
- कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेनस- एआई)को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हट स्पिच)जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन ।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा सन्सन गर्न र गराउन हुँदैन ।
- निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुठा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन ।
- एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्ध कुनै पनि श्रव्य वा श्रव्यदृश्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन ।
- निर्वाचन आचारसंहिता उल्लंघन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन बोर्डमा उजुरी गरौं ।

**निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं ।**

नेपाल सरकार

विज्ञापन बोर्ड


# ३१ औं जनयुद्ध दिवसमा क्रान्तिकारी कम्युनिस्ट पार्टीद्वारा वक्तव्य जारी : देशद्रोही सरकार खारेजीको लागि निर्वाचन सशक्त रूपमा बहिस्कार गर्न आव्हान

काठमाडौं । ३१ औं महान जनयुद्ध दिवसमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले ऐतिहासिक महत्वको वक्तव्य जारी गर्दै आगामी कथित संसदीय निर्वाचन सशक्त रूपमा बहिष्कार गर्न र स्वाधीन संयुक्त सरकार गठनका लागि आधार निर्माण गर्न सम्पूर्ण देशभक्त शक्तिहरूमा हार्दिक आह्वान गरेको छ ।

पार्टीका महासचिव गौरवले जारी गरेको वक्तव्यमा भनिएको छ, "राष्ट्रिय स्वाधीनताको हिसाबले नेपाल यति गम्भीर स्थितिमा आजसम्म कहिल्यै पुगेको थिएन। देशको अस्तित्वनै खतरामा परेको आजको स्थितिमा यो देशद्रोही सरकारको खारेजी र पार्टीले अगाडि सारेको सम्पूर्ण देशभक्त, प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारीहरूका बीचको राष्ट्रिय राजनीतिक सम्मेलन, संयुक्त मोर्चा निर्माण, स्वाधीन संयुक्त सरकारको गठन र जनसंविधानको निर्माण गरी अग्रगमनको मार्ग प्रसस्त गर्नु आजको एकमात्र विकल्प हो ।"

***यस्तो छ वक्तव्यको पूर्णपाठ :***

***एकतीसौं जनयुद्ध दिवसको उपलक्ष्यमा***

***प्रेस-वक्तव्य***

आजभन्दा ठीक तीस वर्ष पहिला थालनी गरिएको जनयुद्ध आज २०८२ फागुन १ गते एकतीसौं वर्षमा प्रवेश गरेको छ। यस उपलक्षमा हामी देशभर जनयुद्ध दिवश मनाउन गइरहेको छौं। यो ऐतिहासिक दिनमा हाम्रो पार्टी नेपाली क्रान्तिको प्रक्रियामा सहादत प्राप्त गर्ने सम्पूर्ण अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ, वेपत्ता, घाइते तथा अपाङ्ग योद्धाहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछ र नेपाली जनताले प्रस्तुत गरेका अपूर्व त्याग, वीरता र बलिदानको संस्मरण गर्दछ। साथै, सहिद तथा बेपत्ता योद्धाका परिवारजन, सम्पूर्ण पार्टी सदस्य कमरेडहरू, समर्थक एवम् शुभेच्छुकहरू, आदरणीय जनसमुदाय र भाइचारा पार्टी तथा अन्तर्राष्ट्रिय सर्वहारा वर्गमा हार्दिक शुभकामना सहित लाल सलाम गर्दछ।

आन्तरिक रूपमा सामन्तवाद एवम् दलाल तथा नोकरशाही पुँजीवाद र वाह्य रूपमा साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद हुँदै साम्यवादको दिशामा अघि बढ्ने अठोटका साथ उद्घोष गरिएको महान् जनयुद्धले नेपालमात्र होइन विश्वभर क्रान्ति र परिवर्तनको नयाँ सन्देश प्रवाहित गरेको थियो । विश्व साम्राज्यवादका नाइकेहरू र तिनका कठपुतली नेपाली प्रतिक्रियावादी वर्ग यस महान् जनयुद्धबाट आतङ्कित भएका थिए। तर विडम्बना, पार्टीको मूल नेतृत्वबाट क्रान्तिप्रति भएको गम्भीर विश्वासघात र गद्दारीका कारण नेपाली क्रान्ति प्रतिक्रान्तिमा बदलिएको छ। हिजो विश्व साम्राज्यवादलाई चुनौती दिन सक्षम जनयुद्ध आज इतिहासको विषय बनेको छ, त्यसका प्रमुख नेता साम्राज्यवादको मतियारा बनेका छन् । यो आजको तीतो यथार्थ हो ।


ऐतिहासिक जनयुद्धको जग र जनआन्दोलनको बलमा नेपाली जनताले प्राप्त गरेका सीमित लोकतान्त्रिक अधिकारहरू खोसिँदै गएका छन् । देशमा व्यापार घाटाले आकाश छोएको छ र आर्थिक सङ्कट गम्भीर छ। देशको अर्थतन्त्र विप्रेषणबाट धानिएको छ। आम बेरोजगारी र अनियन्त्रित महङ्गीका कारण श्रमजीवी मजदुर, किसान, न्यूनवैतनिक कर्मचारी हातमुख जोड्ने समस्याले पीडित छन् भने सत्ताको आडमा देशको दोहन गर्ने एउटा सानो गिरोह अकुत सम्पत्तिको मालिक बनेको छ। भ्रष्टाचार, कालो बजारी, मिटरब्याजी शोषण, सहकारी ठगी व्याप्त छ। उत्पादक किसानहरूका लागि लगानी उठाउन गाह्रो भइरहेको छ भने बिचौलियाहरू मालामाल भएका छन् । यी यावत् समस्याका जगमा तत्कालीन ओली नेतृत्वको गठबन्धन सरकारले गरेको डिजिटल मिडियामाथिको प्रतिबन्धका कारण विष्फोट भएको जेनजी विद्रोहलाई अमेरिकी साम्राज्यवादका दलालहरूद्वारा अपहरण र सुशीला कार्की नेतृत्वको कठपुतली सरकारको गठन गरिए पछि आगामी फागुन २१को कथित संसदीय निर्वाचनको घोषणा भएको छ ।

यो संसदीय निर्वाचन संसदवादी पार्टीका परीक्षित पुराना दलालहरू र जेनजी विद्रोहको प्रक्रियाबाट पैदा गरिएका नयाँ दलालहरूलाई वैधानिक ढङ्गबाट सत्तारोहण गराउने अमेरिकी साम्राज्यवादको पछिल्लो कडी हो। यो निर्वाचन आफ्ना भरपर्दा दलालहरू मार्फत् नेपालको सम्पूर्ण राज्यसत्ता नियन्त्रणमा लिने, नेपाललाई एसपीपी लगायतका सैन्य गठबन्धनमा समावेश गराउने र नेपाली भूमिमा सैन्य अखडा निर्माणगरी चीनलाई घेराबन्दी गर्ने अमेरिकी साम्राज्यवादको दीर्घकालीन रणनीतिमा आधारित छ। यो कठपुतली सरकार पञ्चशीलको सिद्धान्त र देशले आजसम्म मान्दै आएको असंलग्न परराष्ट्र नीतिका विरुद्ध अमेरिकी रणनीतिलाई कार्यान्वयन गराउन तयार पारिएको छ ।

राष्ट्रिय स्वाधीनताको हिसाबले नेपाल यति गम्भीर स्थितिमा आजसम्म कहिल्यै पुगेको थिएन। देशको अस्तित्वनै खतरामा परेको आजको स्थितिमा यो देशद्रोही सरकारको खारेजी र पार्टीले अगाडि सारेको सम्पूर्ण देशभक्त, प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारीहरूका बीचको राष्ट्रिय राजनीतिक सम्मेलन, संयुक्त मोर्चा निर्माण, स्वाधीन संयुक्त सरकारको गठन र जनसंविधानको निर्माण गरी अग्रगमनको मार्ग प्रसस्त गर्नु आजको एकमात्र विकल्प हो। यो स्थितिमा आगामी कथित संसदीय निर्वाचन सशक्त रूपमा बहिष्कार गर्न र स्वाधीन संयुक्त सरकार गठनका लागि आधार निर्माण गर्न हाम्रो पार्टी सम्पूर्ण देशभक्त शक्तिहरूमा हार्दिक आह्वान गर्दछ ।

मति : २०८२ फागुन १

*गौरव*
*महासचिव*



संसारका मजदुर तथा उत्पीडित जनता एक होऔं !

मार्क्सवाद-लेनिनवाद-माओवाद- जिन्दावाद !

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल

Revolutionary Communist Party of Nepal

केन्द्रीय समिति

Central Committee

पत्र संख्या/Serial No.
चलानी नं./Regd. No.

मिति : ..............................

**एकतीसौं जनयुद्ध दिवसको उपलक्ष्यमा**
**प्रेस-वक्तव्य**

आजभन्दा ठीक तीस वर्ष पहिला थालनी गरिएको जनयुद्ध आज २०८२ फागुन १ गते एकतीसौं वर्षमा प्रवेश गरेको छ। यस उपलक्षमा हामी देशभर जनयुद्ध दिवश मनाउन गइरहेको छौं । यो ऐतिहासिक दिनमा हाम्रो पार्टी नेपाली क्रान्तिको प्रक्रियामा सहादत प्राप्त गर्ने सम्पूर्ण अमर सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ, बेपत्ता, घाइते तथा अपाङ्ग योद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गर्दछ र नेपाली जनताले प्रस्तुत गरेका अपूर्व त्याग, वीरता र बलिदानको संस्मरण गर्दछ । साथै, सहिद तथा बेपत्ता योद्धाका परिवारजन, सम्पूर्ण पार्टी सदस्य कमरेडहरु, समर्थक एवम् शुभेच्छुकहरु, आदरणीय जनसमुदाय र भाइचारा पार्टी तथा अन्तर्राष्ट्रिय सर्वहारा वर्गमा हार्दिक शुभकामना सहित लाल सलाम गर्दछ ।
आन्तरिक रुपमा सामन्तवाद एवम् दलाल तथा नोकरशाही पुँजीवाद र वाह्य रुपमा साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवाद हुँदै साम्यवादको दिशामा अघि बढ्ने अठोटका साथ उद्घोष गरिएको महान् जनयुद्धले नेपालमात्र होइन विश्वभर क्रान्ति र परिवर्तनको नयाँ सन्देश प्रवाहित गरेको थियो । विश्व साम्राज्यवादका नाइकेहरु र तिनका कठपुतली नेपाली प्रतिक्रियावादी वर्ग यस महान् जनयुद्धबाट आतङ्कित भएका थिए । तर विडम्बना, पार्टीको मूल नेतृत्वबाट क्रान्तिप्रति भएको गम्भीर विश्वासघात र गद्दारीका कारण नेपाली क्रान्ति प्रतिक्रान्तिमा बदलिएको छ। हिजो विश्व साम्राज्यवादलाई चुनौती दिन सक्षम जनयुद्ध आज इतिहासको विषय बनेको छ, त्यसका प्रमुख नेता साम्राज्यवादको मतियारा बनेका छन् । यो आजको तीतो यथार्थ हो ।
ऐतिहासिक जनयुद्धको जग र जनआन्दोलनको बलमा नेपाली जनताले प्राप्त गरेका सीमित लोकतान्त्रिक अधिकारहरु खोसिँदै गएका छन् । देशमा व्यापार घाटाले आकाश छोएको छ र आर्थिक सङ्कट गम्भीर छ । देशको अर्थतन्त्र विप्रेषणबाट धानिएको छ । आम बेरोजगारी र अनियन्त्रित महङ्गीका कारण श्रमजीवी मजदुर, किसान, न्यूनवैतनिक कर्मचारी हातमुख जोड्ने समस्याले पीडित छन् भने सत्ताको आडमा देशको दोहन गर्ने एउटा सानो गिरोह अकुत सम्पत्तिको मालिक बनेको छ । भ्रष्टाचार, कालो बजारी, मिटरब्याजी शोषण, सहकारी ठगी व्याप्त छ । उत्पादक किसानहरुका लागि लगानी उठाउन गाह्रो भइरहेको छ भने बिचौलियाहरु मालामाल भएका छन् । यी यावत् समस्याका जगमा तत्कालीन ओली नेतृत्वको गठबन्धन सरकारले गरेको डिजिटल मिडियामाथिको प्रतिबन्धका कारण विष्फोट भएको जेनजी विद्रोहलाई अमेरिकी साम्राज्यवादका दलालहरुद्वारा अपहरण र सुशीला कार्की नेतृत्वको कठपुतली सरकारको गठन गरिए पछि आगामी फागुन २१को कथित संसदीय निर्वाचनको घोषणा भएको छ ।
यो संसदीय निर्वाचन संसदवादी पार्टीका परीक्षित पुराना दलालहरु र जेनजी विद्रोहको प्रक्रियाबाट पैदा गरिएका नयाँ दलालहरुलाई वैधानिक ढङ्गबाट सत्तारोहण गराउने अमेरिकी साम्राज्यवादको पछिल्लो कडी हो । यो निर्वाचन आफ्ना भरपर्दा दलालहरु मार्फत् नेपालको सम्पूर्ण राज्यसत्ता नियन्त्रणमा लिने, नेपाललाई एसपीपी लगायतका सैन्य गठबन्धनमा समावेश गराउने र नेपाली भूमिमा सैन्य अखडा निर्माणगरी चीनलाई घेराबन्दी गर्ने अमेरिकी साम्राज्यवादको दीर्घकालीन रणनीतिमा आधारित छ । यो कठपुतली सरकार पञ्चशीलको सिद्धान्त र देशले आजसम्म मान्दै आएको असंलग्न परराष्ट्र नीतिका विरुद्ध अमेरिकी रणनीतिलाई कार्यान्वयन गराउन तयार पारिएको छ ।
राष्ट्रिय स्वाधीनताको हिसाबले नेपाल यति गम्भीर स्थितिमा आजसम्म कहिल्यै पुगेको थिएन । देशको अस्तित्वनै खतरामा परेको आजको स्थितिमा यो देशद्रोही सरकारको खारेजी र पार्टीले अगाडि सारेको सम्पूर्ण देशभक्त, प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारीहरुका बीचको राष्ट्रिय राजनीतिक सम्मेलन, संयुक्त मोर्चा निर्माण, स्वाधीन संयुक्त सरकारको गठन र जनसंविधानको निर्माण गरी अग्रगमनको मार्ग प्रसस्त गर्नु आजको एकमात्र विकल्प हो । यो स्थितिमा आगामी कथित संसदीय निर्वाचन सशक्त रुपमा बहिष्कार गर्न र स्वाधीन संयुक्त सरकार गठनका लागि आधार निर्माण गर्न हाम्रो पार्टी सम्पूर्ण देशभक्त शक्तिहरुमा हार्दिक आह्वान गर्दछ ।
मति : २०८२ फागुन १

गौरव
महासचिव






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**ः जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail .com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।